# ब्रह्मवाद

# शून्यवाद

# र

# मार्क्सवाद

तुल्सीलाल अमात्य

**प्रकाशक:**

तुल्सीलाल स्मृति प्रतिष्ठान
च्यासल, ललितपुर, नेपाल

| | | |
|---|---|---|
| फोन | : | ०१५४४६४७५ |
| इमेल | : | info@tlmf.org.np |
| च्वमि | : | तुल्सीलाल अमात्य |
| नेपालीइ भाय्‌हिउम्ह | : | स्नेह साय्‌मि |
| मुंम्ह | : | प्रतिभा श्रेष्ठ |
| टाईप | : | राजेश बज्राचार्य |
| संस्करण | : | न्हापांगु २०८० |
| प्रति | : | २००० |
| द्यवः | : | कुनल .. |
| पृष्ठ समा | : | निर बहादुर मिजार |
| मू | : | २०० तका /– |


*अनुमति मकासे सफूया छुं छुं अंश वा पुवंक पिथनेगु, फोटोकपि यायेगु वा थ्व सफूया लिधंसा कयाः  छुं नं श्रब्यदृष्य सामग्री दयेकेगु याये दइमखु । स्वीकृति बिनां यात धाःसा नेपाःया कानून बमोजिम कारबाही जुइ ।*



# प्रकाशकीय

जननायक तुल्सीलाल अमात्यजुं ब्रम्हवाद, शून्यवाद व मार्क्सवादया तुलनात्मक अध्ययन यानादिल, अले थ्व स्वंगुलिं दर्शनं मानवहीतया लागिं गथे याना: छ्यलेफइ धैगु थ:गु विचा: व दृष्टिकोण थ्व ता:हाक:गु च्वसुइ च्वयादीगु दु ।

थ्व च्वसु वि.सं २०४५ अर्थात् ने.सं सालय नेपालभाषां पिदनीगु पत्रिका 'गथु'या लागिं पत्रकारयागु हे इनापय् च्वयादीगु ख: । जननायक तुल्सीलाल अमात्यजुया निधन जूगु यक्व लिपा वि.सं २०८० बैशाख अर्थात् ने.सं. .........पाखे वय्क:या त:धिक:म्ह म्ह्याय् प्रतिभा श्रेष्ठजुं थ्व च्वसु जित: बिया: छापय् यायेत इनाप यानादिल । थ्व च्वसु ब्वना, बांला: ताल । थ्व च्वसु संकलन यायेगु महत्वपूर्ण ज्याया नितिं प्रतिभा श्रेष्ठजु व टाइप यानादीगुया निति राजेश बज्राचार्यजु यात यक्व यक्व सुभाय् देछाया ।

प्रगतिशील साहित्यकार स्नेह साय्मिजुयात प्रतिष्ठानया ज्याकुथिइ स:ता: थ्व च्वसु नेपालभाषां नेपालीइ अनुवादया निंतिं इनाप याना: । वय्कलं वि.सं. २०८० साल जेठ अर्थात् ने.सं दुने अनुवाद याना: जित: बियादिल । नेपालभाषा मू प्रतिया शुध्दाशुध्दी रमेशकाजी स्थापितजुं व नेपाली भाषाया शुध्दा शुध्दी श्री शार्दुल भट्टराइजुं यानादिल । स्नेह साय्मिजुं जिगु इनाप स्वीकार याना: अनुवादकया च्वसा धैगु ब:चाहाक:गु मन्तब्य च्वयादिल । नेपालभाषाया मू: प्रति व स्नेह साय्मिजुं भाय् हिलाबियादीगु कथं नेपाली भाषाय् अनुवाद प्रति पिथनागु जुल ।

थ्व ता:हा:क:गु च्वसुयात व्यवस्थित सफूया रुपय् पिथनेत, शब्द व वाक्यया शुध्दाशुध्दी स्वयेत ग्वाहालि यानादीम्ह जननायक तुल्सीलाल अमात्यजुया जेठाम्ह काय्भाजु तुल्सीलाल अमात्य प्रतिष्ठानया संरक्षक डा. दिवस अमात्य व कभर डिजाईनया नितिं सुझाव बियादीम्ह कान्छाम्ह काय्भाजु इन्जिनियर संजय अमात्यजुयात दुनुगलंनिसें सुभाय् देछायाच्वना ।

तुल्सीलाल अमात्य प्रतिष्ठानं जननायक तुल्सीलाल अमात्यजुयागु थ्व महत्वपूर्ण च्वसु निगुलिं भासं पिथने दया: तसकं लय्ता:लिसें गौरव तायेकाच्वनागु दु ।

**गोपाल शाक्य**
**अध्यक्ष**
**तुल्सीलाल स्मृति प्रतिष्ठान**

## संरक्षकया पाखें

थ्व सफू संयोगवश तयार जुगु खः । कोठा दुगु भ्वं व सफूत मिले यानाबले झिगु नम्बर निसें च्वयातगु भ्वंया फाईल लुयावल । ब्वना स्वयां , छगु बिषयलय् गहन रुपं दार्शनिक बिश्लेषण यानातगु थें ताल । तर थ्व हे विषय ख धका धाय मफुत । छायधासा व फाइलय् शुरुया वा अन्तया पाना त हे मरु ।

कोठा सफा याय्गु क्रमय् छुँ लय्लिपा हाकनं छगु फाइल लुयावल । व फाइलय् न्हापांगु फाइलया भ्वंनापं मिले जुगु शुरु व अन्तिम पाना त लुयावल । व पाना यात क्रमबध्द रुपं स्वयाबले थ्व लेखया छगु सफू हे तयार जुइगु खने दत । थथेयाना थुकीया छगु सफू हे तयार जुइगु खने दसेंलि जिगु लयताया सीमा हे मन्त । **(प्रतिभा श्रेष्ठ म्ह्याय्)**

थ्व सफू ब्रम्हवाद शून्यवाद व मार्क्सवाद तयार याय् त  संकलनया लागिं हे प्रतिभा श्रेष्ठजुया गुलां मयाक अथक परिश्रम याना दिगु दु । थ्व सफू सैध्दान्तिक वा दार्शनिक रुपं छगु न्हुगु आयाम ख । थ्व इलय् हस्तलिखित भ्वं स्वया टाइप याना ग्वहाली याना दिम्ह भाजु राजेश बज्राचार्यजुयागु नं अतुलनीय योगदान दु ।

थ्व नेपाल भाषां च्वयातगु सफू ख । साहित्यकार स्नेह साय्मि भाजुं नेपाल भाषां नेपाली अनुवाद याना दिल । अनुवादक भाजुं लेखकयागु शैलीयात यथावत तया अनुवाद यानादिल । व नं छगु तधंगु उपलब्धि ख । थगु अमूल्य इ बिया अनुवाद याना दिगुया लागिं साहित्यकार स्नेह साय्मि भाजुयात मुरी मुरी सुभाय् देछाना ।

थ्व सफूसं **शुन्यबाद** व **ब्रह्मवाद** धैगु छु धका  ब्याख्या यानातगु दु । मार्क्सया दर्शनयात  शुन्यबाद व ब्रह्मवाद दर्शननाप तुलना यानातगु दु ।  समाजय जि **छुं हे मखु जि शून्य खः** सम्पूर्ण खं त्याग  याय्मा धैगु भावना कया साधु वा ब्रह्मचर्य जूइधुन धका  समाजं  अलग जूइगु व परिवार व समाज प्रति छुँ हे  उत्तरदायित्व मदु धैगु भावना गलत ख । थुकीया  असली रुप छु ख व छु याय्मा धैगु ख व्याख्या यानातगु दु ।

**ब्रह्मवाद** व **शुन्यवादं** कल्पना यागु सिद्धान्तयात समाज व मानव कल्याणया हितया लागिं प्रयोग मयासे थुकीया सिद्धान्तकारत **द्यो दयका पुजा यायगु** व वयक्पिन्सं च्वयातगु सफूयात भाग्यायायगुलिं जक सिमित यात धासा समाजय विभिन्न वर्गत दयका क्वथ्यायथु नं ज्या जुल । थ्वहे सिध्दान्तयात कालमार्क्सं आधुनिक समाजय् इ अनुसार ब्याख्या याना मार्क्स भाजुं थगु विचारधारा/दर्शन तयार यानादिल ।

समाजय् जुइगु शोषणया मूख्य आधार छु ख ? थुकीयात गथेयाना समाप्त याय फई धका ब्याख्या याना दिल ।

थुकथं शिव, श्रीकृष्ण व बुद्धया सिद्धान्तत व उपदेशयात काल मार्क्सया दर्शननाप मिलययाना मानव कल्याण व शोषणरहित समाज गथेयाना स्थापना याय फइ धका **दकसे न्हापां सैद्धान्तिरुपं ब्याख्या** यानादिम्ह दार्शनिक व्यक्ति हे दिवंगत तुल्सीलाल अमात्यजु खः ।

थ्व सफू नेपाली भाषं अनुवाद जुइधुंका भाषा शुद्धशुद्धी सैद्धान्तिक व दर्शन पक्ष पायछि जु की मजु धका स्वयगु व सुधार यायगु अवसर जिं नं कया ॥

थ्व सफूया प्रकाशन तुल्सीलाल स्मृति प्रतिष्ठानं यायत्यगु दु । थुकीया लागिं प्रतिष्ठानया अध्यक्ष श्री गोपाल शाक्यजुयात जि व जिगु परिवारयापाख हार्दिक आभार व्यक्त याना ।

**डा. दिवस अमात्य**
**संस्थापक, संरक्षक तुल्सीलाल**
**स्मृति प्रतिष्ठान**

# अनुवादकया च्वसां

- श्रध्देय कमरेड तुल्सीलाल अमात्य छगु ईया होनहार अध्ययनशील व जुझारु नेता खः । वय्कःनाप जुयादीपिं, वय्कःया जीवन दुनेंनिसें थूपिं, वय्कःयात ग्वाहालि याःपिं मनूत अझ न दनि ।

- नेपाःया राजनैतिक व सामाजिक यात्रा यक्व हे न्ह्याः वने धुंकल । राजनीति, समाज, प्रविधि, सञ्चार व शिक्षां न्हूपिं युवातय्गु सोच र सम्भावनायात न्हूगु बिधि व स्वरुपय् न्ह्याः वनाच्वंगु दु ।

- पुलांगु इलय् पुलांपि नेतातय्सं यानावंगु अमूल्य जीवन यात्रा, ज्यानया बाजी, अध्ययन व संघर्ष तसकं अतुलनीय । समाज थौंकन्हय् थें न सहज दु न अःपुक म्वाये खँ । अपाय्च्वः कष्टकर जीवन म्वानाः नं लोककल्याणया लागिं गथे यानाः जनतायात दीक्षित यायेगु धैगु वय्कलं कयादीगु लक्ष्य झीगु लागिं आः नं उदाहरणीय दु । थ्व खँ झी व झी धुंकाःया पुस्तां नं अध्ययन व मनन यायेमाः ।

- देश व जनतया लागिं भौतिक रुपय् थःहें लगे जुइगु लोककल्याणया दार्शनिक स्वरुप थुइकाः बिश्लेषण मिहीन रुपय यायेगु जननायक कमरेड तुल्सीलाल अमात्यजुया बिशेषता खः । थ्व च्वसुइ वय्कलं नेपाः देय् दुने प्राचीन कालंनिसें वर्तमानतक, विविध दर्शनया माध्यमं लोककल्याणया उद्देश्य तयाः ब्रम्हवाद , शून्यवाद व मार्क्सवादया ब्याख्या यानादीगु दु ।

- थ्व च्वसुया अनुवादयालिसें जिं न्हूगु ज्ञान प्राप्त यायेगु अवसर कया । नेपालभाषां नेपालीइ अनुदित थ्व च्वसु तसकं ज्ञानबर्धक र मार्गनिर्देशक जुइ धैगु मनंतुनागु दु ।

- अनुवादया लागिं अवसर बियादीगुलिं तुल्सीलाल अमात्य स्मृति प्रतिष्ठानया नायो श्रध्देय कमरेड गोपाल शाक्यजु व प्रतिष्ठान परिवारयात दुनुगलंनिसें सुभाय् देछाया ।

- थ्व सफू अनुवादया सिलसिलाय् हनेबहपिं  रमेशकाजी स्थापितजु, शार्दुल भट्टराईजु, दिवस अमात्यजु, सन्जीव अमात्यजु प्रतिष्ठानया सचिव विष्णु पोखरेलजु व मय्जु प्रतिभा श्रेष्ठजुयात नं यक्व यक्व सुभाय् देछाना ।

**स्नेह सायमि**
**रातोघर, रबिभवन,काठमाडौं ।**
**snehsayami@gmail.com**

# ब्रह्मवाद, शून्यवाद र मार्क्सवाद

**तुल्सीलाल अमात्य**

गथु (नेपालभाषाको एक स्थापित पत्रिका) मार्फत मलाई **ब्रह्मवाद**, **शून्यवाद** र **भौतिकवाद** विषयमा एउटा लेख लेख्ने अनुरोध प्राप्त भयो । **भौतिकवाद** र **मार्क्सवादमा** अन्तर रहेको कारणले मैले विषयवस्तु र शीर्षक दुवैमा **मार्क्सवादसँग** जोडेर यो लेख लेख्ने प्रयत्न गरेको छु ।

**भौतिकवाद** मात्रको सिधा अर्थ **यान्त्रिक भौतिकवाद** हुनजान्छ जबकि मार्क्सवाद **यान्त्रिक भौतिकवादको** विरोधी हो । मार्क्सका साथी एङ्गेल्सले यान्त्रिक भौतिकवादलाई अमानुषिक (निर्दयी) भन्नुभएको छ । **यान्त्रिक भौतिकवाद** भनेको **पुँजीवादी भौतिकवाद** हो । त्यसैले एक हिसाबले पुँजीपति वर्ग भौतिकवादी हुन् भने, अर्को हिसाबले उनीहरूले मान्छेलाई पनि यन्त्र नै मानेर श्रमजीवी वर्गप्रति कुनै दयामाया नराखीकन काममात्र लिने गर्छन् । मेसिन बिग्रेला कि भनेरचाहिँ चिन्ता लिन्छन् तर काम गर्ने मान्छे मरे पनि उनीहरू मतलब गर्दैनन् किनकि मान्छे मऱ्यो भने मेसिनजस्तै फेरि किन्नु पर्दैन, मृत मान्छेको बदलामा अर्को जिउँदो मान्छे किन्नै नपर्ने गरी काम गर्न आइपुग्छ ।

त्यसकारण मार्क्सवाद यस प्रकारको **यान्त्रिक भौतिकवाद** होइन बरु **द्वन्द्वात्मक भौतिकवाद** हो, अमानुषिक भौतिकवादी सिद्धान्त होइन । मान्छेको सुख, दुःख र चेतनालाई मान्यता दिई के गर्दा मानव जीवन सुखी हुन्छ भन्ने चिन्तनसहित मान्छेले सुखशान्तिका साथ बाँच्नका लागि केके गर्दा समाज गतिशील हुन्छ भनेर उपाय खोज्ने बाटो नै **द्वन्द्वात्मक भौतिकवाद** हो ।

एकातिर **भौतिक पदार्थ** छ भने अर्कोतिर **चेतना** पनि छ । सोभियत सङ्घका एक वैज्ञानिकले भनेका छन् कि प्राकृतिक रूपमैं मान्छे स्वयम् चेतनशील छ । मान्छेमा चेतना हुन्छ नै तर चेतनाको आधार भने भौतिक

पदार्थ नै हो । भौतिक पदार्थविना चेतना रहँदैन । पुराना दार्शनिकहरूले मान्छेको चेतनालाई पिँजडाभित्रको चरा तथा भौतिक शरीरलाई पिँजडासँग तुलना गरेर चेतना र शरीरलाई अलग पहिचान दिएका छन् । मार्क्सवादका अनुसार चेतना र शरीर दुई अलग कुरा होइनन्, हुन सक्दैनन् । जस्तै फूलसँग सुगन्ध छ, बत्तीसँग प्रकाश छ । सुगन्ध अर्को ठाउँबाट फूलमा बस्न आएको होइन । त्यस्तै प्रकाश पनि अन्त कतैबाट आएर बत्तीमा पसेको पनि होइन । त्यसरी नै हाम्रो शरीर र **चेतना** अर्थात **आत्मा** यही शरीरकै गुण हो । त्यसकारण शरीर बिग्रेपछि हाम्रो चेतना पनि फरक हुन्छ । आत्मा अर्थात चेतना बाहिरबाट आएर बसेको हुँदो हो त पिँजडा बिग्रेपनि चरालाई केही भएको छैन भनेझैँ शरीर बिग्रेपनि चेतनामा फरक हुँदैनथ्यो । तर कुरो त्यस्तो होइन । शरीरभित्र परिवर्तन हुनासाथ चेतनामा पनि फरक पर्छ । यो शरीरलाई अय्ला अर्थात रक्सी पिलाइदियो भने चेतना पनि फरक भएर जान्छ । चेतना नभएपछि मनपरी चल्न थाल्छ । लागु औषध प्रयोगकर्ताहरूको त चेतना नै नाश हुन्छ । कारणवश शरीर वा मगजमा चोटपटक लाग्यो भने उसको चेतना पनि तलमाथि हुन्छ । दुईजना मान्छेको टाउको नै साटसाट गरियो भने उनीहरूको चेतना पनि साटिन्छ । यो कुरा भ्यागुतामा प्रयोग भएको थियो । दुईवटा भ्यागुताका टाउका एकअर्कासँग साटिदिँदा त्यस्तै देखापऱ्यो । त्यसकारण हाम्रो चेतना हाम्रो शरीरबाट अलग होइन, बरु शरीरकै गुण हो ।

यतिमात्र होइन मार्क्सवादले यस समाजलाई कसरी परिवर्तन गर्ने भन्ने बाटो पनि देखाउँछ । पुराना दार्शनिकहरूले समाज भनेको परिवर्तन हुनसक्दैन, त्यही समाजमा मान्छेचाहिँ परिवर्तन हुनसक्छन् भन्ने मान्यता राख्थे । उनीहरूले संसारकै व्याख्या गर्दै गए तर यस संसारलाई कसरी परिवर्तन गर्ने भन्ने बाटो भने पहिल्याउन सकेनन् । पहिलेका दार्शनिकहरूले मान्छेको दुःखको वर्णन गर्नसक्थे, दयामाया हुनुपर्छ पनि भन्नसक्थे तर मान्छेको यो दुःख कसरी निवारण गर्ने भनेरचाहिँ भन्न सक्दैनथे ।

त्यसकारण उनीहरूले गरिबहरूलाई दान दिने, एकछाक खुवाउने, जाडोको लागि एउटा रग बाँढ्ने बाटो देखाए । तर मार्क्सवादले गरिब भन्ने नै नहुने, दान लिनै नपर्ने स्थितिको निमार्ण गर्ने, अरूले दिएको एकछाक खाएर, अरूले बाँढेको एउटा रग हात थाप्ने स्थितिमा परिवर्तन गरी आआफ्नै श्रमले सुखी हुनसक्ने, काम गर्न नसक्नेलाई र ज्येष्ठ नागरिकहरूलाई आफ्नै जहान परिवारले झैँ हेरविचार गर्ने , सबै बालबालिका तथा युवाहरूलाई शिक्षा प्रदान गर्ने र शिक्षा ग्रहणपछि कसैको खुसामदविना कामको ग्यारेन्टी हुने, कसैको चाकरी गर्न नपर्ने समाज निर्माणको बाटो देखाएको छ । यही मार्क्सवादको आधारमा आज करिब पच्चिस देशमा जनताले सुखी जीवनको सुनिश्चिततासहित आफ्नो देशको उन्नति आफैँ भोगेर गरिब र लाचार जीवन बाँच्न नपर्ने समाज स्थापित गरेका छन् । मार्क्सवादले आफ्नो गल्तीलाई पत्ता लगाएर समाजलाई अझै समृद्ध हुने बाटो देखाएको छ ।

मार्क्सवादका अनुसार हरेक वस्तुसँग राम्रा र नराम्रा दुवै कुरा हुन्छन् । त्यसैले नराम्रो पक्षलाई पन्छाएर राम्रो पक्षको विकास गर्ने बाटो मार्क्सवादले देखाउँछ । कालान्तरमा त्यही राम्रो भनिएको वस्तुमा पनि पुनः नराम्रो कुरा हुनसक्छ । त्यस्ता नराम्रा पक्षहरूलाई पन्छाउँदै फेरिफेरि राम्रो बनाउँदै लैजाने कुरा नै **द्वन्द्वात्मक भौतिकवाद** हो ।

यसको उदाहरण, प्रमाणका रूपमा सोभियत सङ्घका गोर्भाचोभले दिइरहनु भएको छ। समाजवाद राम्रो छ । यसले सबैको जीवन सुनिश्चित गराउँछ । तैपनि यहाँ पनि हुकुमशाही तरिका देखापर्नथाल्यो, प्रजातन्त्रको हनन हुनथाल्यो । यो कुरा गोर्भाचोभले देख्नुभयो । त्यसकारण उहाँले समाजवादमा देखापरेका त्यस्ता नराम्रा कुरीतिको, बेथितिको अन्त गर्ने प्रयत्न गर्नुभयो ।

मार्क्सवाद भनेको सिद्धान्तलाई कण्ठाग्र गरेर काम गर्ने विद्या नभईकन, गहिरोगरी बुझ्दै नयाँनयाँ ज्ञानबुद्धि सिर्जना गर्न सकिने विद्या हो । समाजलाई सुन्दर बनाउने, समाजमा रहने मान्छेको जीवन अझै सुखी र

सुनिश्चित बनाउने बाटो देखाउन सक्ने सिद्धान्त मार्क्सवाद हो । **मार्क्सवादी दर्शन द्वन्द्वात्मक भौतिकवाद हो । भौतिकवादमात्र होइन ।** यान्त्रिक भौतिकवाद त हुँदै होइन ।

ब्रह्मवादी र शून्यवादीहरूले संसार सपना हो भनिरहेका छन् । मार्क्सवादले संसारलाई सपना भन्दैन । यो त आफैंले बेहोर्न पर्ने विषय र वास्तविक जीवन हो भन्छ । सपना भनेको दिमागको एउटा कल्पना हो । हामीले निद्रामा हुँदा आधा दिमागले आराम गर्छ र आधाले काम गरिरहेको हुन्छ । त्यसैले त्यतिखेर पूरा चेतना हुँदैन । त्यतिबेला मगजले देखेको कुरा काल्पनिक हुन्छ । निद्रामा हुँदा हामीले साथीहरू देख्छौँ । उनीहरू हिँडिरहेका देख्छौँ । साँच्चै भन्ने हो भने त्यो बेला ती साथीहरू पनि सुतिरहेका हुनेछन् । अथवा ती साथीले पनि हामीलाई अर्कै रूपमा देखिरहेका हुन्छन् । सपनामा हामीले पहिले सुनेका र देखेका वस्तु र स्थानहरू नै देख्छौँ । कहिले राम्रोसँग , कहिले विकृत रूपमा, कहिले एउटा वस्तुसँग अर्को घटना जोडिएर देखापर्छ । अमेरिका नदेखेको मान्छेले अमेरिका देख्दैन, सुनेको आधारमा अरू नै कुरा देख्छ । त्यसैले सपना देख्नु भनेको हामीले यही संसारमा देखेको र सुनेको आधारमा विभिन्न रूपमा देखिनुमात्र हो । यो संसार भनेको हामी जन्मिनुअघि पनि थियो, हाम्रो मृत्युपर्यन्त पनि रहनेछ । फेरि एउटाले एउटा, अर्कोले अर्कै देख्ने पनि होइन । यो पृथ्वीमा अर्को ग्रहबाट आउने मान्छेले पनि त्यही देख्छ, जो हामीले देखिरहेका छौँ । त्यसैले यो विश्व-ब्रह्माण्ड सपना होइन, विपना नै हो । यहीँ सुख छ, यहीँ दुःख छ । अहिले त मान्छे आफ्नै करामतले चन्द्रमामा पनि गइसक्यो, त्यहाँको माटो पनि यहाँ ल्याइसकिएको छ । शुक्रग्रहसम्म पनि उपग्रह पठाएर हेरिसकिएको छ ।

त्यसैले यो पृथ्वी ग्रह, सूर्य, आकाशगङ्गा, विविध ग्यालक्सीहरू सबै सत्य नै हुन् । यो संसारमा भएका वस्तुहरू पनि सत्य नै हुन् । हो, यी सबै वस्तुहरू सदासर्वदाका लागि चिरस्थायी भने होइनन् ।

मान्छेको जन्म हुन्छ, केही समय व्यतीत गर्छ र मृत्यु हुन्छ । फूलको बोटमा फूल फुल्छ, सुगन्ध फैलिन्छ, एकदुई दिनमा सुकेर सकिन्छ । यसरी नै यो पृथ्वी, सूर्य, चन्द्र इत्यादिको पनि सृष्टि भयो । अरू अर्बौं वर्ष रहलान् तर सबै कुरा सधैँभरि रहँदैनन् । यो सबै प्रकृतिको नियम हो । यसो भनेर संसारमा भएका वस्तु सबै नाश हुने होइनन् । बरु रूपमात्र परिवर्तन हुने हो । पानीको फोका आयो, केही समय रह्यो, फेरि बिलायो । ती पानीका फोकाहरू संसारमा नभएका वस्तुबाट सिर्जित होइनन् । पहिलेदेखि रहेको पानीमा हावा पसेपछि पानीको फोका भयो । फेरि हराएर पनि गयो । यो भनेको जे घटना र वस्तुबाट पानीको फोका बन्यो, त्यो रहेन । पानी पानीमै मिसियो, हावा हावामै.बिलायो । पानीको फोका हरायो, तर जुन तत्वहरू मिलेर पानीको फोका बनेको हो, ती त यथावतै छन् ।

त्यस्तै माटो , हावा, ग्यास मिलेर फूल फुल्यो, सुगन्ध दियो र ओइलायो । तर जुनजुन वस्तु मिलेर त्यो फूल फुलेको हो, ती वस्तु यथावत रहेकै छन् । फूल ओइलायो । माटो हुनुपर्ने माटो भयो । हावा हुनुपर्ने हावामा मिसियो । त्यसैले यो संसार नाशवान होइन, परिवर्तनशीलमात्र हो । यो विश्व-ब्रह्माण्डमा पहिलेका जेजति वस्तुहरू छन्, ती रहिरहने छन तर तिनको स्वरूप फरक हुँदै जानेछ । कृष्णले गीतामा भनेका छन् - **ना सतो विद्यतेभावो, ना भावो विद्यते ततः ।** अर्थात, पहिले नभएको वस्तुबाट कुनै नयाँ वस्तु बन्ने होइन, रहेको वस्तु पनि हराउने होइन । यो पनि द्वन्द्वात्मक भौतिकवादका धेरै सूत्रहरूमध्ये एकसूत्र हो ।

बराबर रूप परिवर्तन भएन भने संसार चल्दैन । माटो, माटो नै मात्र भइरह्यो भने त्यसबाट फूल फुल्ने छैन । रुख, रुखमात्र भइरहे त्यसबाट टेबल, कुर्सी र अनेक फर्निचरहरू बन्ने थिएनन् । पहिले दुपन्की थियो, अहिले छैन । दुपन्कीको सट्टा अब मोटरकार आयो । दुपन्की चिरस्थायी भइरहेको भएपनि हामीलाई अप्ठ्यारो हुने थियो । पुरानो वस्तु हराउँदै गयो, नयाँ बन्दै गयो । यिनीहरू पनि हराउँदै जानेछन् र उपयोगी वस्तुहरू बन्नेछन् । यसरी नै वस्तुहरूको विकास हुँदैजान्छ । त्यसैले परिवर्तनसँग

डराउनु पर्ने कुनै कारण छैन । परिवर्तन त अपरिहार्य छ । त्यसैले बुद्धले भनेका छन् - 'परिवर्तनबाट मुक्त कुनै वस्तु छैन । हरेक वस्तु हरेक कुराले परिवर्तनशील छ ।'

त्यसैले, ब्रह्मवादी र शून्यवादीहरूले उच्चारण गर्ने गरेको सूत्र **ब्रह्मसत्यम् जगत्मिथ्या** भन्नेजस्ता कुराहरू सत्य होइनन् । यस्ता भनाइ ब्रह्मवादी र शून्यवादीका हुँदापनि होइनन् । पछिपछिका सामन्ती जमानाका ब्रह्मवादी र शून्यवादीका कुरा हुन् यी । दास र सामन्ती समयमा मान्छेहरूलाई गलत बाटोमा लैजाने प्रयत्नस्वरूपका कुरा हुन् यी । अन्याय र अत्याचार सहेर मर भन्ने कुरा हुन् यी । यी सबै भगवान्का लीला हुन्, हाम्रो केही लाग्दैन भन्ने कुरा उचालेर जनतालाई अलमल्याउने अनि जनतालाई दमन गरेर सामन्त, शोषक, अत्याचारीहरूलाई मोजमज्जा गराइराख्ने बाटो हो यो ।

यदि यो संसार असत्य भएको भए, बुद्धले किन कसैले आँसु झार्न नपर्ने उत्कृष्ट राज्य स्थापना होस् भनेर शिक्षा दिनुहुन्थ्यो ? यो संसार झुटो होइन, यहाँ सबै मनुष्य सुखी होऊन्, कसैले पनि दुःख बेहोर्न नपरोस् भनेर नै बुद्धले उत्कृष्ट राज्यको शिक्षा दिनुभएको हो । अझ बुद्धले बहुजनहिताय, बहुजनसुखाय, लोकानुकम्पाय भनेर किन भन्नुभयो ? सकलजनको हित होस्, सुःख होस्, सबैले सबैप्रति दयामाया राखेर जीवन गुजारा गरोस् भनेर नै यो आदेश, उपदेश दिनुभएको हो । बुद्ध स्वयम्ले नै दुःखपाइरहेका रोगीहरूको सेवा गर्नुभएको हो ।

त्यस्तै कृष्णले **परित्राणाय साधुनां विनाशायत्रदुष्कृता** भनेर दुष्टहरूसँग लडाइँ गरेरै नष्ट गरिदिनुभयो । यदि यो संसार सपना अर्थात असत्य हुँदो हो त दुष्टहरूले सज्जनरूलाई, निरपराधी मान्छेहरूलाई जे गरेपनि सहिरहे हुन्थ्यो । कृष्णले रुक्मणीलाई भन्नु भएको छ :

*मेरो अरू मान्छेलाई मान्छे नदेख्ने बलबानहरूसँग दुस्मनी छ । उनीहरूले मलाई सहँदैनन्, म पनि उनीहरूलाई सहँदिन । म गरिबहरूलाई माया गर्छु , गरिबहरूले नै मलाई माया गरिरहेका छन् ।*

कृष्णले अर्जुनलाई पनि बराबार भन्नुभएको छ **दरिद्राण भइ कौनोय** अर्थात गरिबहरूको पालन गर ।

त्यसैले, यो संसार असत्य हो भन्ने कुरा सही ब्रह्मवादी वा सही शून्यवादीको होइन । शास्त्रमा भनिएको छ **सर्बे ब्रह्ममिदं जगत** । अर्थात 'यो सम्पूर्ण संसार नै ब्रह्म हो' । सम्पूर्ण संसार नै जगत् हो भने यो जगत् कसरी मिथ्या हुनसक्छ ? कृष्णले गीतामा यही कुरालाई जोड दिनुभएको छ ।

यहाँ एउटा प्रश्न उठ्नसक्छ , यो संसारका सबै धनसम्पत्ति किन आफैँले जम्मा नगर्ने ? सबै वस्तु ब्रह्मा भएपछि यस्ता वस्तु, शोषण-दमन जेजे गर्नुपर्छ गरेर ढुकुटीमा राखेर पूजा गरेर राखे पनि त धर्म नै होला नि , होइन र ?

तर ब्रह्म कसैले पूजा गरेर खुसी हुने होइन । न त गाली गऱ्यो भनेर रिसाउने नै हो । ब्रह्मलाई मान-अपमान सबै बराबर । त्यसैले पूजा गऱ्यो भनेर ब्रह्म खुसी हुने होइन । ब्रह्म भनेको वस्तुमात्र होइन । ब्रह्म भनेको मान्छेको रूपमा फूल फुलेजस्तो फुलिरहेको हो । सम्पूर्ण मान्छे नै ब्रह्म हो । मान्छेहरू नै ब्रह्मका मूर्तरूप हुन् । त्यसैले **शुकरहस्योपनिषद**मा 'ब्रह्म' को रहस्य स्पष्ट पारेर **महावाक्यानीचत्कारी** भनी यही कुरा उल्लेख गरिएको छ । त्यसैले 'ब्रह्म' को मूल कुरो के हो त ?

**महावाक्यानिचत्कारी** : (**शुकरहस्योपनिषद**)

क. **ओम प्रज्ञानं ब्रह्मा**

ख. **ओम अइब्रह्मास्मि**

ग. **ओम तत्वमसि**

घ. **ओम अयमात्माब्रह्मा**

**क. ओम प्रज्ञानं ब्रह्मा**

मान्छेहरूको ज्ञान नै ब्रह्म हो, प्रज्ञान पनि ब्रह्म हो । कृष्णले गीतामा भन्नुभएको छ - **नहि ज्ञानेन सदृष्यं पवित्रमिहविद्यते** । अर्थात, 'ज्ञानभन्दा पवित्र अरू केही छैन ।' ज्ञानबाट नै मान्छेमा बुद्धिविवेक प्राप्त हुन्छ । अनि आफू र अरू भनेको केही भिन्नता छैन, एउटै हो भन्ने बुझेर कसैलाई दुःख नदिईकन त्यो ज्ञान मान्छेको कल्याणको बाटोमा अघि बढ्नेछ ।

**ख.ओम अइब्रह्मास्मि**

'म आफैँ ब्रह्म हुँ । त्यसैले बाहिर सूर्यपूजा गर्नु पनि जरुरी छैन ।' आफैँ ब्रह्म भनिसकेपछि बुझ्नु पर्ने कुरा के छ भने मान्छेमा अनन्त शक्ति छ । त्यसैले मान्छेले अरूलाई दुःख दिने, शोषण दमन गर्ने होइन कि आफूले आफैँलाई चौतर्फी विकास गरेर अनेक पुरुषार्थ गर्ने हो । रामलाई गुरु वशिष्ठले सिकाउनु भएको ज्ञान पनि यही हो । गुरु वशिष्ठले भन्नुभयो **- संसारमा ईश्वर भन्ने छैन, जसले पुरुषार्थ गर्छ, उही ईश्वर हो ।**

पुरुषार्थ भनेको अरूलाई दुःख दिएर आफू एक्लै मोज गर्ने होइन । यो त राक्षस अर्थात असुरहरूको काम हो । सबै प्राणीलाई शोषण र दमनबाट मुक्त गरेर सबैका कल्याणका निम्ति काम गर्नु नै पुरुषार्थ हो । यस्तो कामको लागि आफूले दुःख पाए दुःखै गरेर भएपनि सम्पन्न गर्नु नै पुरुषार्थ हो । हिरण्यकशिपु, राम, कृष्ण, नरसिंहबिचको फरक नै यही हो । हिरण्यकशिपुले आफू एक्लैको लागि काम गरे भने राम, कृष्ण र नरसिंहले सबैको कल्याणका लागि काम गर्नुभयो । त्यसैले हिरण्यकशिपुलाई दैत्य भनियो भने राम, कृष्ण र नरसिंहलाई देव भनियो । बलिराजालाई समेत असुर भनिन्छ किनभने बलिराजाले गरेको यज्ञ, दान, सम्पूर्ण लोकको हितका लागि नभईकन आफू एक्लैको कल्याणका लागि थियो । आफ्नो राजकाजको बेला उनले गरिबहरूलाई सजिलोसँग बस्नका लागि तीन पाइलाले ओगट्ने जमिन पनि दिएनन् । यस विषयमा मैले 'धर्मको मर्म' शीर्षकको लेखमा उल्लेख गरेको छु ।

पुरुषार्थ त्यसलाई भनिन्छ जसबाट सम्पूर्ण प्राणीको रक्षा हुन्छ, सम्पूर्ण प्राणी शोषण, दमन, डर, त्रासबाट मुक्त हुन्छन् । **ओम अहमब्रह्मास्मि** भनेर 'म नै ब्रह्म हुँ' भन्ने मान्यतालाई आत्मसात गरी पुरुषार्थको विकास गर्नु सबैको कर्तव्य हो । ब्रह्म चिनेर जङ्गलमा जाने होइन, मानवजातिको सेवा गर्ने हो ।

**ग. ओम तत्वमसि**

'म'मात्र होइन 'तिमी' पनि ब्रह्म हौ । अर्थात सम्पूर्ण मान्छे ब्रह्म हुन् ।

**घ. अयमात्माब्रह्म**

देवताहरूले भनेका छन् **अयमात्माब्रह्म ।** अर्थात, यो आत्मा नै ब्रह्म हो । सम्पूर्ण प्राणीहरूको आत्मा ब्रह्म हो । फूलमा सुगन्ध, बत्तीमा प्रकाश भनेझैँ, हाम्रो शरीरमा आत्मा अर्थात चेतना मान्छेको शरीरको मूलसार हो । शरीर मोटो वा दुब्लो हुनसक्छ तर चेतना अर्थात आत्मा भने मोटो वा दुब्लो भन्ने हुँदैन । त्यसैले शरीर फरक-फरक भएपनि आत्मा एउटै-एउटै हो भनेर नै सबैसँग भएको आत्मालाई जोड दिएर आत्मा ब्रह्म हो भनिएको हो ।

माथि '**ग**' र '**घ**' शीर्षकमा वर्णन गरिएअनुसार त्यसको सारांश हो - 'तपाईं पनि ब्रह्म, म पनि ब्रह्म, त्यसैले हामी सबै बराबर हौं ।' हामी मान्छेहरू कोही पनि ठुलो-सानो भन्ने छैन । कृष्णले गीतामा भन्नु भएको छ - **निर्दोषोही समं ब्रम्ह** । अर्थात,' सबै ब्रह्म हुन्, सबै बराबर छन् ।" त्यसैले कसैको दोष छैन । कसैले कसैलाई घृणा गर्ने अधिकार छैन । कृष्णले थप भन्नुभएको छ - **शुनिचैव श्वपापेच पण्डिता सम दर्शिनः ।** अर्थात, विद्या र विनयले सम्पन्न जो छन् ती ब्राह्मण हुन् भने गाई, हात्ती, कुकुर, पोडे,च्यामे इत्यादि सबैलाई बराबर देखेर, समान व्यवहार गर्ने मान्छे नै पण्डित हुन् ।

उक्त भनाइबाट स्पष्ट हुन्छ कि ब्रह्मज्ञानको रहस्य यो संसार झुटो हो भनेर जङ्गल जानु होइन । समाज वा संसारमै रहेर कसैप्रति रिसराग,

इबी, मोह, नलिनु, आफ्नै झैँ प्रेमपूर्वक व्यवहार गर्नु, सम्पूर्णको दुःख आफ्नै दुःख हो भन्ने अनुभूत गरेर करुणा राख्नु, सबैको दुःख कसरी हरण गर्ने भन्ने चिन्तन गर्नु, शोषण, दमन र अत्याचार कसरी निर्मूल गर्ने भन्ने प्रयास गर्नु, आफ्नो शरीरलाई माटोसरह ठानेर काम गर्नु नै ब्रह्मज्ञानको मूल रहस्य हो । आफ्नो लागि यो संसार हो भने अरूका लागि पनि हो भन्नु अनि त्यही भनेर सम्पूर्ण मान्छेका लागि कल्याणको कार्यमा लाग्नु नै ब्रह्मज्ञानको मूलसार हो ।

शून्यवादको मूल रहस्य पनि यही हो । ब्रह्मवाद र शून्यवाद एउटै हो भनेपनि हुन्छ । **मैत्रायण्युपनिषद्** द्वितीय पाठ, श्लोक ४ मा भनिएको छ **- योह खलु बाचोपरिस्थःश्रुयते सा वाएषशुध्दपूतःशून्यःशन्तोः प्राणोः नीआत्माः नन्तोः क्षय्यःस्थिरः शाश्वतोः जः स्वतन्त्रः स्वे...........।**

अर्थात, मुखले कुरा गरेर भन्न सकिँदैन, त्यही शुद्ध, पवित्र, शून्य, शान्त, प्राण नभएको शरीरमा प्राण दिने आत्मा, आदि पनि छैन, अन्त पनि नभएको, कहिल्यै नाश नहुने, स्थिर, सनातन, जन्मरहित र स्वतन्त्र ........।

यसले पुष्टि गर्छ कि त्यो ब्रह्म जो अजन्म, अनन्त, शुद्ध, पवित्र, शान्त छ वा हो त्यो नै शून्य हो । यसरी उपनिषद्मा पनि शून्यलाई मान्यता दिँदै शून्य र ब्रह्म एउटै हो भनेर व्याख्या गरिएको छ। त्यस्तै बुद्धदर्शनमा पनि अक्सर शून्यलाई जोड दिइएको पाइएको छ ।

'ब्रह्म' भन्दा केही शक्तिशालीजस्तो लाग्छ । 'शून्य'भन्दा केही नभएको जस्तो लाग्छ । तर शून्यको मतलब केही पनि छैन भन्ने होइन । हिसाब गर्दा शून्य (०) अङ्कको रूपमा देखिन्छ । के त्यो शून्य (०) केही पनि होइन त ? शून्यको अर्थ छैन र ? शक्ति छैन र ? एक (१) को पछाडि शून्य राखियो भने एक (१) नभईकन दश (१०) हुन जान्छ। फेरि त्यसको पछाडि पनि शून्य राखियो भने सय (१००) हुन्छ। जतिजति शून्य थप्दै गयो एक (१) को शक्ति झनझन बढ्दै जान्छ। त्यसैले शून्य (०) भनेको खालि होइन, यसको भित्र केही रहस्य छ। केही शक्ति छ। त्यस्तै तापक्रम नाप्ने बेलामा शून्यबाट सुरु भई घन चिन्ह लिएर १,२,३,४ हुँदै जान्छ ।

त्यही तापक्रम कम हुँदै गयो भने घट्दैघट्दै शून्य (०) मा पनि झर्छ। शून्य तापक्रम के तापक्रम होइन र ? अनि शून्यभन्दा पनि कम तापक्रम भयो भने ॠण चिन्ह लिएर झनझन कम भएर जान्छ। तापक्रम नाप्दाखेरि घन १ र ॠण १ एकैपटक हुँदैन । शून्य भएपछि मात्र घन १ बाट ॠण १ वा ॠण १ बाट घन १ पुगिन्छ । त्यसैले शून्य भनेको बिलकुल खालि सिसीजस्तो खाली होइन । यसमा केही रहस्य छ ।

भगवान् बुद्धले यो संसार असत्य हो भनेर परमार्थको उपदेशमा दिनुभएको होइन । **महायान**को सिद्धान्तअनुसार **बुध्दो भवेयं जगतो हिताय** अर्थात जगत्को हितको लागि बुद्ध हुनु भनिन्छ। यो महायानका प्रवर्तक नागार्जुन हुनुहुन्छ । नागार्जुनले नै शून्यको सिद्धान्तलाई बद्धदर्शनको अग्रभागमा राख्नुभएको हो । **बुद्ध दर्शनअनुसार *प्रज्ञापारमिता* (शून्यता) सँग साक्षात्कार भएमात्र मान्छेको क्लेश क्षीण भएर मोक्ष अर्थात निर्वाण प्राप्त हुन्छ ।**

बौद्धधर्ममा मात्र होइन ब्रह्मवादी वेदमा पनि ब्रह्म भनेको शून्य नै हो भनिएको छ। जस्तै - **ओम् खमब्रह्मयजुर्वेद** (अ. ४० मन्त्र १७ )। ओम खमब्रह्मको अर्थ हो - ब्रह्म भनेको आकाश हो। आकाश शून्य भएजस्तै ब्रह्म पनि शून्य। त्यस्तै आकाशजस्तै शून्य व्यापक छ ।

शून्य भनेको छ भन्न पनि मिल्दैन, छैन भन्न पनि मिल्दैन। जस्तो कि १ को पछाडिको शून्य। छ भनौँ भने नाम नै शून्य , छैन भनौँ भने त्यही शून्यले १ को शक्ति बढाउँछ।

शून्यवाद भनेको यो संसार शून्य छ भनेर विरक्तिएर जाने भनेको होइन। बुद्धधर्ममा शून्यवादले दुई किसिमको सत्य मान्दैआएको छ।

शून्य योगलाई पनि प्रज्ञा मानिएको छ (**शून्य योगप्रज्ञा**) भने अज्ञान नाश गर्नेलाई नै ज्ञान भनिएको छ (**शून्य योगं प्रवक्षामि ज्ञान भेदनं**)।

बौद्धधर्ममा थप भनिएको छ :

**द्वे सत्ये समुपाश्रित्यबुध्दाना - धर्म देशना**

**लोक संस्कृति सत्यच सत्यचं परमार्थतः**

अर्थात, शून्यवादीहरूले दुई किसिमका सत्यलाई मान्यता दिएका छन् । शून्यता लोकव्यवहारको सत्य, अलौकिक अथवा परमार्थ सत्य ।

शून्य (०) अङ्कको भित्र पनि अङ्क छ। अङ्क छैन पनि भनेझैँ यो संसार छ वा छैन भनेको पनि सत्य हो । एक (१) नभएको शून्य (०) को केही शक्ति छैन । तर एक (१) को पछाडिको शून्य (०) को शक्ति छ । त्यस्तै यो संसारमा पनि केही रहस्य छ । जसरी एक्लै शून्य (०) को अर्थ छैन, त्यसरी नै हरेक मान्छे एक्लाएक्लै शून्य (०) मात्र हो। त्यसैले हरेक मान्छेले आफूलाई शून्य (०) अनुभूत गरेर लोकलाई एक (१) को पछाडिको शून्य (०) सम्झी लोककल्याणको लागि काम गर्नुपर्ने छ ।

सम्पूर्ण लोकको हितका लागि काम गर्ने शून्य (०) को अर्थ लोकसंस्कृतिमा पनि छ, परमार्थ संस्कृतिमा पनि छ। लोकहितका लागि काम गरिने हुनाले यो लोकसंस्कृति हो । आफूलाई बिर्सेर निःस्वार्थ रूपमा काम गरिने हुनाले यो परमार्थ संस्कृति पनि हो । शून्य दर्शनका प्रवर्तक नागार्जुन महायान बुद्धदर्शनका प्रवर्तक पनि हुनुहुन्छ । जो मानिस महायान दर्शनको संसार छोडेर सन्यासी वा भिक्षु हुने काम गर्दैन, आफ्नो मुक्तिको समेत परवाह नगरी आफ्नो सम्पूर्ण जीवन संसारको कल्याणको लागि लगाउँछ, जति निस्वार्थभावले मान्छेको कल्याणको लागि काम गर्न आवश्यक पर्छ त्यति नै काममा लाग्ने गर्छ, त्यो मान्छे अग्रपङ्क्तिमा पुग्छ । विश्वका कतिपय महामानवहरू मान्छेकै सेवा गरेर महामानव भएका हुन् । के महादेव, के कृष्ण, के गौतम बुद्ध, के मार्क्स, के लेनिन सबैले अनेक दुःखकष्ट गरेर मानवताको कल्याणको लागि जीवन अर्पण गरेर गए । महादेवले विश्वमानवको कल्याणका निम्ति कालकूट विषसम्म पिउनुभयो । त्यस्तै कृष्णले अनेक दुःख झेल्नुभयो। अरूलाई मान्छे नै नगन्ने,आफूले आफैँलाई ठुलो भन्नेहरूले कृष्णलाई सहेनन् । उहाँले हरबखत गरिब, दीनदुःखीको पक्ष लिएर त्यस्ताहरूसँग लडेर जानुभयो । गीताजस्तो महान् दर्शन

संसारलाई दिएर जानुभयो । आज यो दर्शन कम्युनिस्ट देशहरूमा पनि लोकप्रिय हुँदै गइरहेको छ ।

गीताको भनाइअनुसार ईश्वर हरेक प्राणीका हृदयमा छन् । त्यही ईश्वरले यो विश्व-ब्रह्माण्ड मेसिन घुमाएजस्तै घुमाइरहेको छ । त्यसैले त्यही ईश्वर सबैमा छ भन्ने बुझेर उहाँहरूको शरणमा जानुहोला, अनिमात्र शाश्वत शान्ति हुनेछ । कृष्णले गीतामा यो पनि भन्नुभएको छ :

'तिम्रो आत्मा र अरूको आत्मा एउटै हो भन्ने बुझेर आफूलाई अरूमा पनि देख्न सिक ।' कृष्णले आफूले आफैँलाई 'म' भन्नुभएको होइन । सम्पूर्ण प्राणीले आफूलाई 'म' भन्छन् , त्यही साझा 'म' लाई कृष्णले 'म' भन्नुभएको हो । कृष्णले अरूमा आफूलाई देखिरहनु भएको छ । आफूमा अरू पनि देखिरहनु भएको छ । यही भावना सिद्ध गर्नलाई नै कृष्णले छैटौं अध्यायमा ध्यानविधि बताउनुभएको छ । गीताको पाँचौं अध्यायमा कृष्णले भन्नुभएको छ :

**लमन्ते ब्रम्हनिर्वाण मृषपःक्षीण कल्मषाः ।**

**छिन्न द्वैधायतात्मानः सर्वभूतहिते रक्षाः ॥**

अर्थात, सबैको आत्मा एउटै हो भन्ने कुरामा शङ्का छैन । सबै प्राणीको हितमा लागिरहेको मान्छेले सबै पापरहित भई ब्रह्मनिर्वाण प्राप्त गर्नेछ ।

गीताको अध्याय ६ मा भनिएको छ :

**सर्ब भूतस्यमात्मानं सर्वभूतानिचात्मनि ।**

**रक्षते योग मुक्तात्मा सर्वत्र समदर्शनः ॥**

अर्थात, सबैमा त्यतिकै देखिने योगमा पूर्ण आत्माले आफूलाई सबै प्राणीभित्र, फेरि सबै प्राणीलाई आफूभित्र देख्छ । स्पष्ट छ कि कृष्णले भन्नुभएको 'म कृष्ण' एकजनामात्र नभईकन सबै प्राणीमा भएको 'म' हो ।

सबै प्राणी आफैँ हो भन्ने ज्ञान नै ब्रह्मज्ञान हो । त्यसमा पनि सबै प्राणीको हितमा लाग्नु नै ठुलो मुक्ति हो । मानवमात्रको सेवा गर्न छोडेर यज्ञ वा दान गर्दैमा धर्म हुँदैन भन्ने कुरा वामन अवतारको कथाबाट पनि प्रस्ट हुन्छ । त्यस्तै यहाँ पनि पूजा, यज्ञ आदिलाई आडम्बरमात्र हो भनेर शून्य तत्वज्ञानमा जोड दिइएको छ । शून्यतत्व ज्ञानले पनि मान्छेकै सेवामा प्राथमिकता दिएको छ ।

**न वेष धारणा सिध्दे कारणं च:तत्कथा,**

**शीलही कारणं सिध्दे अष्टांगभ्यास नेन च ।**

भिक्षु सन्यासीको भेष हुँदैमा अथवा नानाथरीको कथा सुन्दैमा शून्यतत्वको ज्ञान प्राप्त गर्न सकिँदैन । शून्यतत्वको ज्ञानप्राप्तिको लागि शील र सदाचारको आवश्यकता हुन्छ । यसलाई बौद्धदर्शनमा **पञ्चशील** भनिन्छ भने हिन्दुदर्शनमा **यम** भनिन्छ ।

**पञ्चशील**मा सत्य, अहिंसा, चोरी नगर्ने, व्यभिचार नगर्ने (यौन व्यभिचार नगर्ने) सत्य वचन बोल्ने, मादकपदार्थ सेवन नगर्ने विषयलाई उल्लेख गरिएको छ भने **यम**मा निम्न अनुशासन उल्लेख गरिएको छ । ती हुन् - अहिंसा, सत्य, अस्तेय (चोरी नगर्ने) ब्रह्मचर्य, अपरिग्रह ।

कपिलमुनिले प्रकाशित गर्नुभएको साङ्ख्य योगमा पनि ईश्वरलाई मानिएको छैन । तत्वज्ञानलाई नै साङ्ख्यदर्शनमा जोड दिइएको छ । । **साङ्ख्यदर्शनका अनुसार प्रकृतिको स्वरुप के हो भन्ने कुराको ज्ञान जीवात्माहरूले लिएर लिनसक्ने विषय होइन ।** किनभने प्रकृतिको कुनै रूप नै छैन । त्यसैले प्रकृतिको मालिक भएर ईश्वर अथवा परमेश्वरले सृष्टि गरिरहेका छन् भन्ने कुरा गलत छ । ईश्वर वा परमेश्वरले केही गरिरहेका छन् भन्ने कुरा तत्वज्ञान नभएका हुतिहारा अथवा नालायक मान्छेहरूको गफमात्र हो भन्ने कुरा साङ्ख्य योगले पुष्टि गरेको छ ।

यही कुरा कृष्णले गीतामा उल्लेख गर्नुभएको छ :

**नकर्तृत्वं नकर्माणि लोकस्य स्टजति प्रभू: ।**
**नकर्म फल संयोगं स्वभावस्तुप्रपर्तते ॥ १४॥**
**नादत्ते कस्यचित्यायं नचैव सुकृतं विभु: ।**
**अज्ञानेनाकृतं ज्ञान तेन भ्रह्यन्तिजनाव: ॥१५॥**

अर्थात, कुनै प्रभुले काम गरेर यो संसारको सृष्टि भएको होइन, न कुनै कामको फल मिल्छ भनेर कुनै प्रभुले सृष्टि गरेको हो । यी सबै कुरा प्रकृतिको आफ्नो स्वभावअनुसार आफैँ हुँदै गएका हुन् । १४ ।

तसर्थ विभु अर्थात भगवान्ले न कुनै पाप दिन्छन्, न धर्म दिन्छन् । ज्ञानलाई अज्ञानले छोपिराखेको कारणले मान्छ यस्तो भ्रममा परेका हुन् ॥१५॥

ब्रह्मज्ञानअनुसार निःस्वार्थ रूपमा सबै प्राणीको हितमा लाग्नु नै ज्ञानयोग, भक्तियोग र कर्मयोग हो । यही मार्गबाट मान्छेले ब्रह्मनिवार्ण प्राप्त गर्छ । मुक्ति र निर्वाणको बाटो नै यही हो । यही बाटो शून्यवादले पनि देखाइरहेको छ ।

बौद्धदर्शन या मूल शून्यवादले शून्यका बारेमा निम्न कुरा उल्लेख गरेको छ :

**शून्यात्परतरं शास्त्रं शून्यात्परतं सुखं,**

**शून्यात्परतरं दैवं शून्यात्परतरं नही ।**

अर्थात, शून्ययोगभन्दा ठुलो शास्त्र छैन, शून्यज्ञानभन्दा ठुलो सुख पनि छैन, शून्यभन्दा ठुलो देव पनि छैन । शून्यभन्दा ठुलो तत्वज्ञान छैन । शून्यको ज्ञान नै वास्तविक र अन्तिम ज्ञान हो ।

यसबारेमा थप भनिएको छ :

**शून्यदर्शन पावेशा सर्व पापात्प्रभुच्यते,**

**तस्मात्सर्व प्रयत्नेन कर्तव्यं शून्यदर्शन ।**

अर्थात, शून्यको दर्शन प्राप्त गर्नासाथ नै मान्छे सबै पापबाट मुक्त हुन्छ । त्यसैले कुनै पनि प्रकारको कोसिसबाट शून्यको दर्शन गर्न जरुरी छ ।

अर्को कुरा **ब्रह्मवादले ब्रह्मको** विषयमा उल्लेख गरेको त्यही कुरा **शून्यवादले** पनि शून्यको विषयमा भनेको छ । जस्तै :

**दृढ सारमशौषीर्य्य मच्छेद्या मेद्य लक्षणं**

**अदाहिअविनाशी च शून्यतातलभुच्यते ।**

अर्थात, शून्य दृढ छ । यसलाई न छेदन गर्न सकिन्छ, न भेदन गर्न सकिन्छ । फेरि यो परिवर्तनशील पनि छैन । न यो आगो लागेर सकिन्छ, न नाश हुन्छ । यस्तो तत्व नै शून्यतत्व हो ।

**नामलतपादिक सर्वे मिथ्या सर्वेषु विभ्रमः ।**

अर्थात, नाम, रूप सबै भ्रममात्र हुन्, झुटा हुन् ।

**पूजा यज्ञादिक सर्वे दुष्टयेव करोतियः**

**शून्यतत्वबिहिनश्च सडमाचार उच्यते ।**

अर्थात, अनेक प्रकारका पूजा, यज्ञ, भजनकीर्तन इत्यादि अरूलाई देखाउनमात्र गर्ने हो । यस्ता शून्य ज्ञान नभएका मान्छेलाई पाखण्डी भनिन्छ ।

**केचिदिश्वर जालेन केचिदागम सकुलैः**

**केचितर्केन मुह्यानो नवै जानान्ते दर्शन ।**

अर्थात, कति मान्छे ईश्वरको नाममा जालमा फसेका छन् भने कतिपय किताबमा लेखिएको छ भनेर कठमुल्लावाद अथवा जडसूत्रवादमा अल्झिएका छन् ।

कतिपय नाना तर्क-वितर्कमा छन् भने उनीहरूलाई दर्शन भनेकै थाहा छैन । बौद्धधर्मको सही रूप भनेको शून्यवाद नै हो । बुद्धले **जस्तै कृष्णले**

**पनि मान्छेलाई नै ईश्वर भन्नुभएको छ** । एकजना अलग शक्तिसम्पन्न, सबैले मानेको सामन्ती चरित्रको ईश्वरलाई उहाँले ईश्वर मान्नुभएको छैन । उहाँले मान्छेमात्र आफैं ईश्वर हो भन्ने कुरामा जोड दिनुभएको छ ।

सामन्ती तथा पुँजीपतिहरूसँग दान लिन, चन्दा लिन पल्केका भन्ते हुन या योगी सन्यासी हुन् , उनीहरूले आठ किसिमका योग गर्ने अष्टाङ्गयोगका विधिलाई भङ्ग गरेर गर्ने योगलाई पाँचयोगका रूपमा परिभाषित गरिएको छ ।

**अष्टाङ्ग योग निम्नानुसार छन् :**

क. **यम नियम तथा सदाचार**

ख. **आशन**

ग. **प्राणायाम**

घ. **धारण, ध्यान, समाधि**

घ. **प्रत्याहार**

च. **ज्ञानयोग**

छ. **भक्तियोग**

ज. **कर्मयोग**

कतिपयले अष्टाङ्ग योगका यी आठ आसनका सट्टामा यसरी पनि उल्लेख गरेका छन् :

क. **यम**

ख. **नियम**

ग. **आसन**

घ. **प्राणायाम**

घ. **धारणा**

च. **ध्यान**

छ. **समाधि**

ज. **प्रत्याहार**

पछिल्लो आसनअनुसार ज्ञानयोग, कर्मयोग र निष्काम कर्मसँग सम्बन्धित भएन अनि मान्छेको कल्याणका लागि गर्न परेन । सामन्ती र पुँजीपतहरूको विरोध गर्नुपर्ने झन्झटबाट पनि मुक्त भयो । सामन्ती र पुँजीपतिहरूसँगै मिलेर जीवनयापन गर्न पाइने भयो ।

ईश्वर मान्ने सामन्ती र पुँजीपतिहरूले आज यही काम गरिरहेका छन् । सारा जनतालाई शोषण र दमन गर्ने अनि ईश्वरको पाठपूजा गरेर सबै पापमोचन भयो भन्ने । सबैलाई एउटै ठानेर, सबैको सुखदुःख यस्तै हो भनेर, सबैको दुःख हरण गर्ने काममा लाग्ने तर देवताको पूजा नगर्नेलाई नास्तिक भनेर हेलाँ गर्ने काम भइरहेको छ ।

आज पुँजीपति र सामन्तहरूको काम यान्त्रिक भौतिकवादीहरूको कामसँग मिल्छ । आफूमात्र राम्रो भए पुग्ने सामन्ती र पुँजीवादीहरू यान्त्रिक भौतिकवादीहरू नै हुन् । ईश्वरको प्रार्थना, भगवान्को पूजा

त उनीहरूले गरिआएका शोषण र दमन पचाउने पाचकमात्र हुन् । कृष्णले भन्नुभएको छ :

**नादत्ते कश्यपचित्पापं नचैव सुकृतं विभू ।**

**अज्ञानेनकृत ज्ञानं तेन भ्रह्यन्तिजनावः ॥**

अर्थात **विभु** (ईश्वर भनौं wa ब्रह्म) ले कसैलाई पाप पनि दिँदैन र धर्म पनि दिने होइन । मान्छेको ज्ञान अज्ञानले छोपिराखेर, मान्छे अप्ठ्यारोमा परेपछि यसरी सोच्ने हुन् ।

**ब्रह्मचर्यको** अर्थ विवाह नै नगर्ने भनेको होइन । **गृहस्थ ब्रह्मचर्यमा** विवाह गरेपनि नियमपूर्वक श्रृतुदानमात्र पनि दिइन्छ । सन्तानका लागि सँगै बस्छन् । विवाह गरेँ भनेर नियमबाहिर गएर मनलागी गरेर

हिँड्दैनन् । **सदाचार** भनेर **बुद्धले पञ्चशीलमा** भनेको कुरा पनि यही हो । यस्तै कुरा विश्वविख्यात कम्युनिस्ट नेता लेनिनले पनि भन्नुभएको छ - **आफ्नो शक्ति क्षीण नगर** । पानी पिउन प्यास लाग्यो भनेर जुठो गिलासमा पानी नपिउनु । यस्तै आशयको कुरा चीनका नेता देङ सियाओ पिङले पनि भन्नुभएको छ । **स्वामी विवेकानन्दको** भनाइअनुसार ब्रह्मचर्य पालन गरेको मान्छेको मस्तिष्कमा प्रबल शक्ति हुन्छ । संसारमा जोजो महापुरुष भए उनीहरू सबै ब्रह्मचर्य पालनकर्ता थिए । ब्रह्मचर्यमार्फत मान्छेले आश्चर्यजनक क्षमता (शक्ति) प्राप्त गर्छ । कृष्णले पनि ब्रह्मचर्यमा जोड दिनुभएको देखिन्छ । ब्रह्मचर्यबाट जे वीर्यलाभ हुन्छ, त्यसले उसको मगजलाई पोषण गर्छ । शुक्र मगजको पोषकतत्व हो । त्यसले ओजको वृद्धि गर्छ ।

यसलाई बौद्धदर्शनमा सदाचार भनेर उल्लेख गरेको पाइएको छ भने ब्रह्मवादी दर्शनमा गृहस्थ ब्रह्मचर्य भनिएको छ । कम्युनिस्ट नेताहरूले यसलाई नाम नलिईकन 'शक्तिको क्षय नगरौं' मात्र उल्लेख गरेका छन् ।

**यम**मा अपरिग्रह भनेर अरू कसैको सित्तै नलिनु भनिएको छ । कम्युनिस्ट सिद्धान्तमा यसलाई **नकमाइएको आम्दानी**, मेहनत नगरीकन कमाइएको अर्थात **'unearned'** भनिएको छ । भिक्षुहरूले दान लिन्छन् । त्यस्तै सन्यासीहरूले पनि भिक्षा लिन्छन् । पहिले त विद्यार्थीहरूले पनि दान लिएरै गुरुलाई दिने र त्यसैबाट आफूले पनि खाने हो । त्यसलाई मेहनत नगरीकन आएको कमाइ मानिदैन किनभने उनीहरू लोककल्याणकै लागि भिक्षु वा सन्यासी भएका हुन् भने विद्यार्थीहरूले विद्याआर्जन गर्न दान लिएका हुन् । कम्युनिस्ट समाजमा ज्येष्ठ नागरिकहरू, अशक्तहरू, बिरामीहरू, विद्यार्थी र बालकहरूलाई काम नगरीकनै भत्ता दिने नियम छ । यस्तो अवस्थामा काम नगरीकन कमाइएको भनिँदैन । यस्तो भत्ता वा लोककल्याणको लागि, जीवनयापनको लागि लिइने दानलाई मेहनत नगरी आएको कमाइ भनिँदैन । त्यसैले **यम**मा लेखिएको अपरिग्रहको अर्थ हो-

सार्वजनिक काम गर्नका लागि अथवा सार्वजनिक काम गरेर लिने दान स्वीकार्य छ ।

त्यही धन सामन्ती पुँजीपतिहरूसँग लिने, घुस अथवा दान लिएर सजिलो जीवन जिउने, धनसम्पत्ति कमाउनेको नाममा आफ्नो धर्म प्रचार गर्ने कार्यलाई अपरिग्रह भनिन्छ । सामन्तीहरू अथवा पुँजीपतिहरूसँग बराबर ठुलो रकमको चन्दा लिएमा र उनीहरूले झैँ खानपिन गरेमा बुद्धि भ्रष्ट भएर जान्छ । त्यसैले यस्ता कुरा सोचेरमात्र **पञ्चशील** अथवा **यम** नियम पालन गर्ने कुरालाई नै 'शील' अथवा 'सदाचार' भनिन्छ । ब्रह्मज्ञान अथवा शून्यतत्वको ज्ञानको पहिलो खुड्किला भनेको यही हो ।

आफ्नो धर्मको प्रचारको आधारमा सामन्तीहरू अथवा पुँजीपतिहरूसँग बराबर चन्दा लिने कामलाई शील नष्ट भएर सामन्त र पुँजीपतिको दलाल भएको मानिन्छ । त्यो प्राप्त धनले चाहे गुम्बा बनाओस् या ध्यानकेन्द्र । अथवा बिहार, धर्मशाला या मन्दिर नै किन नबनाओस् ।

यस प्रकारको लगानीमा निर्मित धर्मशालाको वास अथवा मठ, मन्दिर, बिहार वा ध्यानकेन्द्रको वासले मान्छेको शीलभङ्ग भई अष्टाङ्ग योग शून्यसम्म पुग्नसक्दैन, न ब्रह्मज्ञान नै प्राप्त गर्न सकिन्छ । उनीहरूको ज्ञान त ऐसआराममा बस्ने यथास्थितिको एउटा व्यापारमात्र हुनजान्छ । उनीहरूले सम्पूर्ण मान्छेलाई, विशेषतः सर्वसाधारण जनतालाई समभाव दृष्टि राखी दुःख दूर गर्ने कार्य गर्न सक्दैनन् । दुईचार रुपियाँ दान दिए पनि, दुई चारसय थान कम्बल बाँढेपनि, दुईचार छाक निःशुल्क खाना खुवाए पनि, दुःखदरिद्रताको मूलकारक सामन्त र पुँजीपतिहरूको शोषण, दमन, अन्याय, अत्याचारको विरोध गर्न सक्दैनन् । भीष्मपितामहजस्तो विद्वान् र पुरुषार्थी मान्छेले दुर्योधनको कुअन्न खाएको कारणले दुष्ट दुशासनले भव्य सभामा द्रौपदीको चीरहरण गर्दा पनि रोक्न सकेनन् । त्यसैले ब्रह्मवादीहरूले **यम** अपरिग्रहको नियम पूर्ण आदरका साथ पालन गर्नु आवश्यक छ ।

लेनिनले कम्युनिस्ट साथीहरूलाई भनेका कुराहरू पनि अपरिग्रहसँग मिल्दाजुल्दा छन् । उहाँले भन्नुभएको छ - गरिबले दिएको एक पैसाले पनि हाम्रो तागत बढाउँछ भने सामन्ती तथा पुँजीपतिहरूले दिएको लाखले पनि हाम्रो शक्ति घटाउँछ ।

तर आज धेरैजसो धर्मगुरुहरूमा यो भावना छैन । बरु ती गुरुहरूको भरोसा नै सामन्ती र पुँजीपतिहरू हुन गएका छन् । तिनीहरूले धर्मलाई व्यापारमा परिवर्तन गरिसकेका छन् । अनि तिनीहरूले सामन्ती व्यवस्था र पुँजीवादी व्यवस्था खत्तम गर्नुको सट्टा यस्तै मानवताविरोधी सामन्ती अथवा पुँजीवादी व्यवस्थाको रक्षा गर्ने प्रयास गरिरहेका छन् ।

मेरो विचारमा **यम** नियम एउटै हो र सदाचारको अङ्ग हो । धारणा, ध्यान, समाधि एउटै योगका विभिन्न क्रम हुन् । धारणा, ध्यान र समाधि तीनवटै कुरा एउटै मान्छेले गर्दैन । एक व्यक्तिले कि धारणा, कि ध्यान, कि समाधिमध्ये एउटामात्र गर्ने हो । त्यसैले एकजना मान्छेले तीनैवटा नगरीकन एउटामात्र गर्छ । यी माथिका तीनमा एउटामात्र गरेपछि दुईवटा ठाउँ खाली हुन जान्छन् , त्यो के हो त ? त्यस्तै **यम** नियम सदाचारको अङ्ग हो ।

**यम**को बारेमा माथि उल्लेख गरिसकिएको छ । अब नियम के हो तल उल्लेख गरिएको छ ।

**सौच, सन्तोष, तपः, स्वाध्याय, ईश्वर प्रणिधान**

सौचले मान्छेको शरीरको बाहिरी भागसँगै आफ्नो हृदयमा भएको कालो पनि सफा गर्छ । यसले गर्दा एकाग्रता, इन्द्रियलाई वशमा लिने र आत्मदर्शन गर्ने योग्यताको निर्माण हुन्छ ।

सन्तोष भनेको सन्तोष नै भइहाल्यो । आफू भएकोमा सन्तोष । सन्तोष भनेको आलस्य होइन । कुनै काम नगरीकन जे भेट्यो त्यो खाइरहनु सन्तोष होइन । हरेक मान्छेले अनेक पुरुषार्थ गर्नैपर्छ । वैज्ञानिकहरूले अनेक अन्वेषणको कार्यमा, साहित्यकारहरूले मानवहरूलाई पथप्रदर्शक

बन्नसक्ने रचनाहरूको सिर्जना गर्ने कार्यमा, राजनीति गर्नेले समाजमा देखिएको शोषण, अन्याय र अत्याचार निर्मूल गरी नयाँ व्यवस्थाको स्थापनाद्वारा सम्पूर्ण जनताको जीवन सुखमय बनाउने, देशको उत्तरोत्तर विकास गर्ने कार्यमा र विकासको फल सबैले उपभोग गर्न पाउने कार्यमा निरन्तर लागिरहनुपर्छ । तर यी काममा लागिपर्दा मान्छेले दुःख पाउन पनि सक्छ । यस्तो काम अब त सकियो भन्ने पनि हुँदैन, आदि-अन्त पनि हुँदैन । जीवन गुजाराकै समस्या पनि हुनसक्छ । त्यस्तो बेलामा लोभलालच नगरीकन आफूसँग भएकै कुरामा चित्त बुझाउनु नै वास्तविक रूपमा सन्तोष हो । मार्क्स-लेनिनहरूले पनि अनेक दुःख बेहोर्नु पर्‍यो । बराबर भोकै रहनुपर्‍यो । तैपनि उहाँहरू हरेक अवस्थामा सन्तुष्ट रहनुभयो । आफ्नो लक्ष्यमा विचलित हुनुभएन ।

**तप:**

काम, क्रोध, लोभ, मोह छोडेर जुनसुकै कष्ट सहेर आफ्नो लक्ष्यमा विचलित नभईकन लगनशील भएर काम गर्नु नै तपः हो ।

**स्वाध्याय:**

नेपालमा अक्सर जसरी पनि शैक्षिक डिग्री प्राप्त गर्ने र पाइसकेपछि अब पढ्न सकियो भन्ने धारणा छ । वास्तवमा डिग्री भनेको ज्ञानको अन्तिम लक्ष्य होइन । जवाहरलाल नेहरूले भन्नुभएको छ - 'मैले बेलायत गएर कानुन, कला आदि पढेर जवाहरलाल भनाउन सकेको होइन । बरु जेलमा बस्दाको अध्ययनले नै मैले विकास गर्न सकेको हो ।' नेहरू जम्मा १५ वर्ष जेल बस्नुभयो ।

आफैँले व्यवस्थित रूपमा अध्ययन गर्ने विधिलाई स्वाध्याय भनिन्छ । यसले ज्ञान भण्डार बढ्दै जान्छ । जति ज्ञान बढ्दै गयो, त्यति नै मान्छेको शक्ति पनि बढ्दै जान्छ । कृष्णले भन्नुभएको छ - 'ज्ञानभन्दा पवित्र अरू केही छैन ।' त्यसमा पनि निर्वाण र मुक्तिको चाहना राख्नेहरूका लागि भनिएको छ - **श्रृते ज्ञानानु नमुक्ति** अर्थात 'ज्ञान नभएकाहरू मुक्त हुन सक्दैनन्' । जुनसुकै काम गर्दा पनि आइपर्ने समाधानका लागि ज्ञानको

आवश्यकता पर्दछ । ज्ञानको स्रोत हो - स्वाध्याय । आफू-आफैँले विचारपूर्वक अध्ययन गर्नु **सुगारटाइको** पढाइ होइन । **सुगारटाइले** मान्छे विद्वान्को साटो मूर्ख पण्डित, कठमुल्लावादी अथवा जडसूत्रवादीमात्र हुन्छ । जडसूत्रवादको एउटा स्रोत हो - आआफ्नो धर्ममात्र कण्ठाग्र हुनु ।

प्रत्येक मान्छेले आफ्नो धर्म के हो, अरूको धर्म के हो भन्ने भेद नराखीकन अध्ययन गर्नुपर्छ । आत्म ,विज्ञान, साहित्यका साथै विश्वलाई नै प्रभाव पारिरहेको मार्क्सवाद पनि विनापूर्वाग्रह अध्ययन गर्नुपर्छ । मान्छेले चौतर्फी ज्ञानको विकास गर्नुपर्छ ।

**यम** नियमले मान्छे सदाचारी हुन्छ । यही नै योगको पहिलो  द्वार अथवा आचारसंहिता हो । आसनले हाम्रो शरीर स्वस्थ बनाउँछ, मनमस्तिष्क पनि स्वस्थ बनाउँछ । प्राणायामले हाम्रा नसा-नसा सबै शुद्ध  बनाई मन पनि हल्का बनाउँछ ।

**प्रत्याचार :**

इन्द्रियको वशमा पर्‍यो भने मान्छे बिग्रिन्छ । मनले भन्छ रक्सी पिऊ । मनले भन्छ गाँजा तान्नुपर्‍यो । मनले भन्छ सिनेमा हेर्नुपर्‍यो । मनले भनेजस्तो गरिरह्‍यो भने संसारमा नचाहिने कुरा केही छैन । हिँड्न नपर्ने गरी कार चाहियो । कार पनि रोल्स रोयस नै चढ्न मन लाग्यो । नचाहिने के छ ? मनले नै भन्छ लागु औषधि अर्थात स्म्याक तान । मनले नै भन्छ रण्डीकहाँ जाऊ । यी सबै गर्न थाल्यो भने मान्छे कहाँ पतन भएर जान्छ भन्न सकिँदैन । त्यसैले मान्छेले मान्छे भएर पराक्रम गर्न आफ्नो मनलाई वशमा राख्नुपर्छ । लगाम नभएको घोडाझैँ मनलाई जहाँ भन्यो त्यहाँ पठाउनु हुँदैन । मनलाई कब्जामा राख्न सकियो भने मात्र मान्छेले आफ्नो जीवन सार्थक बनाउनसक्छ । मन वशमा नभएको मान्छेले योगसिद्ध गर्न सक्दैन । प्रत्याहार भनेको मनलाई चञ्चल हुन नदिईकन आफ्नो वशमा राख्नु हो । यो योगको चौथो अङ्ग हो ।

## ईश्वर प्राणिधान

आफ्नो सम्पूर्ण जीवन ईश्वरलाई अर्पण गर्नु **ईश्वर प्राणिधान** हो । तर ईश्वर को हुन् भन्ने नबुझीकन हरदिन 'हरे राम हरे कृष्ण' भनेर भजन गर्दैमा त्यसलाई ईश्वर प्राणिधान भनिदैन । यो विश्वको हर्ताकर्ता, चाकडी चाप्लुसी गऱ्यो भन्दैमा खुसी हुने , आफूलाई रिस उठ्यो भन्दैमा दुःखदिने ईश्वर हुनसक्दैन । यस्तो ईश्वर कतै छैन । ईश्वर कहाँ छन् भन्ने कुरा कृष्णले गीताको १८ औँ अध्यायमा भन्नुभएको छ - **ईश्वर सम्पूर्ण मानवको हृदयमा छन् , त्यसैले त्यही ईश्वरको शरणमा जानू ।** उहाँले यो पनि भन्नुभएको छ - जसले आफूलाई सम्पूर्ण मानवको हृदयमा छु र सम्पूर्ण मानव आफ्नो हृदयमा छ भन्ने अनुभूत गर्छ, उसैलाई सधैँ ईश्वरको साथ रहन्छ ।

जीवनको सार्थकता के छ भन्ने बुझ्न श्रीकृष्णले श्रीमदभागवत्मा रुखको उदारहण दिनुभएको छ । यस संसारमा सबैभन्दा सार्थक जीवन यी रुखहरूको छ किनभने यी रुखहरूले बाँचुञ्जेल मानवको सेवा गरिरहन्छन् । शीतल हुने गरी हावा चलाएर, छाया बनाएर, फलफूल दिएर, नरमसँग बस्नको लागि पात दिएर । मृत्युपछि पनि काठ दिएर, आफू बलेर ताप दिएर र बलिसकेपछि पनि गोल अर्थात अङ्गार दिएर रुखले सेवा गर्छ ।

श्रीकृष्णले रुखको जीवन सबैभन्दा सार्थक भन्नुको तात्पर्य यी रुखहरूले हरदिन "हरे राम ,हरे कृष्ण' भनेर भजन गरेर होइन, न 'रामराम' भनेर ध्यान गरेर नै हो, न यज्ञयागादि गरेको कारणले । रुखहरूले मान्छेको सेवा गरेकै कारण रुखको जीवन सार्थक बन्नुको मूलकारण हो ।

यस उदाहरणबाट अब स्पष्ट हुन्छ कि भगवान्लाई सम्पूर्ण अर्पण भयो भनेर चुपलागेर बसेर अथवा दिनभर भगवान्को भजन गाएर र जपध्यान गरेर होइन कि मान्छेको हृदयभित्र रहेको ईश्वर सम्झेर, सबै प्राणी र मनुष्यजातिको सेवामा आफूलाई अर्पण गरेर नै जीवन सार्थक हुन्छ ।

त्यसैले गीतामा कृष्णले भन्नुहुन्छ - **हे अर्जुन तिमीलाई शास्वत पद मिल्ने छ, परम शान्ति मिल्नेछ , यही ईश्वर प्राणिधान हो ।**

**धारणा, ध्यान,समाधि**

योगका आठ अङ्गमध्ये पाँचौं अङ्ग धारणा, छैटौं अङ्ग ध्यान र सातौं अङ्ग समाधि हुन् ।

सर्वप्रथम धारणाको अभ्यास गरिन्छ। धारणा भनेको कुनै वस्तु वा देवताको मूर्ति वा एउटा फूल नै किन नहोस् , त्यसैमा एकचित्त भएर भएर मनमा कल्पना गर्नु हो ।

ध्यानको विषयमा ब्रह्मवादी र शून्यवादीको बिचमा अलि फरक छ । **शून्यवादी** बौद्धदर्शनअनुसार ध्यान गर्ने बेलामा आफ्नै श्वास-प्रश्वासमा मनकेन्द्रित गरिन्छ । सासभित्र आएको, बाहिर गएको सम्झना गरिन्छ । जस्तै सुरुमा एकदेखि दशसम्म गन्दै सास तान्ने अनि त्यति नै गन्दै सास छोड्ने । होस राखेर सास तान्ने र फाल्नेमै एकचित्त भएर महसुस गर्ने । एउटा तरिका हो यो । ध्यान गर्ने अरू पनि तरिकाहरू छन्, जुन ध्यानकेन्द्रमा गएर सिक्न सकिन्छ ।

श्री मदभागवत्मा उल्लेख भएझैं **ब्रह्मवादी** दर्शनअनुसार पनि ध्यान गर्ने केही विधिहरू छन् । सर्वप्रथम विष्णुको पूर्णरूप ध्यान गर्ने । अनि एकएक अङ्ग आफूमा लीन गरेर बाँकी अङ्गको ध्यान गर्ने । यसरी क्रमशः विष्णु भगवानको सम्पूर्ण अङ्ग आफ्नो शरीरमा लीन गराउने । अन्ततःयही प्रक्रियाबाट विष्णु भगवानलाई आफूमै लीन गराउने ।

ध्यानको अर्को विधि पनि छ । स्थिर आसनमा बसिसकेपछि कमलको फूलको कल्पना गर्ने । कमलको फूललाई बिस्तारै माथि उचालेर फुलाउने । त्यसपछि कमलको फूलमा सूर्य-चन्द्र र आगोको ज्वालाको बिचमा पूर्णकदको विष्णु भगवानको ध्यान गर्ने । यो ध्यान स्थिर भइसकेपछि सबै शरीर बिर्सेर मुस्कुराइरहेको अनुहारमात्रको ध्यान गर्ने । यो पनि स्थिर भइसकेपछि अनुहार पनि बिर्सेर नामको मात्र ध्यान गर्ने ।

अन्तमा आफ्नो हृदयमा भएको आत्मालाई नै भगवानको रूप मानेर ध्यान गर्ने ।

गीतामा उल्लेख भएअनुसार ध्यान गर्दा कुनै मूर्तिको ध्यान नगरीकन आफ्नो आत्माको ध्यान गर्नुपर्छ । त्यही आत्मालाई सम्पूर्ण आत्मासँग मिलाउँदै ध्यान गर्नुपर्छ । यसरी ब्रह्मवादअनुसार विष्णु आदिको मूर्तिको ध्यानबाट सुरु गरेपनि यही आधारमा आखिर आफ्नो आत्मासम्मको ध्यान गरिन्छ । अनि मान्छेमात्रको आत्मा एउटै हो भनेर मान्छेमात्रलाई भगवानको रूपमा महसुस गरी ध्यान गरिन्छ ।

**शून्यवादमा** मूर्तिबाट ध्यान सुरु नगरीकन आफ्नो श्वास-प्रश्वासबाट सुरु गरी अन्तमा शून्यको ध्यान गरिन्छ ।

**शून्ययागामिदं सत्यं ध्यानतत्व समविन्तं,**

**सर्व बुध्दानु भावेन धर्मो सङ्घानु भावनैः ।**

**ध्यानतत्वले** मुक्त यो शून्य योग नै सत्य हो, जसबाट सबैले बुद्धलाई चिनेर धर्म र सङ्घको पनि भावना ग्रहण गर्नेछ ।

**तथाशून्यं समाधायबुध्दतत्व च लम्पते**

**सर्वभूत समत्वेन शून्यसिध्दयातिनान्यथा ।**

**शून्यतत्व** चिनेरमात्र **बुद्धत्व** प्राप्त हुन्छ । सम्पूर्ण प्राणी बराबर हो भनेर अनुभव गरेरमात्र शून्यतत्वसँग परिचय हुन्छ । अन्य विधिबाट **शून्यतत्वको** परिचय हुनसक्दैन ।

यसरी यो तथ्य स्पष्ट हुन्छ कि चाहे ब्रह्मवाद होस् या शून्यवादअनुसार होस् आखिर दुवैको अन्तिम लक्ष्य भनेको सबै प्राणीलाई बराबर ठानेर व्यवहार गर्नु नै हो ।

निरञ्जन निराकार भनेर कुनैकुनै कुरा **ब्रह्मवादमा** उल्लेख भएको पाइन्छ । वास्तवमा त्यही नै कुरा **शून्यवाद** हो ।

**समाधि** ध्यानको अझै विकसित रूप हो । समाधिमा पुगेको मान्छे हावा नआएको ठाउँमा दियो बलेझैँ आफ्नो मनलाई स्थिर राखेर आफ्नै आत्मामा लीन भइरहन्छ ।

यम नियम, आसन, प्राणायाम, ईश्वर प्राणिधान, धारणा, ध्यान, समाधि गरेर पाँचौं खुड्किला पुगियो । यो विधिअनुसार यस चरणमा पुगेपछि मान्छेलाई सदाचारी बनाएर, शरीरका प्रत्येक नसालाई शुद्ध बनाएर, मनसमेत शुद्ध गरेर आत्मबोध गर्दछ । सबै प्राणी म नै हुँ, म सबै प्राणीहरूमा छु भन्ने भावना प्रज्ज्वलित गराउँछ । अर्थात शून्यभाव प्राप्त गरी सबै प्राणी बराबर हुन् भन्ने धारणालाई प्रबल बनाउँछ ।

यो योगाभ्यासबाट अनेक अनौठा काम पनि सिद्ध हुन्छन् भन्ने कुरा सोभियत सङ्घमा सर्कसमा काम गर्ने एक महिलाको कामले पनि पुष्टि गर्दछ। उनले तरबारको धारमा पनि खुड्किलाजस्तै टेकेर यो योगाभ्यासको प्रभाव प्रमाणित गरेकी छन् । तरबारको धारमा टेक्दा पनि उनको पाउमा घाउ भएन । बरु एकपटक उनी चिप्लेर लडिन् र सारा शरीर नै छियाछिया भयो । निको भइसकेपछि उनले फेरि त्यसरी नै तरबारमा टेकेको प्रदर्शन गरिन् । यो उनको एउटा योगसिद्धिको फल हो । तर योगीहरू यसरी प्राप्त हुने सिद्धिलाई पनि वास्तै नगरी अगाडि बढिरहेका हुन्छन् ।

**योगसिद्धिको** मूललक्ष्य हो - सम्पूर्ण प्राणी म नै हुँ । सबैलाई आफ्नै ठानेर सबैको हितमा लागिपर्नु । यही **ज्ञानयोग** हो । **ब्रह्मज्ञान** हो । यही **शून्यज्ञान** पनि हो ।

**ज्ञानयोग** भनेको ज्ञान लिएर मनमा राखिरहनु होइन । मानौँ कुनै मान्छेलाई टेलिभिजन बनाउन आउँछ । तर उसले आफ्नो टेलिभिजन बनाउनसक्ने ज्ञान प्रयोग नगरीकन त्यसै राखिरह्यो भने उसले जान्नु र नजान्नुमा के फरक रह्यो र ? त्यस्तै ज्ञान प्राप्त गरी चुपचाप बस्ने मानिस पनि अज्ञानी बराबर नै हो ।

**ज्ञानयोगपछि भक्तियोग** आउँछ । जसरी भगवानको भक्ति गर्नेहरूले आफ्नो सम्पूर्ण ध्यान भगवानको सेवामा लगाउँछन् , त्यस्तै **भक्तियोग** भनेको ***आफ्नो सम्पूर्ण शक्ति मान्छेको कल्याणमा केन्द्रित गर्नु हो ।*** श्रीकृष्णले गीताको पाँचौं अध्यायको २५ औं श्लोकमा भन्नुभएको छ :

**लमन्ते ब्रम्हनिर्वाणम्हषय: क्षीण कल्मष्त ।**

**छिन्नद्वेधायतात्मान: सर्वभुतहिते रता: ॥**

अर्थात, सम्पूर्ण प्राणीको हितमा निरन्तर लागिरहेको, दोमन नभएको ,पापले मुक्त ऋषिले ब्रह्मनिर्वाण प्राप्त गर्ने छन् । तसर्थ भक्तियोग भनेको भगवानको भजन होइन । भक्तियोग भनेको त सम्पूर्ण प्राणीको हितमा निरन्तर लागिरहनु हो ।

**कर्मयोग**

काम सफल होला कि नहोला भनी शङ्का नगरीकन, आफ्नो कर्तव्यपथमा विचलित नभईकन, आफ्नो ब्रह्मज्ञान सम्पूर्ण लोकको हितका लागि नि:स्वार्थ रूपमा लगाउने वा लाग्ने कामलाई कर्मयोग भनिन्छ ।

यसरी आठ अङ्ग पूरा हुने योग नै अष्टाङ्ग योग हो, जसले मान्छेलाई मान्छेमात्र होइन देवत्वको चरणमा पुऱ्याएर जीवनमा निर्वाण प्राप्त हुन्छ ।

शून्यवाद र विद्याका सन्दर्भमा एउटा श्लोकमा भनिएको छ :

**आत्मोहमिति या बुध्दि:अविद्या सा प्रकीर्तिता,**

**नाहमात्माशून्यतत्व:बुर्धिर्दर्वियोति भण्यते ।**

अर्थात, शून्यवादले आत्मालाई पनि स्वीकार गर्दैन । शून्यवादका अनुसार मेरो यो आत्मा भन्ने कुरालाई पनि अविद्या भनिन्छ र यो मेरो आत्मा हो भन्ने कुरा नै छैन । यो पनि शून्यतत्व नै हो भन्ने कुरा सिक्ने विषय नै विद्या हो ।

यसरी **शून्यवादले 'म'** भन्ने भावनालाई नै लुप्त गरिदिन्छ । शून्यवादको भनाइअनुसार आफ्नो आत्मालाई स्वीकार गरुञ्जेल पनि मान्छेहरू मनुष्यजातिको कल्याणको सट्टा आफ्नै आत्मोन्नतिमा संलग्न भएर विभिन्न कर्म-अकर्ममा लागिरहेका हुन्छन् । अर्को जन्ममा सुख प्राप्त हुन्छ भनेर अनेक धर्ममा लागिरहन्छन् । त्यसैले शून्यवादले आत्मालाई पनि शून्य भनेर लोककल्याणमा लाग्नको लागि सम्पूर्णरूपमै जोड दिएको छ । महादेव पनि शून्यवादी हुन् । त्यसैले महादेवले विश्व-ब्रह्माण्डको रक्षाको निम्ति आफूले कालकूट विष पनि पिएका हुन् । श्रीकृष्णले ब्रह्मलाई मानेता पनि आखिर सम्पूर्ण जीवन मानवताको सेवामा लगाउनुभयो ।

तर हिजोआज ब्रह्मवादीहरू समस्त मानवको सेवामा लाग्नुको सट्टा ब्रह्मज्ञान लिएर सामन्ती तथा पुँजीवादी शोषकहरूको सेवामा, उनीहरूकै रक्षामा लागिपरेका छन् । जब कि श्रीकृष्णले भन्नुभएको छ - **म मान्छेहरूलाई मान्छे नमान्ने बलावानहरूको शत्रु हुँ । मैले सम्पूर्ण गरिबहरूलाई माया गरिरहेको छु । सम्पूर्ण गरिबहरूले मलाई माया गरिरहेका छन् । म पहिले पनि गरिब, अहिले पनि गरिब, पछि पनि गरिब ।**

यो भावना अहिलेका ब्रह्मवादीहरूसँग छैन । हुनेहरूमध्ये पनि समस्त मानवकल्याणमा आफूलाई लगाऊँ भन्ने भावना छैन । ब्रह्मज्ञान प्राप्त भयो भन्दै संसार त्यागेर विरक्तिएर जङ्गलमा बस्न जाने वा पाटीमा वास बस्ने भावनामात्र छ । **यो ब्रह्मज्ञानको विकृति हो ।**

यही विकृतिबाट बच्नका लागि शून्यवादले आत्मा पनि शून्य भनेर परिभाषित गर्दै सबैलाई उस्तै ठानेर व्यवहार गर्नमा जोड दिएको छ । तथापि आज शून्यवादीहरूले पनि बाटो बिराइसकेका छन् । मानवकल्याणमा आफूलाई लगाउनुको सट्टा सामन्ती र पुँजीपतिहरूको चापलुसीमा लाग्नुलाई नै आफ्नो धर्मको रक्षा सम्भिरहेका छन् । सम्यक दृष्टिको अर्थ नै अनर्थ बनाइरहेका छन् ।

भिक्षु निर्गुनानन्दले आफ्नो पुस्तक **बौद्ध शून्ययोग**को ४५ पेजमा सम्यक दृष्टिको अर्थ दुःखको ज्ञान , दुःखोदयको ज्ञान, दुःख निरोधको ज्ञान, दुःख निरोधको पक्षमा डोऱ्याउने बाटोको ज्ञान भन्ने बेहोरा उल्लेख गर्नुभएको छ । त्यस्तै विद्वान् महामहिम राहुलले **बुद्धले के सिकाए ?** (What the Buddha taught ?) भन्ने पुस्तकमा 'सम्यक'को अर्थ 'ठिक' (Right) भन्नुभएको छ । उक्त पुस्तकमा उल्लेखित 'सम्यक' को अर्थ के हो त ? भन्ने प्रश्नको जवाफमा उहाँले भन्नुभएको कुरा र भिक्षु निर्गुनान्दले भन्नुभएको अर्थ सही अर्थभन्दा फरक छ । 'सम' र 'एक' विलय भएर नै 'सम्यक' भएको हो । सम्पूर्ण प्राणी एकै हुन, बराबर हुन् भन्ने भावना नै 'सम्यक' हो । यस्तो अर्थलाई **यँ** (काठमाडौँ) र **यल** (ललितपुर) मा चलिआएको सम्यक भोजले प्रमाणित गरेको छ । जुन भोजमा जातपात, सानोठुलो भन्ने कुनै भेद छैन, सबै बराबर । तर सम्यक भोज पनि हिजोआज विकृत भएर चामल दान गर्ने भई परिवर्तन भयो । सम्यक भोजमा दलितहरू पनि सँगै बसेर खाने गरिन्थ्यो ।

माथिका कुराहरूबाट बुझिन्छ कि मान्छेमात्र बराबर र एकै हो । मनुष्य-मनुष्यको बिचमा कुनै भेद छैन भन्ने नै सम्यकको अर्थ हो ।

यसरी नै श्रीकृष्णले गीतामा भन्नुभएको छ **निर्दोषेहि सम ब्रह्म** अर्थात सबै ब्रह्म हुन्, बराबर हुन् । त्यसैले कुनै दोष छैन । गीताको अर्को श्लोकमा भनिएको छ **विद्या त्र विनयं सम्पन्नम्ह ब्राह्मण ।** यसको अर्थ हो गाई, कुकुर अथवा पोडे, च्यामे सबैलाई बराबर देख्ने मान्छे नै पण्डित हुन् ।

ब्रह्मवादको मूलशिक्षा हो मानवताको सेवा । त्यस्तै, शून्यवादको मूलशिक्षा पनि मानवताको सेवा नै हो । **बुद्धमवेहम् जगतो हिताय** अर्थात जगत्को हितको लागि म बुद्ध हुनेछु । सुख, दुःख, नित्य वा अनित्य भनेर आत्मा वा अनात्मा, काल्पनिक वा भ्रम नि स्वभाव हो भनेर, शून्य हो भनेर महायानीहरूले जगत्को उद्धार गर्ने काम छोड्दैनन् । बरु अनाशक्त भएर, लोभमोह छोडेर, लोकोपकार गर्ने काममा सधैँ लागिरहन्छन् । बुद्धले

आफ्ना शिष्यहरूलाई गर्नुभएको सबैभन्दा पहिलो आदेश हो - **धेरैभन्दा धेरै मान्छेको हितका लागि, धेरै सु:खका लागि, लोकप्रति अनुकम्पा राखी तिमीहरू संसार घुम्नू ।**

**ब्रह्मवाद** होस् या **शून्यवाद**, *मूललक्ष्य त मानवताको सेवा नै हो ।* सबैको दु:ख निवारण नै हो ।

सबै बराबर र एक भएर सम्पूर्ण मान्छेले आँखाबाट आँसु झार्न नपरोस् भन्ने हो । यस्तो राज्य, जहाँ कुनै पनि मान्छेले आँसु झार्न नपरोस् । त्यसैलाई बुद्धले उत्कृष्ट राज्य भन्नुभएको हो ।

तर आज पनि हिन्दुराज्य भनिएको ठाउँ होस् या बौद्ध धर्मावलम्बी शासकले राज्य गरेको ठाउँमा होस्, जनताको आँखामा आँसु छ । अवश्य पनि ब्रह्मवादी र शून्यवादीहरूले एक दुईवटा उपकारको काम गरेको देखिन्छ । गरिबलाई माया गरेर दुईचार पैसा दान गर्ने, एकदुई जोर लुगा दान गर्ने, जाडो याममा दुईचार थान कम्बल दान गर्ने गरेको देखिन्छ । यस्ता परोपकारका कामबाट अवश्य पनि टालो टाल्ने काम भएको छ । तर यसले गरिबहरूलाई, निराधार मान्छेहरूलाई गरिबी र दु:खदरिद्रताबाट मुक्त गर्दैन । हिन्दु राष्ट्र होस या बौद्ध शासकहरूले शासन गरेको देश होस्, लाखौँलाख गरिब जनता अब कसोगरी गुजारा गर्ने होला भनेर हाहाकारमा बाँचिरहेका छन् । युवायुवतीहरू बेरोजगार भएर बर्बाद भइरहेका छन् । बुढाबुढीहरू कसले खुवाउला भनेर मागेर खानुपर्ने अवस्थामा छन् । उनीहरूलाई माग्नुपर्ने बनाइनु भनेको लोकलाई अनुकम्पा गर्नु होइन । सबैलाई सुखी बनाउने बाटो होइन । आज माग्नेलाई माग्न नपर्ने बनाउने, हेरचाह नपुगेकालाई राम्रो हेरचाह गर्ने समाजको निर्माण गर्नुपर्ने हो । म विधवा भएँ, छोरा सानै छ, कसरी गुजारा गर्ने भन्न नपर्ने समाजको निर्माण गर्न आवश्यक छ ।

स्वामी विवेकानन्दले **राजयोग** नामको एउटा पुस्तकमा अपरिग्रहको व्याख्या यसरी गरेको देखियो -

**जब योगीहरूले अरूले दिएका कुनै पनि वस्तु स्वीकार गर्दैनन् अनि उनीहरूमाथि अरूको प्रभाव पनि पर्दैन, उनीहरू कसैप्रति अनुगृहीत पनि हुनुपर्दैन, त्यस्तो व्यवहारले उनीहरू स्वाधीन, स्वतन्त्र र मुक्त भइरहन्छन् । उनीहरूको मन शुद्ध हुन्छ ।**

मार्क्सवाद पनि बुद्धले सिकाएझैँ कठमुल्लावाद होइन । मार्क्सवाद परिवर्तनशील संसारमा परिवर्तित अवस्थामा परिवर्तित दृष्टिकोणबाट देख्न सकिने सिद्धान्त हो । यही नै द्वन्द्वात्मक भौतिकवादी दर्शन हो ।

द्वन्द्वात्मक भौतिकवादका अनुसार हरेक वस्तुभित्र सकारात्मक र नकारात्मक दुवै पक्ष हुन्छन् । हामीले आफ्नो काममा सकारात्मक पक्षलाई बढाउने र नकारात्मक पक्षलाई हटाउने हो । यसरी नयाँ समाजको विकास हुन्छ । त्यो नयाँ समाजमा पनि नकारात्मक कुरा देखिन थाल्छ । त्यस्तो नकारात्मक कुरा निकाल्दै, हटाउँदै यो समाज झनझन अगाडि बढ्ने हो । झनझन राम्रो समाजको निर्माण हुने हो । स्टालिनको पालामा देखिएको नकारात्मक लक्षण हुकुमवादी अथवा नोकरशाही तरिका, मान्छेहरूको लोप हुँदै गरेको आफ्नो पहलकदमी, स्पष्ट रूपमा कुरा राख्न डराउने चलन इत्यादिलाई खत्तम गरी ग्लास्सनोस्ट-पेरेस्त्रोइका (खुलापन, प्रजातान्त्रीकरण, पुनर्गठन आदि ) को सिद्धान्त अगाडि आइरहेको थियो । अवश्य पनि हरेक नयाँ कुराले कठिनाइ  र चुनौतीको सामना गर्नुपर्ने हुन्छ । गोर्भाचोभले हुकुमशाही व्यवस्थाको विरोधमा प्रजातान्त्रिक पद्धति ल्याइरहेका छन् ।

उनको भनाइ हो - संसारमा प्रजातान्त्रिक व्यवस्था स्थापना गर्नुपर्छ । मानवअधिकारको ग्यारेन्टी गर्नुपर्छ । यो प्रस्ताव गोर्भाचोभले अमेरिकाका राष्ट्रपति रेगनसामु राखेका छन् । यसरी संसारमै परिर्वतन ल्याउने काम गोर्भाचोभले गरिरहेका छन् ।

**मार्क्सवादले** यस संसारलाई कसरी अगाडि लैजाने भनेर **द्वन्द्वात्मक भौतिकवादी** बाटो देखाइरहेको छ । मार्क्सले पनि बुद्धले झैँ मैले भनेका कुरामात्र कण्ठाग्र गरेर मान्नु भनेका छैनन् । पुराना गुरुहरूले

भनेअनुसारमात्र गर्ने कुरालाई मार्क्सवाद-लेनिनवादले **कठमुल्लावाद वा जडसूत्रवाद** भन्छ ।

**सिद्धान्त मर्नु हुँदैन, सजीव हुनुपर्छ । जीवनको मुख्य लक्षण परिवर्तन र विकास हो** । हुन त टी.बी.ले ग्रस्त बिरामी बच्चाको शरीर पनि परिवर्तन भई थोरै भएपनि बढ्छ । त्यस्तै गमलामा रोपेको पिपलको रुख पनि परिवर्तन भई केही ठुलो हुन्छ । यस्तो परिवर्तन र विकास अस्वस्थ विकास हो । त्यसैले विकास भनेरमात्र हुँदैन, त्यसको चरित्र के हो भन्ने कुरा पनि हुन्छ । **परिवर्तन** पनि दुई किसिमको हुन्छ । **एउटा परिवर्तन** नाशयुक्त परिवर्तन, **अर्को परिवर्तन** स्वतन्त्र र स्वस्थ विकासको परिवर्तन ।

एक गेडा गहुँ त्यतिकै राखिरह्यो भने किराले खाएर सकिन्छ , हिलोमा फालियो भने झन चाँडै कुहिन्छ, तर त्यही गहुँको गेडाले राम्रो माटोमा रोपिन र जलमल, हेरविचार पाए त्यसबाट गहुँको बोट उम्रिन्छ । त्यही बोटमा सयौं गहुँका गेडाहरू फल्छन् । यही स्वस्थ जीवनको लक्षण हो ।

त्यस्तै, **जीवित सिद्धान्तमा** परिवर्तन भइरहन्छ । यस्तो परिवर्तनले पनि सिद्धान्तको मूल मान्यता समातेर नयाँनयाँ स्थितिमा देखापरेका समस्या समाधान गर्दै अझै विकसित रूप लिँदै जान्छ ।

**ब्रह्मवादी** भनौं या **शून्यवादीहरू**, पछाडि धकेलिएर आआफ्ना पुराना मान्यता समातेर **कठमुल्लावादी** हुँदै आजको समाजलाई बाटो देखाउन नसकेर महत्वहीन भएर बसेका छन् । यिनीहरूले हिजोआज सन्यासी, साधु अथावा भिक्षु हुने बाटोमात्र देखाइरहेका छन् । समाजमा देखिएका अनेक समस्याहरू समाधान गर्ने बाटो देखाउन सकेका छैनन् । त्यसमा पनि जीवनको आधार नै सामन्ती र पुँजीपतिको  भएको कारणले मेहनतकश जनताको समस्या समाधान गर्ने, समाज नै परिवर्तन गरेर नयाँ समाज बनाउनेतिर ध्यान पुगेको देखिँदैन । बरु परिवर्तनको बाटोमा बाधा भएर छेकिरहेको देखिन्छ ।

यदि कुनै पनि मान्छे सच्चा ब्रह्मवादी भए, अथवा शून्यवादी भए, उसले यी लाखौँ करोडौँ मान्छेले पाएको जुन दुःख छ, त्यसको मूल कारण पत्ता लगाएर समस्यालाई सदाको लागि समाधान गर्ने बाटोमा लाग्नुपर्दछ ।

यो संसारमा सबैलाई त्यतिकै महत्व दिएर सबैको जीवन सुरक्षित हुने साम्यवादको विरोधमा नै अधिकांश धर्मगुरुहरू देखिन्छन् । प्रतिक्रियावादको पृष्ठपोषक भएर आजकालका अधिकांश धर्मगुरुहरू ब्रह्मवाद र शून्यवादको मूल रहस्यको विपरीत बाटोमा लागेका छन् ।

निश्चित रूपमा आमजनताको जीवन सुखी बनाउनका लागि त्याग पनि अवश्य नै चाहिन्छ । तर त्यो त्याग सामन्त र पुँजीपति पोस्नका लागि नभईकन आज दुःखमा परेका मान्छेहरूको दुःख हरण गर्दै, त्यस दुःखको मूल कारण सामन्ती,पुँजीवादीलगायत नवउपनिवेशवादी साम्राज्यवादी व्यवस्था उन्मूलन गर्नका लागि लगाउनुपर्दछ ।

मार्क्स, लेनिन इत्यादि महान् नेताहरूले यस्ता त्यागका उदाहरण दिएका छन् । कृष्ण, बुद्धले देखाएको त्याग पनि यस्तै हो । *घर छोडेर बिहारमा आएर मज्जाले जिन्दगी जिउनुलाई त्याग भनिँदैन* । न यस्तो कार्य **निर्वाणको** बाटो नै हो । त्यस्तै घर छोडेर साधु, स्वामी, भनाएर सामन्त र पुँजीपतिहरूले दिएको दानचन्दा लिई आरामको जीवन बाँच्नु त्याग होइन । यो मुक्तिको मार्ग पनि होइन । सम्पूर्ण मानव खासगरी शोषण दमनमा परी दुःख पाइरहेका मान्छेहरूको जीवनलाई सदाको लागि शोषण दमनमुक्त गर्न आवश्यक त्याग नै सही त्याग हो । ब्रह्मज्ञान भएका, शून्यज्ञान भएकाहरूले खोजी गरे भने आफ्नो शरीरसम्म पनि त्याग गरेर जान्छन् ।

यस्तो समाजको लागि **ब्रह्मवादी श्रीकृष्णले साम्यवादी समाजको** कल्पना गरेर जानुभयो भने **शून्यवादी गौतम बुद्धले** उत्कृष्ट राज्यको कल्पना गरेर जानुभयो । कसैको पनि आँखाबाट आँसु रहन नदिने राज्यको कल्पना गरेर जानुभयो । यही कारणले श्रीकृष्णले **परित्राणाय साधुनाम, विनाशायच देष्कृताम्** भनेर कंस, जरासन्ध, दुर्योधन इत्यादि राजाहरूका विरुद्धमा

लडाइँ लडेर उग्रसेन, यशधिस्थिरजस्ता सत्पात्र राजाहरूलाई स्थापित गरेर जानुभयो । अनि युधिष्ठिरका भाइ अर्जुनलाई गीताको उपदेश दिएर सबै प्राणी आफूजस्तै नै हो भनेर सिक्नु भनी मानवताको पाठ पढाएर जानुभयो । अर्जुनलाई श्रीकृष्णले बारम्बार भन्नुभयो **दरिद्राण भई कोन्तेय** अर्थात दरिद्रको (POOR) रक्षा गर । श्रीकृष्णले आफ्नो सम्पूर्ण जीवन मान्छेलाई मान्छे नगन्ने ठुला भनिएका बलिया कंस, जरासन्धजस्ता राजाहरूसँग लडेर जानुभयो । युधिष्ठिरजस्ता धर्मराजको राज्यमा समेत श्रीकृष्ण सन्तोष नभएको देखियो । युधिष्ठिरको राजमा यज्ञ सकिएपछि एकजना ब्राह्मणले एउटा सुनको थाल चोरेर लगेको कुरा युधिष्ठिरले श्रीकृष्णलाई भन्नुभयो । श्रीकृष्णले चोरेर लैजाने ब्राह्मणलाई दोष दिनुको सट्टा महाराज युधिष्ठिरलाई नै आफैँ उत्तरदायी हुनुपर्ने कुरा बताउनुभयो र भन्नुभयो “यो त तपाईंकै दोष हो । यदि महाराजको राज ठिक भएको भए कसैले पनि चोरी गर्नैपर्दैनथ्यो अनि त्यो ब्राह्मणले पनि चोर्दैनथ्यो ।”

यसरी चोरेर जीवन गुजारा गर्न नपर्ने राज्य नै बुद्धको शब्दमा उत्कृष्ट राज्य हो । उत्कृष्ट राज्य भन्नु वा साम्यवादी समाज भन्नु एउटै कुरा हो ।

कृष्णले भन्नुभएको कुरा हो **इहैव तैर्जित सर्ग वषां साम्ये स्थितं** अर्थात आफ्नो मन साम्य भएका अर्थात साम्यवादीहरूले यही पृथ्वीमा सम्पूर्ण कुरा जित्नेछन् । यही पृथ्वीलाई स्वर्ग बनाउने छन् ।

श्रीकृष्णले साम्यवादी समाजका कुरा गरेर जानुभयो । गौतम बुद्धले उत्कृष्ट राज्यको कुरा बताएर जानुभयो । तथापि संसारमा न साम्यवादी राज्य स्थापित भयो, न उत्कृष्ट राज्य स्थापित भयो । जहाँपनि शोषण र दमन भई नै रह्यो । त्यही शोषण र दमनको विरुद्धमा मार्क्स देखापर्नुभयो ।

पहिलेका दार्शनिकहरूले संसारलाई व्याख्यामात्र गरेर गए । साम्यवादी समाज र उत्कृष्ट राज्यको कल्पनामात्र गरेर गए । तर त्यसलाई कसरी व्यावहारिक स्वरूप दिने भन्ने बाटो देखाउन सकेनन् । व्यक्तिगत रूपमा शासकहरू राम्रा भएभने साम्यवादी समाज खडा हुने वा उत्कृष्ट राज्य

स्थापना हुने भनेर श्रीकृष्णले दुष्ट राजाहरूसँग लडाइँ गर्नुभयो भने बुद्धले दुष्ट मन भएका राजाहरूको सोच नै परिवर्तन गरी असल शासक बनाउनुभयो । बुद्धकै ज्ञानबाट परिवर्तन भएका एक राजा हुन सम्राट अशोक । बुद्धदर्शनको प्रभावले दुष्ट अशोक , अशोक महाराज भए । बुद्धले चतु सङ्ग्रहवस्तु अन्तर्गत दान, प्रियवचन, सम्यक, अर्थचर्या तथा समानार्थता आर्य संस्कृतिको राजनीतिशास्त्रको महामन्त्र साम-दामको सट्टा दिएर जानुभयो । बुद्धले दण्डको सट्टा प्रियवचन, भेदको सट्टा सम्यक अर्थचर्यामा जोड दिएर जानुभयो । राजनीतिक क्षेत्रमा बुद्धले साम, दाम, दण्ड, भेदको सट्टा चतु सङ्ग्रह भनेर दान, प्रियवचन, सम्यक अर्थचर्या र समानार्थताको शिक्षा दिएर जानुभयो ।

**दान**

विपतमा रहेकाहरूलाई आवश्यक वस्तु प्रदान गर्ने ।

**प्रियवचन**

मनपरेकालाई बकस दिने, पदोन्नति गर्ने, भेदनीतिको बदलामा प्रियवचनले सम्झाइबुझाइ धर्मको मर्म बुझाइदिने । यो विधिबाट खराब बाटोमा लागेकाहरू पनि असल बाटोमा आउनेछन् । उदाहरण हो अङ्गुलीमाल र अशोकको
जीवन ।

**सम्यक अर्थचर्या**

प्रत्येक मान्छेलाई आवश्यकताअनुसार सहयोग गर्ने । काम सफल र सम्पन्न गरेर सबैको जीवन सुनिश्चित गर्ने ।

**समानार्थता**

सबैसँग आफू बराबर व्यवहार गरेर समानअधिकार दिने, समान इज्जत दिने । जनताको हकअधिकार खोसेर नलिने । **बुद्धले** मानवमात्रलाई समान व्यवहार गर्ने बाटो देखाएर जानुभयो ।

**श्रीकृष्णले** गीता, गीतामा राजयोगको शिक्षा, हरेक मान्छे भगवान् नै हो, आफ्नो र अरू बराबर गरेर जाने, समान व्यवहार गर्ने कुरा बताएर जानु भएपनि, बुद्धले चतुसङ्ग्रह वस्तुको शिक्षा दिएर गएपनि, आज समाजले गीता र बुद्धका अमृतवाणी सबै कण्ठ गरेर पनि समाजका अनेक अनिष्टकारी काम भइरहेका छन् । यसले किन यस्तो हुन्छ भन्ने प्रश्न जन्माएको छ ।

श्रीकृष्ण र गौतम बुद्धले व्यक्ति परिवर्तनको बाटोमात्र सिकाएर जानुभयो । शासक एकजना ठिक भयो भने सबै ठिक हुन्छ भन्ने अनुमान गरेर जानुभयो । तर समाज कसरी परिवर्तन हुँदै जान्छ भन्ने कुरा उहाँहरूले देख्नसक्नु भएन । यो स्वाभाविक पनि छ किनभने त्यस समयमा समाजले त्यस्तो ठुलो फड्को मारेको थिएन ।

आज मानव समाजमा देखापरेका अनेक अनिष्टकारी कार्यहरू बन्द गर्नका लागि मानवमाथि चलिरहेको शोषण, दमनको व्यवस्था अन्त्य गरी मनुष्यमात्रलाई समान राजनीतिक, आर्थिक, सामाजिक अधिकारको व्यवस्था हुन आवश्यक छ । यो समानता समाजवादी व्यवस्था लागु गरेरमात्र सम्भव छ भनेर मार्क्सले भनेरमात्र जानुभएको होइन, यस्तो समाज कसरी स्थापना गर्ने भनेर बाटो पनि देखाएर जानुभएको छ । मार्क्सले देखाएर जानुभएको बाटोलाई नै मार्क्सवाद भनिन्छ । मार्क्सवादको मूलसिद्धान्त हो - द्वन्द्वात्मक भौतिकवाद ।

**मार्क्सले** द्वन्द्वात्मक भौतिकवादी दर्शनमात्र होइन, **समाजवादी अर्थव्यवस्था** र **अर्थव्यवस्थाको** बाटो पनि देखाएर जानुभयो ।

समाजवादी व्यवस्थामा मात्र सम्पूर्ण जनताको जीवन सुखी, सम्पन्न र सुनिश्चित हुनसक्छ । मान्छेहरूका मनमा 'अब म के गरूँ ?' भन्ने भावना नआउने हुन्छ वा त्यसो भन्न नपर्ने हुन्छ । समाजवादमा पनि व्यक्ति ठिक भएनभने बोल्न नपाएका मानिसहरूले दुःख पाउँछन् । यो कुरा स्टालिनको व्यक्तिवादी तरिकाले बतायो । त्यसैले व्यक्ति ठिक नभएपनि हुन्छ भन्न खोजेको होइन । एकातिर सामाजिक परिवर्तनको माध्यमबाट समाजलाई

ठिक ठाउँमा ल्याउनु छ भने अर्कोतिर व्यक्तिगत रूपमा पनि मान्छेहरूलाई परिवर्तन गर्नु छ । व्यक्तिगत रूपमा मान्छेलाई परिवर्तन गर्नका लागि ब्रह्मवाद र शून्यवादले बाटो देखाएको छ । समाज परिवर्तन गरी समाजवाद स्थापना भयो भने व्यक्ति परिवर्तन हुने परिस्थिति तयार हुन्छ । सामन्ती र पुँजीवादी मान्छेले चोरी गर्नुहुन्न, असत्य बोल्नुहुन्न, व्यभिचार गर्नुहुन्न भने तापनि त्यस्तो काम परिस्थितिवश भई नै रहन्छ । बुद्धले भन्नुभएको छ कि मान्छेको चेतन परिस्थितिमा निर्भर छ । यसको विस्तृत व्याख्या मैले आफ्नो लेख **बुद्ध, बुद्धत्व र बुद्धदर्शन**मा गरेको छु ।

समाजवादी समाजमा मानिसलाई यस्तो बाध्यता छैन । तथापि, समाजवादमा पनि असत्य बोल्ने, चोरी गर्ने र व्यभिचारी बानी हुने मान्छे देखापरेका छन् । तर सामन्ती तथा पुँजीवादी व्यवस्थामा जस्तो होइन, अतिकम मात्रामा मात्र देखिनेछन् । यहाँ गीताको शिक्षा र बुद्धको शिक्षा राम्रोसँग लागु गरेर मान्छेहरूलाई सही मार्गमा ल्याउन सकिन्छ । यो कुरा सामन्ती व्यवस्था अथवा पुँजीवादी व्यवस्था वा उपनिवेशवादी व्यवस्थामा सम्भव छैन ।

बुद्धले भन्नुभएको एउटा कुरा यहाँ सम्झन लायक छ । त्यो कुरा हो, हरेक चिज परिवर्तनशील हुनु (HUN) । परिवर्तनबाट कुनै पनि कुरा मुक्त छैन । बुद्धले भन्नुभएको छ - 'शास्त्रमा लेखिएको छ वा मैले भनेर गएको छु भनेको भरमा मात्र नमान्नू । कुनै पनि कुरा मान्नुभन्दाअघि सुन पसलेले सुन जाँचेझैँ हरेक कोणबाट जाँचेर हेर्नू । त्यसरी जाँचेर ठिक प्रमाणित भएको कुरामात्र मान्नू । अथवा व्यवहारमा लागु गर्नू ।'

यो मानव समाज बदलिँदै गइरहेको छ । पहिलेपहिले आदिम समाज अनि दास समाज, पछि सामन्ती समाज आदि । हाम्रो देशमा अहिले उपनिवेशवादी समाज छ । बुद्धले दास समाजमा दिनुभएको शिक्षा ठिक त्यसरी नै यो समाजमा लागु हुँदैन । त्यसैले आज मार्क्सको दर्शन - द्वन्द्वात्मक भौतिकवादको ज्ञान चाहिएको छ ।

बुद्धले आफूलाई मनपरेका शिष्य आनन्दलाई भनेर जानुभयो कि - **हे आनन्द, तिमी आफैंले आफैंलाई बत्ती बनाउनू वा तिमी आफैं बत्ती हुनू । आफैं बलेर सबैलाई उज्यालो दिनू ।** त्यसैले बुद्धको शिक्षा २५०० वर्षअघि सिकाएको शिक्षा नै कण्ठ गरेर आज पनि लागु गरेर काम गर्नुपर्छ भन्ने छैन ।

मार्क्सले आफ्नो समयमा एउटा बाटो देखाउनुभयो । लेनिनको पालामा परिस्थिति फरक भइसकेको थियो । त्यसैले लेनिनले मार्क्सले भन्नुभएका केही कुरा केही परिवर्तन गर्नुपर्‍यो । लेनिनले भन्नुभयो - अब पुँजीवादी प्रजातान्त्रिक क्रान्ति गरेरमात्र समाजवादमा जानुपर्छ भन्ने रहेन । अब सर्वहारा वर्गले आफ्नै नेतृत्वमा मजदुर, किसान (सर्वहारा, गरिब र निम्नवर्गीय किसान) मिलेर अरू पनि क्रान्तिकारी वर्गसँग एकढिक्का भई नयाँ प्रजातन्त्र ल्याउन सकिन्छ । त्यो हो - राष्ट्रिय प्रजातन्त्र ।

आज गोर्भाचोभले विश्वलाई नै परिवर्तन गर्ने नयाँ सिद्धान्त अगाडि सार्नुभएको छ । आज अमेरिकाका राष्ट्रपति रेगन, बेलायतका शक्तिशाली प्रधानमन्त्री मार्गारिट थ्याचरसमेत गोर्भाचोभको तारिफ नगरी नहुने स्थितिमा छन् । पहिले असम्भव भनिएको कुरा गोर्भाचोभले सम्भव बनाइरहनुभएको छ । गोर्भाचोभले आज विश्वको शीतयुद्धको अन्त्य गरिदिनुभएको छ । तनावको वातावरण अन्त भएको छ ।

*आफूले गरेर आएका कामअनुसार नै फल प्राप्त हुने हो । यदि आफ्नो कामलाई नमानीकन 'एकमात्र ईश्वरकर्म' अर्थात 'न्यायफल दिने भनेर त्यो ईश्वरलाई माने पनि' मान्छेहरूलाई उनीहरूको आफ्नो कर्मअनुसार बाहेक अन्य बाटोबाट फल मिल्दैन । काम नगर्नेलाई ईश्वरले केही गर्न सक्दैन । जब सबै प्राणीहरूले आफूले गरिआएको कामको फल भोग्नुपर्छ भने मान्छेलाई इन्द्रको धन के काम ?*

श्रीमदभागवत, दशम स्कन्ध, अध्याय २४ मा भनिएको छ :

**स्वभावतन्त्रो हि जनः स्वभावमनुवर्तते ।**

**स्वभावस्तभिदं सर्व सदेवासुर मानुषम ॥ १६ ॥**

**तस्मात सम्पूजयेत् कर्म स्वभावस्य स्वकर्ममकृत् ।**

**अञ्जसायेन वर्तेत तदेवास्यहिदैवतम् ॥ १८ ॥**

**आजीव्यैकतरमं भावं यस्त्वनेभूपजीवाते ।**

**तस्माद् विन्दतेक्षेममं जारं नार्यसतीयथा ॥ १९ ॥**

'**मानिस स्वभाव** अर्थात प्रकृतिको अधीनमा हुन्छ । मान्छेले स्वभाव अर्थात प्रकृतिअनुरुप काम गर्छ । देवता, असुर, मनुष्य सबैको लागि यो सम्पूर्ण जगत् प्रकृति अर्थात स्वभावअनुसार चलिरहेको छ ॥१६॥'

'कहाँसम्म भने, आफ्नो काम नै मान्छेको गुरु हो, मान्छेको ईश्वर हो । त्यसमाथि पिताजी ।

स्वभावको प्रकृति अनुसार आ-आफ्नो काम गरेर कामलाई नै पूजा गर्नुपर्दछ, जसबाट मान्छेको जीविका सजिलोसँग चल्छ, त्यही उनीहरूको इष्ट देवता हो ॥ १८ ॥'

'आफूले जीविका चलाइरहेको एकमात्र देवता अर्थात आफ्नो काम छोडेर अरूको उपासना गर्नेहरूले व्यभिचारी आइमाईले दुःखपाएजस्तै दुःख पाउने छन् ॥१९॥'

'पिताजी, हामीसँग न कुनै देशको राज्य छ, न ठुलो सहर छ, न गाउँ छ, न घर छ । हामी त जहिले पनि वनवासी । वन र पहाड नै हाम्रो घर । त्यसैले हामीले पूजा गर्ने हो भने हामीलाई दुध दिएर जीवन दिने गाई, गाई चराउनु पर्ने पहाड, अनि लोभमोह केही पनि नराखी सबैलाई बराबर देख्ने ब्रह्मज्ञानी ब्राह्मणको पूजा गर्ने काम गरौँ । यतिमात्र होइन चण्डाल, पतित नै मान्छे भएपनि उसले कुकुरसम्मलाई यथायोग्य वस्तु र खाने कुरा दिएर, गाईलाई पनि खाने कुरा दिएर, यो पर्वतलाई पूजा गरेर खाद्यसामग्री चढाउँछ । हाम्रो गाई चराउनु पर्ने गिरिराज गोवर्धन पहाडको प्रदक्षिणा गरौँ ॥२८,२९॥'

यसरी कृष्णले न देवता पूजा गराउनुभयो, न ईश्वर पूजा गराउनुभयो । बरु गाई चराउने पहाडको पूजा गराउनुभयो । अनि सबैलाई उत्तिकै देख्ने गाई, कुकुर, ब्राह्मण, चण्डालसमेतलाई यथायोग्य भोजन गराउनुभयो, खाना खुवाउनुभयो ।

अब प्रश्न उठ्छ - कृष्ण आस्तिक हुन् कि नास्तिक ? अनि शून्यवादले त ईश्वर मान्ने कुरै भएन भने बुद्ध अर्थात नागार्जुन आस्तिक हुन् कि नास्तिक ?

त्यस्तै, साङ्ख्य योगीहरूले **तत्व साक्षात्कार नै वास्तविक सत्य हो, यसबाटै अन्तिम पुरुषार्थ मोक्ष प्राप्त हुन्छ** भन्ने बताउनुभएको छ । उहाँहरूको भनाइ यस प्रकार छ :

'प्रकृतिको स्वरुपको ज्ञान जीवात्माहरूले गर्न सक्दैनन् । त्यसैले प्रकृतिको अधिस्थता अर्थात सञ्चालक भएर ईश्वर वा परमेश्वरले सृष्टि गर्छन् भन्ने कुरा सत्य होइन किनभने ईश्वरले यो सृष्टि केका लागि गरेका हुन ? आफ्नो लागि वा अरूका लागि ? आफ्नो लागि हो भने सम्पूर्ण सृष्टिको रचनामा उही ईश्वरबाहेक अरू कोही छैन भने सृष्टि कसका लागि गर्ने ? आआफ्नो कामअनुसार प्राणीहरूको सृष्टि हुने हो भने कर्मको आश्रय नचाहिने स्वतन्त्र रूपमा काम गर्न नसक्ने ईश्वरको के महत्व भयो ?'

**साङ्ख्यदर्शन** मान्नेहरूको भनाइ छ - 'ईश्वर वा परमेश्वरले सबै कुरा गर्छन् भन्ने कुरा हुतिहारा तथा तत्वज्ञान नभएकाहरूको गफमात्र हो ।'

अनि साङ्ख्य दर्शनका प्रणेता कपिलमुनि आस्तिक हुन् कि नास्तिक ? कसैले पनि उनलाई नास्तिकभन्न सक्दैन ।

त्यस्तै, **महोपनिषद्** मा उल्लेख छ :

**त्रिणाचिकादि योगान्ता ईश्वर भ्रान्तिमाश्रिता:।**

**लोकायतादि सांख्यान्ताजीवविभ्रान्तिमाश्रिता: ॥७४॥**

**नचिकेतायतज्ञा**नको आधार ईश्वर हुन् भन्ने कुरा भ्रान्तिमात्र हो । त्यस्तै लोकापता इत्यादिले भनेका 'जीव' पनि भ्रान्ति नै मात्र हुन् । **महोपनिषद्**ले एकातिर ईश्वरको खण्डन गरेको छ भने अर्कोतिर आफू एक्लै खानपिउन पाए पुग्ने 'जीव' को पनि विरोध गरेको छ ।

**महोपनिषद्**मा आफैँलाई 'ब्रह्म' भनिएको छ । **अहं ब्रह्मास्मि** अर्थात 'म नै ब्रह्म हुँ' अनि अरू पनि 'ब्रह्म' हुन् । जोसँग ब्रह्मज्ञान हुन्छ उसलाई शोक भन्ने हुँदैन । तरबारले हानेपनि उसलाई कमलको फूलले हिर्काएजस्तो मात्र हुन्छ । आगो बाल्यो भने उसलाई शीतलपानीले नुहाइदिएजस्तो हुन्छ । त्यस मान्छेलाई सुखदु:ख बराबर । मान्छे सबैप्रति मैत्री, करुणा, मुदिता, उपेक्षा आदि गुणले विभूषित हुन्छ । ऊ समुद्रजस्तो विशाल हृदय लिएर, सूर्यले जस्तो आफ्नो कर्तव्यको बाटोमा विचलित नभईकन अगाडि बढिरहन्छ । मान्छेले ईश्वरको बारेमा विचार गर्नुको साटो 'म को हुँ ?' आफैँले आफैँलाई चिन्ने अनि यो सारा विश्व-ब्रह्माण्ड कसरी सृष्टि भयो होला, इत्यादि कुरा बुद्धि लगाएर सोच्ने भनेर **महोपनिषद्**मा उल्लेख गरिएको छ । **महोपनिषद्**लाई नास्तिक भन्न सकिँदैन ।

त्यसैले कुनै पनि मान्छे आस्तिक हो कि नास्तिक हो भन्ने कुरा ईश्वर मान्छ कि मान्दैन भन्ने कुराले मात्र टुङ्गो लाग्दैन । चोर, लुच्चा, डाँका, ज्यानमाराले पनि ईश्वर मानिरहेको हुन्छ । देवताको पूजा गरिरहेको हुन्छ । एकजना त्यस्तै मान्छेले भन्छ कि - दिनभरिमा सयौँ झुट बोल्नुपर्छ, देवता नमानेर के गर्नु ? यसको मतलब, यो भयो कि देवताको पूजा गऱ्यो भने जुनसुकै पाप गरेपनि पचेर जान्छ । के आस्तिकता भनेको यस्तै हो त ? यस्तै कुरालाई अध्यात्मवादी भनिएको छ । के यस्तै कुरा नै अध्यात्मवाद हो त ?

यसबारेमा पनि **महोपनिषद्**को चतुर्थ अध्यायमा यसरी उल्लेखित छ :

**नकाय क्लेशवैधुर्यं न तीर्थायतनाश्रय: ।**

**केवलतनूमनो मात्रजयनासद्यते पदनू ॥ २८ ॥**

अर्थात, 'शरीरको क्लेश नाश गरेर, अनेक तीर्थव्रत गरेरमात्र मान्छेलाई धर्म हुँदैन, मान्छेहरूले आफ्नो मनलाई काबुमा राखेरमात्र परमपद प्राप्त गर्छन् ।'

सबैभन्दा ठुलो कुरा त आफूले आफैँलाई 'म ब्रह्म हुँ, मसँग अनन्त शक्ति छ' भनेर चिन्नु हो । त्यस्तै, सोहम्, 'ऊ ब्रह्म हो' अर्थात अरू पनि ब्रह्म हुन् । त्यसैले म र अरू एउटै हौँ । अरूको दु:ख र मेरो दु:ख एउटै हो । यसरी बुझेर सबैको कल्याणको निम्ति आफू र अरू सबै एकढिक्का भएर लाग्नु नै आस्तिकता हो, अध्यात्मवाद हो । अनन्तशक्तिको सिर्जना गरी संसारमा रहेका सबै मनुष्यप्रति मैत्रीभाव र करुणा राखी, अरूको उन्नतिमा डाह नगरीकन मुदितभावमा आफूलाई प्राप्त मान, अपमान, धन सम्पत्तिबाट उपेक्षाभाव राखी मनुष्यमात्रको कल्याणका लागि लाग्नु पनि आस्तिकता हो, अध्यात्मवाद हो । मनुष्यलाई शोषण, दमनबाट मुक्त गर्नु पनि आस्तिकता हो, अध्यात्मवाद हो । सबैको सुखी जीवनको सुनिश्चितता र उत्तरोत्तर विकासमा लाग्नु नै आस्तिकता हो , अध्यात्मवाद हो, परमपद प्राप्त गर्ने बाटो हो ।

अरू र आफू एकै हो भन्ने बुझेर सबैप्रति मित्रता, करुणा राख्ने आत्मज्ञानीहरूले म र मेरो भन्ने असत् धारणा छोडी सबैलाई आफू देख्ने, आफूभित्र सबै देख्ने आत्मदर्शी मान्छेको आँखाले सूर्य देखेझैँ अन्तस्करणरले परमब्रह्मा परमात्मालाई साक्षात्कार गर्छ । उसमा अहङ्कार हुँदैन, शुद्ध निर्मल आत्मा हुन्छ ।

**सर्वभत समत्वेन जिवैरेणाप्रसंगत ॥**

**.............शान्ति, मैत्री, करुणा आत्मवान ॥**

(कपिलगीता, तृतीय अध्याय)

बौद्ध शून्ययोगको नाममा भिक्षु निर्गुणानन्दद्वारा प्रकाशित पुस्तकमा बुद्धका तत्वज्ञानका केही अंश उल्लेख गरिएका छन् । त्यसको प्रथम अध्यायमा सबै प्राणी बराबर हुन् भन्ने कुरामा जोड दिइएको छ :

**सर्वभूत समत्वेन शून्यं सि दुयातिनान्यथा । श्लोक । ३४॥**
**सम्यक दृष्टि समालम्य योगी ज्ञानेन सुस्थिइ । श्लोक । ३५ ॥**
**दुखितं प्राणीनां दृष्टा योगिनां हृदये सदा**
**कम्पते दुबते चित्त. सा महाकरुणा स्मृता ॥**

अरूको दुःख देखेर योगी पुरुषहरूलाई चित्त दुख्छ, अनि अरूको दुःख निवारणको काममा लाग्छन् । यसलाई महाकरुणा भनिन्छ । करुणा भनेको बुद्धको स्वभाव हो । कोटीकोटी जन्मको तपस्या र सम्पूर्ण विश्वको कल्याण गर्ने भावना नै यसको मूलस्रोत हो । यो सबै प्राणीमात्रको हितमा हुने कुरा हो । यही बुद्धको स्वभाव हो ।

चाहे ब्रह्मवाद होस् या शून्यवाद, सबै दर्शनको लक्ष्य एउटै हो । प्राणीमात्रलाई आफू सम्भ्रेर सबैको कल्याणको कार्यमा लाग्ने । यही साँच्चैको आस्तिकवाद तथा अध्यात्मवाद हो ।

**ब्रह्मवाद** र **शून्यवादले** माथि उल्लेखित कतिपय कुराहरूको कल्पना गरेका छन् । त्यही कुरा मार्क्सवादले व्यवहारमा ल्याउने बाटो देखायो । जहाँ **ब्रह्मवाद** र **शून्यवादले** पुरानो झुम्रो टाल्ने प्रयत्न गऱ्यो, त्यहाँ **मार्क्सवादले** लुगा नै फेर्ने काम गऱ्यो । ब्रह्मवाद र शून्यवादले **व्यक्तिगत सुधारमा** जोड दिएभने मार्क्सवादले **समाज नै परिवर्तन गर्ने मार्गप्रशस्त** गऱ्यो । नयाँ समाज बनाउने बाटो देखाइदियो । त्यस्तो समाज, जहाँ कसैले कसैलाई दान दिन-लिन नपरोस् । त्यस्तो समाज, जहाँ सम्पूर्ण जनता नै देशको मालिक होस् । सम्पूर्ण जनता राजनीतिक व्यवस्थाको मालिक, अर्थव्यवस्थाको मालिक र सामाजिक व्यवस्थाको मालिक होस् । जुन समाजमा, जनतामा आफ्नो भाग्य आफैंले बनाउने अधिकार र शक्ति होओस्, जुन व्यवस्थामा हरेक मान्छेले आफ्नो पूर्णविकास गर्न पाउने बाटो खुलेका होऊन् । मार्क्सले निश्चित रूपमा देवताको पूजा गर्दैनन् , ईश्वर मान्दैनन् तर मार्क्सले सम्पूर्ण जीवन मानवकल्याणको लागि अर्पण गरेर सदासदाको लागि शोषण, दमन, अत्याचारबाट मुक्त गरेर आम जनताको सुख र सम्पन्नता सुनिश्चित गर्नुभयो । जतिजति देश विकास

हुँदै जान्छ, त्यतित्यति नै उनीहरूको जीवन झनझन सुखी र सम्पन्न हुने व्यवस्था स्थापना गर्ने बाटो देखाइदिनुभयो ।

यसका लागि मार्क्सले अनेक दुःख बेहोर्नुपर्‍यो । औषधि गर्न नसकेर उहाँको एक्लो छोराको मृत्युभयो । खानेकुरा नभएर कोट बन्धकी राख्नुपर्‍यो । खानेपिउने वस्तु उधारोमा ल्याएकोमा पैसा तिर्न नसकेर उहाँका कम्बल र ओछ्यानसमेत पनि लिलामीमा राखियो । बेलायत जाँदा कति समय सिमेन्टको चिसो भुइँमा सुत्नुपर्ने अवस्था आयो । दुध पिउने बच्चाकी आमाको दुध नआएर घाउ नै भयो । तैपनि मार्क्स आफ्नो बाटोबाट विचलित हुनुभएन ।

यस्तो अवस्थामा आएर उहाँका साथी मैयर्सले सहयोग गर्नुको सट्टा एउटा पत्र लेखेर पठाइन् । त्यो पत्रमा लेखिएको थियो - **'हे मार्क्स, तिमीले यो संसार बुझेनौ । तिमीले आफ्नो कलम फर्काऊ ।'**

मार्क्सले सम्पूर्ण जनतालाई शोषण दमनबाट मुक्त गर्न आफ्ना मित्र एङ्गेल्ससँग मिलेर सयौं पुस्तकहरू लेख्नुभयो । जनताको दुःखदरिद्रको मूलकारण उनीहरूमाथि भइरहेको शोषण हो । त्यो शोषण दमनको मूलकारण सामन्ती र पुँजीवादी व्यवस्था हो । सामन्ती र पुँजीवादी व्यवस्थाको जरासमेत उखेल्न सकेमात्र सम्पूर्ण जनता शोषण र दमनबाट मुक्त हुन्छन् । आफ्नो देशको मालिक आफैं भएर निरन्तर विकासको बाटोमा हिँड्न सकिन्छ । यही कुरा दर्शाउन उहाँले दर्शन सम्बन्धी, राजनीति सम्बन्धी, अर्थ सम्बन्धी अनेक पुस्तकहरू लेख्नुभएको छ ।

यस्ता पुस्तक लेखिनु सामन्तीहरूलाई मनपर्ने कुरा अवश्य नै थिएन, पुँजीपतिहरूलाई मनपर्ने कुरा पनि थिएन । सामन्ती सरकार अथवा पुँजीवादी सरकारलाई मनपर्ने कुरा पनि थिएन । त्यसैले सामन्ती तथा पुँजीवादी शोषकहरूले उहाँलाई आर्थिक नाकाबन्दीमा पुर्‍याए । केही काम गर्न दिएनन् ।

उहाँलाई प्रुसियाको मन्त्री हुन पनि बोलाइएको थियो तर उहाँले जवाफ दिनुभयो - "मलाई घुस चाहिँदैन ।" उहाँ मन्त्री हुन जानुभएको भए अवश्यपनि दुःख हुने थिएन । तर जनतालाई दुःखमुक्त गर्ने बाटो भने अवश्य पनि देखाउन सक्नुहुन्नथ्यो ।

मैयर्सको सल्लाहअनुसार मार्क्सले कलम अन्तै घुमाएर गरिब, शोषितपीडित जनतालाई बाटो देखाउनुको सट्टा सामन्ती र पुँजीपतिलाई खुसी बनाउने पुस्तक लेखेको भए लाखौँलाख पैसा त कमाइन्थ्यो होला ।

मार्क्सले दुईवर्षपछि मैयर्सको त्यो पत्रको जवाफ यसरी दिनुभयो :

**"मैयर्स, मलाई मेरो कलम फेर भनेर सल्लाह दियौ । म भैँसी भएर जन्मेको भए आफ्नो छाला र हाड जोगाउन कलम फेर्नुहुन्थ्यो । तर म मान्छे भएर जन्मेको हुनाले यो संसारका करोडौँ करोड मान्छेको दुःख हेरेर नदेखेझैँ गरी कलम फेर्न सक्दिनँ ।"**

रुसमा क्रान्तिकारी परिवर्तन ल्याउनका लागि र देश विकास गर्नका लागि लेनिनले त्यस्तै त्याग गर्नुभएको छ । कहिले आलु उसिनेर खाएर, किसानहरूको छाप्रोमा बास बसेर, कहिले तीन दिन सम्म भोकै बसेर काम गर्नुभएको छ। रुसमा अक्टोबर क्रान्ति सम्पन्न गरिसकेपछि संसारको शक्तिशाली देशको सर्वेसर्वा भएर पनि उहाँले जारशाहीले लिएको जस्तो सुविधा लिनुभएन । बरु उहाँले देश विकासको लागि पैसा बचाउनको लागि, त्यस्तो पदमा बसेर पनि पुरानो भुइँमा बसेर गहुँको ढिँडो खाएर दिन बिताउनुभयो । मार्क्सको असीम त्यागले, लेनिनको असीम त्यागले सम्पूर्ण मानवलाई शोषण, दमनबाट मुक्त गरी उनीहरूको जीवन सुखी सम्पन्न बनाएर जानुभयो । यो उदाहरण हिजोआज आफूलाई स्वामी, भन्ते, भनाउनेहरू कोहीसँग छैन । ब्रह्मवाद र शून्यवादको बखान उहाँहरूले गरेपनि उहाँहरूको चित्त यति सफा अनि **तृष्णा र शारीरिक पिपांसा**बाट मुक्त देखिँदैन । पौराणिककालमा यस्ता एक-एकजना व्यक्तित्वमात्र देखिन्छन् । महादेव, कृष्ण, गौतम बुद्धहरूको त्याग र मानवकल्याणको निम्ति उहाँहरूले गर्नुभएको कर्म सराहनीय छ ।

ब्रह्मज्ञान लिएर, शून्यको ज्ञान लिएर, मार्क्स-एङ्गेल्सहरूले जस्तै लोभ, मोह, तृष्णा नराखीकन मानवकल्याणका लागि जीवन अर्पण गर्ने मान्छे अति दुर्लभ छन् ।

ब्रह्मवाद र शून्यवादले व्यक्तिगत रूपमा मान्छेलाई केही परिवर्तन गरेपनि मार्क्स, एङ्गेल्स र लेनिनले झैं **विश्व**समाजलाई नै परिवर्तन गरी दुःखदरिद्रता नभएको समाज बनाएर जानसकेको देखिँदैन । ब्रह्मवाद, शून्यवादले मैत्री, करुणा , मुदिता, उपेक्षाका शिक्षा दिएपनि मुट्ठीभर मान्छेलाई मात्र प्रभावित गरे । गरिबलाई दान दिने, माया गर्ने कुरा सिकाइयो, तर कुनै पनि मान्छे गरिब भएर बाँच्नु नपर्ने समाज निर्माणको बाटो भने बनाउन सकेन । बरु त्यसका कारण कतिपय मान्छे समाज छोडेर जङ्गलमा बसेर तपस्या गर्न जाने काम भएको छ । त्यसले समाजलाई बलियो बनाउनुको सट्टा कमजोर बनाएको छ । त्यो सन्यास भावले आमजनतालाई भगवान अथवा ईश्वरको भरोसामा छोडिदिएको छ । जे भएपनि ईश्वरको कृपा भनेर सहने बानी बसालिदिएको छ । अनि त्यसले दुस्मनको प्रहारको विरुद्धमा उभिएर आफ्नो देशको रक्षा गर्ने शक्ति क्षीण गरिदिएको छ । भारतमा अनेक राजाहरू मुसलमान राजाहरूको आक्रमणमा तुफान आएको बेलामा रुख ढलेझैं ढले । सम्पूर्ण भारतमा मुसलमान राज्य खडा भयो । नेपालसम्म पनि मुसलमान राजाको आक्रमण रोक्न नसकेर पशुपतिनाथको मूर्ति टुक्राटुक्रा पारेको हेरिरहनु पर्‍यो ।

यो हिन्दु दर्शनको विकृतिको देन हो । सामन्ती राजाहरूले जनतालाई चारवर्ण, छत्तिस जातमा विभाजित गरी राजनीतिबाट अलग गरेको कामको फल हो । जनतामा यही राजनीतिक चेतनाको अभावका कारण पछि आएर अङ्ग्रेज साम्राज्यवादले भारतमा सयौं वर्ष राज्य गरेर गयो ।

**धर्मेन धारयते जगत्** भनियो । तर ईश्वरको, अल्लाहको नाममा हिन्दु तथा मुसलमान शासकहरूले आफ्नो देशको रक्षा गर्न सकेनन् किनभने शासकहरू आफ्नै मोजमज्जामा मस्त थिए भने जनतालाई ज्ञानरहित,

अनपढ बनाएर ईश्वरको भरोसामा बस्ने सिकाएर हुतिहारा अवस्थामा राखे । जनतालाई ठुलो रुखको विरुवासरी कहिल्यै माथि उठ्न दिइएन ।

हाम्रो ईश्वरको भरोसामा बस्ने धर्मले हाम्रो रक्षा गर्न सकेन । कृष्णले सिकाएको कुरा यो थियो कि भगवानले कसैलाई पनि धर्म पनि दिँदैन, पाप पनि दिँदैन । आफैँ आफ्नो शत्रु हो । आफैँ मित्र हो । त्यसैले सबै जनता सङ्गठित भएर आफूले आफैँलाई रक्षा गर्नुपर्छ भन्ने कुरा नै बिर्सियो ।

यो एकोहोरो दर्शन, **ब्रह्मसत्यम् जगत्मिथ्या** भन्ने नाराको देन हो । जगत् नै मिथ्या भनिसकेपछि यस जगत्लाई देवताले रक्षा गर्छन् भन्ने भावनाका कारण मानिसले देश र जनताप्रतिको कर्तव्य नै बिर्सिदिए ।

**ब्रह्मैवेदं विश्वमिदं वरिष्ठम् ।**

एकातिर ब्रह्मवादीहरूले **ब्रह्मसत्यम् जगतमिथ्या** भनिरहेका छन् भने अर्कातिर ब्रह्मवादीहरूकै भनाइ छ, **ब्रह्मैवेदं विश्वपिदं वरिष्ठम ब्रह्म एवं इदं विश्वम इदं वरिष्ठम** अर्थात यो वरिष्ठको विश्व नै ब्रह्म हो । जब विश्व नै ब्रह्म हो भने यो संसार कसरी झुटो हुन्छ ? जब देशको व्यवस्था राम्रो हुन्छ, मान्छेहरूको उत्साह बढ्छ । अनि मान्छेले भन्छ - यो विश्व सत्य हो । जब देशको व्यवस्था नराम्रो हुन्छ, मान्छेहरू निरुत्साहित हुन्छन्, गरे जतिको काम बिग्रिन्छ अनि मान्छेहरूले भन्न सुरु गर्छन्, यो संसार नै झुटो हो । त्यसैले **ब्रह्मसत्यम् जगत मिथ्या** भन्ने कुरा निराशावादीहरूको हो । जब कि **ब्रह्मैवेदं विश्वमिदं परिष्ठम्** भन्ने कुरा उत्साह र उमङ्ग भएकाहरूको हो ।

मानिसहरूले पानीका फोकाहरू देख्छन् । केही समयपछि फुटेर सकिन्छ । यही हेरेर मान्छेहरूले भन्छन् - जीवन पानीको फोकाजस्तै क्षणिक र असत्य छ । मान्छेहरू यो बुझ्दैनन् कि हुँदै नभएको पानीको फोका बन्यो, भएको हरायो । तर पानीको फोका केही नभएको ठाउँबाट बनेको होइन । वर्षाबाट आएको पानी होस् या माटोमै रहेको पानी, आकाशमा

रहेको हावा मिलेर बनेको हो । केही समयपछि पानीको फोका फुट्यो । पानीको फोका नै हराएको होइन । उसको रूप बदलिएको हो । पानीको फोकामा भएको पानी वर्षादको पानी वा माटोमै रहेको पानीमा मिसियो । त्यसमा भएको हावा आकाशमा भएको हावामा मिल्न गयो ।

यो विश्व-ब्रह्माण्डमा कुनै पनि वस्तु नाश हुँदैन । रूपको मात्र परिवर्तन हुन्छ । एउटा मैनबत्ती बालेर सकिएछ भने पनि मैनबत्ती सबै सकिएको होइन । त्यो मैनबत्ती बलेर सकिए पनि जुनजुन वस्तु मिलेर मैनबत्ती बनेको हो, ती सबै वस्तु संसारमा रहिरहन्छन् । कतिपय पानी भएर, कतिपय हावा भएर, कतिपय खरानी इत्यादि भएर । यी सबै नफालीकन जोखेर हेरियो भने, मैनबत्तीको सुरुको आकारमा जति तौल थियो त्यति नै रहन्छ । किंचित पनि फरक हुँदैन । एउटा ठुलो बिर्को भएको सिसीमा मैनबत्ती बालेर हेऱ्यो भने, त्यस सिसीमा मैनबत्ती नबाल्दाखेरि जति तौल थियो, मैनबत्ती बालेर सकिसक्दा पनि त्यतिनै तौल हुनेछ । भन्नखोजेको कुरा के हो भने , संसारमा भएका वस्तु नाश हुने होइन, रूपमात्र परिवर्तन हुने हो । त्यस्तै, केही पनि हुँदै नभएकोबाट कुनै नयाँ वस्तु पनि बन्दैन ।

बरु विज्ञानले यो प्रमाणित गरेको छ कि भौतिक पदार्थ शक्तिमा परिवर्तन हुनसक्छ र शक्ति पुनः भौतिक पदार्थमा परिवर्तन हुनसक्छ । तर जतिसुकै रूप परिवर्तन भएपनि भौतिक पदार्थ र शक्तिको कुल जोड एउटै हुन्छ ।

विश्वमा कुनै पनि वस्तु हराएर जाँदैन । भएको वस्तु नाश भएर जाँदैन । यही कुरा कृष्णले **गीताको २९ औं** अध्यायमा भन्नुभएको छ कि **नहुनेबाट केही पनि भएर आउँदैन । भएको वस्तु पनि हराएर जाँदैन** ॥१६ ॥

विश्व-ब्रह्माण्डमा भएका सबै वस्तु अविनाशी हुन् । संसारमा कुनै पनि नयाँ ईश्वरले बनाउनु पर्ने होइन । न त भएको वस्तु नाश गर्ने शक्ति नै ईश्वरमा छ । एउटा वस्तु अर्को वस्तुको रूपमा स्वभाविक रूपमा नै परिवर्तन हुँदै गइरहेको छ । एउटा वस्तु परिवर्तन भई अर्को वस्तु हुँदैमा त्यसलाई नाश भयो भनिँदैन । त्यसैले विश्व-ब्रह्माण्डमा भएका वस्तुलाई

अविनाशी भनिएको हो। सारांशमा कुरा के हो भने, एकजना कुनै ईश्वरले कतै बसेर नभएको वस्तु बनाइरहेको छैन।

यो विज्ञानसम्मत मत हो। यो नै द्वन्द्वात्मक भौतिकवादको एउटा मत हो। अनि श्रीमद्भागवत गीताको मत पनि यही हो।

**द्वन्द्वात्मक भौतिकवादको** अर्को मत हो - मात्राको फरकले गुणमा फरक हुन्छ। पानीमा तापक्रमको मात्रा शून्य भयो भने पानी, पानी नभएर बरफ हुन्छ। त्यही पानीको तापक्रमको मात्रा एकसय डिग्री पुग्यो भने पानी,पानी नभईकन बाफ हुन्छ। विश्वमा जेजति वस्तुहरू छन् सबै नै इलेक्ट्रोन, प्रोटोन, हाइड्रोजन ग्यासले बनेका हुन् भने त्यसरी नै दुईवटा प्रोटोनले हेलियम ग्यास बनेको छ। त्यस्तै एक-एक इलेक्ट्रोन-प्रोटोनको फरकले एउटा-एउटा वस्तु बनिरहेका छन्। अक्सिजनका दुईवटा कण मिलेर प्राणवायु बनिरहेको छ भने अक्सिजनका तीन कण मिलेर ओजोन ग्यास बनिरहेको छ। प्राणवायु र ओजोन दुवैमा अक्सिजन कण भएको भएपनि प्राणवायु र ओजोनको गुण फरक छ। त्यस्तै विभिन्न वस्तु मिलेर विभिन्न प्रकारका वस्तु बनिरहेका छन्। वर्षा, पानी, हावा मिलेर फूल फुलिरहेको छ। फूलले सुगन्ध दिइरहेको छ। सुगन्ध फूलको गुण हो। त्यस्तै अनेक वस्तु मिलेर जीव पैदा भयो। जीवको चेतना जीवको गुण हो। जीवको विकास हुँदै सबैभन्दा चेतनशील मानिसको रूपमा विकास भयो। यो चेतना मान्छेको मगजको देन हो। मगज साटियो भने चेतनाको स्तर पनि साटिने छ। स्यालको मगज मान्छेको मगजसँग साटियो भने, स्यालको चेतना जति छ त्यतिमात्रै उसको चेतना हुनेछ। त्यस्तै सानैदेखि जस्तो सङ्गत र समाजमा हुर्केको हो, उसको दिमाग र चेतना पनि त्यस्तै भएर जान्छ।

लखनउमा रामु नाम गरेको एकजना बालकलाई हाइनाजस्तै जनावर (हुन्डार) ले लिएर गयो। त्यो बालकलाई त्यही हुन्डारले पाल्यो। दश वर्षको उमेर पुगेपछि, उसले हाइनाले हमला गरेजस्तै हमला गरेर मान्छे मारेर खाने भयो। एकदिन त्यो बालक आफ्नै गाउँमा हमला गर्न आएको

बेला पक्राउ पऱ्यो । त्यो बालक हाइनाले झैँ चार हातखुट्टा टेकेर हिँड्थ्यो । हाइनाले झैँ आवाज निकाल्थ्यो । हाइनाको जे स्वभाव हो उसको पनि त्यही स्वभाव थियो । उसलाई पक्रेर फेरि मान्छेकै जस्तो स्वभावमा फर्काउनका लागि अनेक कोसिस गर्दा पनि उसको स्वभाव मान्छेको जस्तो भएन । पच्चिस वर्षको उमेरमा उसको मृत्युभयो । मृत्युपछि उसको टाउकाको गिदी चिरेर हेर्दा पत्ता लाग्यो कि हाइना जनावारको गिदी जस्तो हुन्छ, त्यस बालकको पनि त्यस्तै थियो ।

प्रत्येक चेतनाको स्तर मान्छेको दिमागअनुसार हुन्छ । मान्छेको दिमागको चेतना नै मान्छेको चेतना हो । त्यो चेतना पनि मान्छे हुर्केको समाजअनुसार विकास हुन्छ । गाउँ, पहाडमा हुर्केको र सहरमा हुर्केको मान्छेको चेतना फरक-फरक हुन्छ । त्यही मान्छे गाउँबाट सहर आएर दुईचार वर्ष बस्यो भने पनि चेतनाको विकास हुँदै जान्छ ।

मार्क्स अतिभौतिकवादी, यान्त्रिक भौतिकवादी, विशुद्ध भौतिकवादी होइनन् । यान्त्रिक भौतिकवादलाई मार्क्सका मित्र एङ्गेल्सले अमानुषिक भौतिकवाद भनेका छन् । यान्त्रिक भौतिकवाद, अतिभौतिकवाद र विशुद्ध भौतिकवाद पुँजीवादी भौतिकवाद हुन् । पुँजीवादीहरूले मान्छेलाई मान्छे नगनेर यन्त्रमात्र सम्झिन्छन् । उनीहरूको विचारमा मान्छे पनि कुरा गर्नसक्ने यन्त्रमात्र हो । दास जमानामा दासका मालिकहरूले दासलाई कुरा गर्नसक्ने जनावरका रूपमा व्यवहार गरे झैँ पुँजीवादी जमानामा पुँजीपति वर्गले मजदुर किसान वर्गलाई कुरा गर्नसक्ने यन्त्रको रूपमा व्यवहार गर्छन् । मान्छेको आवाज र घडीको टिकटिक उनीहरूका लागि बराबर । त्यसैले दासयुगमा दासलाई मालिकले जे गरेपनि हुन्छ । मारे पनि हुन्छ । बाघसँग कुस्ती खेलाएर तमासा हेरेपनि हुन्छ । नरबलि भनेर बलि दिएपनि हुन्छ । वधस्थलमा राँगो काटे झैँ लहरै राखेर काटे पनि हुन्छ । दुईजना दासलाई लडाएर एकले अर्कालाई हराएपनि हुन्छ । हारेकोलाई मार्न लगाएर तमासा हेरे पनि हुन्छ ।

ग्रिसयुगको दास व्यवस्थामा यस्ता घटनाहरू हुने गर्थे । असुरहरूको दास समाजमा हजारौँ हजार मानिसहरूलाई होमकुण्डमा बलि दिने गरिन्थ्यो । हजारौँ हजार मान्छेलाई तरबारले काटिन्थ्यो । अथवा गदाले हानिन्थ्यो । कहिले त मान्छेका हातखुट्टा काटेर शरीरमात्रैको चाङ लगाएर भित्ता बनाएझैँ बनाउँथे । त्यो अत्याचार सबै असुरहरूको पालाको दास व्यवस्थामा भयो ।

हिटलरले मान्छेहरूलाई गर्नसम्मको अत्याचार गऱ्यो । ग्यासच्याम्बर बनाएर, विषालु ग्यास पठाएर एकैपटक हजारौँ मान्छेलाई मार्थ्यो । मान्छेहरूलाई चारवटा पाउरोटी र अलिकति जाम दलेर खुवाउँथ्यो र दिनभर काम गराउँथ्यो । अलिकति कमजोर भयो भने ग्यासच्याम्बरमा लगेर मारिन्थ्यो ।

दयामायारहितको यान्त्रिक भौतिकवादले नाजीवादको नाममा हिटलरले जर्मनको एकाधिकार पुँजीवादको सेवा गरेको हो । हिटलरको पालामा हजारौँ, लाखौँ बालकको ज्यान लिएर उनीहरूको कपाल ब्रुस बनाउन जम्मा गरियो । सुनको दाँत लगाएकाहरूको दाँत निकालियो । आज पनि पूर्वी जर्मनीमा हिटलरले गरेको अत्याचार देखाउनका लागि ती यातनागृहहरू त्यतिकै राखिएका छन् ।

त्यो अत्याचार आज अमेरिकी साम्राज्यवादले सिकिरहेको छ । राजनीतिक स्वतन्त्रताको चाहना राख्नेहरूलाई अनेक यातना दिइरहेको छ । खासगरी अमेरिकी साम्राज्यवादको प्रभुत्वमा परेका उपनिवेशवादी देशमा रहेका देशभक्तहरू यी सारा यातना सहेर आफ्नो देशलाई साम्राज्यवादबाट मुक्त गरी प्रजातान्त्रिक व्यवस्था स्थापना गर्न लडिरहेका छन् । उनीहरूका सम्पूर्ण दुःखकष्टलाई वास्ता नगरीकन लडेर कतिपय देशले आफूलई स्वतन्त्र भई जनवादी प्रजातान्त्रिक देशको रूपमा रूपान्तरण गरेका छन् । द्वितीय विश्वयुद्धको समयमा जापानले पनि हिट्लरसँग मिलेर चीनमा हमला गरी कम अत्याचार गरेको होइन । आफ्नो देशमा प्रजातन्त्र,स्वतन्त्रता, जनवादको चाहना गर्ने मान्छेहरूलाई लहरै राखेर

पछाडि हात बाँधी, घुँडा टेकाएर बोका काटे झैँ काटेका तस्विर छापिएका त्यसबेलाका अखबार पढ्नेहरूले भुल्न चाहेर पनि भुल्नै नसकिने दृश्यहरू हुन् । बुद्धधर्मावलम्बी शासकहरूले शासन गरिरहेको देशमा यस्तो अमानवीय हिंसा कसरी हुन गयो ?

आज पनि बौद्ध वा हिन्दु अनेक धर्मावलम्बी देशमा अनेक अमानुषिक काम भइरहेका छन् । खासगरी प्रजातन्त्र र जनवादका निम्ति लड्नेहरूका विरुद्ध त्यस्तो कार्य भइरहेको छ । ती देशहरूमा ब्रह्मवाद कता गयो ? शून्यवाद कता गयो ? मानवता कता हरायो ? फेरि एकपटक आसुरी चरित्र उनीहरूले देखाइरहेका छन् । प्रजातन्त्र नभएको, हुकुमशाही चलेको देशमा यस्ता नानाथरीका अमानवीय यातना आम कुरा भएका छन् । मान्छेले नै मान्छे गायब गरिरहेको छ ।

यस्ता आसुरी चरित्रको विरोधमा नै ब्रह्मवादको प्रादुर्भाव भएको हो । हिन्दु धर्मले बाटो छोडेर नाना हिंसा, असत्य, लोलुपता, तृष्णा,शारीरिक पिपासा, अन्याय, अत्याचार बढिरहेको विरोधमा गौतम बुद्धले मानवतावाद, सदाचार, शान्तिको बाटो देखाउनुभएको हो । बुद्धले देखाउनुभएको बाटो पनि आज प्रभावहीन भएर बुद्धमार्गीहरू पनि हिंसा, असत्य, लोलुपता, तृष्णा,शारीरिक पिपासामा लागिरहेका छन् ।

ब्रह्मवादीहरू स्वामी, साधु, सन्त हुने, शून्यवादीहरू भिक्षु हुने बाटोमा मात्र लागिरहेका छन् । हिन्दुधर्म, बौद्धधर्म आज धर्मको नाममा विधिविधान पुऱ्याउने माध्यममात्र भइरहेका छन् । ब्रह्मवादीहरू स्वामी, साधु, सन्त हुने, शून्यवादीहरू भिक्षु हुने बाटोमा गइरहेका छन् ।

निश्चित रूपमा ब्रह्मवादी दर्शनले पहिलेको आसुरी प्रवृत्ति हटाउने काम गऱ्यो । मान्छेलाई असुर होइन मान्छे बनाइदियो । त्यस्तै शून्यवादले हिन्दुधर्ममा भित्रिएका विभिन्न कुरीति हटाउने काम गऱ्यो । यही कारणले पहिलेका अनेक विद्वान् ब्राह्मणहरूले पनि बौद्धधर्म स्वीकार गरिरहेका छन् ।

ब्रह्मवाद भनौँ वा शून्यवाद, दुवैको उद्देश्य मान्छेमा भएको आसुरी स्वभाव हटाएर मानवमात्र बराबर हुन, सबैको दुःखसुख उही हो, त्यसैले सबैले सबैलाई मायादया,मैत्रीभाव, करुणा ,परस्पर मायाप्रीतिका साथ मानवताको सेवा गर्ने बाटो देखाउनु हो । ब्रह्मवाद र शून्यवाद दुवैको उद्देश्य मानवताको सेवाको निम्ति आफूले आफैँलाई बलिदान दिन परेपनि हाँसीहाँसी मर्ने बाटो देखाउनु हो ।

तर आज ब्रह्मवाद र शून्यवाद दुवै जनतालाई सामन्तीहरूको कुबाटोमा डोऱ्याउने हतियार बन्नपुगेका छन् । ब्रह्मवादको नाममा ईश्वरवाद अगाडि सारेर यो संसारमा जे जति काम भइरहेका छन् सबै ईश्वरको अनुकम्पाले भएका र सबै आआफ्नो भाग्यका कारण भएका हुन् भन्ने कुरो आत्मसात गराई बर्बादीपूर्ण जीवनको बाटोतिर अग्रसर गराइएको छ । शासक र शोषकहरूको सुःख, ऐश्वर्य पनि भगवानको कृपाबाट प्राप्त भएको भनेर शोषण, दमन, अत्याचारलाई सहेर जीवन गुजारा गर्ने बाटो देखाएको छ । अलिकति ज्ञान भएका होनहार मान्छेहरूलाई स्वामी, साधु, भिक्षु बनेर समाज, संसार छोडेर अलग बस्ने बाटो देखाइएको छ । **ब्रह्मसत्यम् जगतमिथ्या** भनेर एकोहोऱ्याइएको छ । अझ दुःखीहरूलाई दुःखबाट मुक्त गर्नेको नाममा व्यावहारिक रूपमा दुःखलाई पन्छाउनुको सट्टा सहेर बाँच्ने बाटो देखाइएको छ । मान्छेहरूलाई यो संसारबाट विरक्त बनाएर सन्यासभावको वृद्धि गर्ने काम भइरहेको छ। यसै कारणले पूरा भारत अरूको कब्जामा पऱ्यो । त्यस मुलुकले हजारौँ वर्ष दुःख गरेर गुजारा गर्नुपऱ्यो ।

मुसलमान आक्रमण पहिलेका शासकहरू पनि असल र शुद्ध थिएनन् । उनीहरूसँग पनि आसुरी प्रवृत्तिको कमी थिएन। सामन्ती शोषण र दमन यथावतै थियो । त्यसलाई नै कलियुग भनेर जनताले सहँदै गए । शासकवर्गको अन्याय,अत्याचारले आजित भइरहेका जनताले **तुलसीकृत रामायण**मा भनेझैं **कोई नृप होय क्यागोसाई** भन्न सुरु गरे । यस्तो अत्याचार, शोषणमा परेका जनताका लागि कुन स्वदेशी शासक, कुन

विदेशी शासक बराबर नै रहे, जसले गर्दा विदेशीहरूलाई भारत कब्जा गर्न सजिलो भयो ।

यदि जनताले **ब्रह्मदर्शन** वा **शून्यदर्शन** ग्रहण गरेर राजनीतिक रूपमा एकढिक्का रहेको भए मुट्ठीभर विदेशी आक्रमणकारीहरूले विशाल भारत विजय गर्न कठिन हुन्थ्यो ।

तर सामन्ती शासकहरूले आफ्नो स्वार्थ रक्षा गर्नका लागि जनतालाई अज्ञान र अन्धकारमा राखेर राजनीतिक चेतनाविहीन बनाइदिए । त्यसमा पनि ४ वर्ण ३६ जात बनाएर लड्ने हतियार सबै क्षत्रीको हातमा पारेर बाँकी जनतालाई पङ्गु र निहत्था बनाइदिए । क्षत्री भने पनि मुट्ठीभर शासकहरूमा मात्र हतियार थमाइदिए । क्षत्री नै भएपनि शासकहरूलाई विश्वास नलागेका जनसाधारणहरूमा अवश्य पनि हतियार थिएनन् होला । यस्तो स्थितिमा विदेशी आक्रमणकारीहरूले सजिलै विजय हासिल गर्नु स्वाभाविक हो । यी सबै सामन्ती व्यवस्थाकै देन हुन् ।

एकातिर ब्रह्मज्ञानले सबै बराबर भनेर प्रचार गरेको छ भने, अर्कोतिर शून्यवादले सम्पूर्ण मानवका लागि मैत्री र करुणामा जोडदिएको छ। त्यही ब्रह्मवाद र शून्यवाद तोडमरोड गरेर सामन्ती शासकहरूले आमजनतालाई यो संसार झुटो हो भनेर संसारबाट विरक्त गराउँदा आखिर आफूले पनि धोका खाए ।

**ब्रह्मसत्यम् जगत्मिथ्या** होइन, ब्रह्मसत्य हो भने त्यस्तै **ब्रम्है वेद्यं विश्वमिदं परिष्ठम** अर्थात यो विश्व-ब्रह्माण्ड पनि ब्रह्म नै भएको कारणले सत्य हो भन्ने कुरामा हामी सचेत हुनुपर्दछ । मान्छेहरूले ब्रह्मज्ञान लिएर यो समाज छोडेर जाने होइन । ब्रह्मज्ञान लिएर अथवा शून्यज्ञान लिएर, सबैसँग मैत्रीभाव र करुणा राखेर, सबैलाई आफ्नै ठानेर, बराबर व्यवहार गरेर सबैको जीवन सुखी र सम्पन्न गर्नुपरेको छ ।

**द्वन्द्वात्मक भौतिकवादले** यो संसारलाई मिथ्या भनेको छैन । अरू दर्शनहरूले विश्वको व्याख्यामात्र गरे । मार्क्सवादले यो संसारमा भएका

दुःख हटाउन आवश्यक परिवर्तनको बाटो देखायो । मार्क्सले महसुस गर्नुभयो कि अहिलेसम्म दार्शनिकहरूले संसारको व्याख्यामात्र गरिरहे । आवश्यकता भने यही संसारमा परिवर्तन ल्याउनु, मान्छेहरूमा दुःखकष्ट नभएको सुन्दर समाज बनाउनु छ ।

**ब्रह्मवादीहरूले** एकतर्फी विश्वव्यापी ब्रह्ममा मात्र जोड दिइरहे भने **भौतिकवादीहरूले** एकतर्फी भौतिक पर्दाथमामात्र जोड दिई अमानुषिक यान्त्रिकतावादलाई मात्र जोडदिए । **ब्रह्मवाद** र **शून्यवादले** *संसारप्रति विरक्त बनाए भने यान्त्रिक भौतिकवादले आफ्नोलाई उठाऊँ, आाफू एक्लै मोज गरौँ, अरूको जेसुकै होस् भन्ने राक्षसी प्रवृत्ति विकास गरी पुँजीवादी शोषणलाई बल पुऱ्यायो ।*

**द्वन्द्वात्मक भौतिकवाद**

द्वन्द्वात्मक भौतिकवादले भौतिक पदार्थ नाशवान होइन, परिवर्तनमात्र हुने हो भनेर भौतिक पदार्थबाट विरक्त हुने बाटो देखाएन । संसारमा जसरी भौतिक पदार्थ छ, त्यसरी नै चेतना पनि छ । यही नै विश्वव्यापी चेतनाको ब्रह्म हो । **हेगेल्सले** यही विश्वव्यापी **चेतनालाई** मात्रै जोड दिनुभयो भने **फायरबाखहरूले भौतिकवादमा** जोड दिनुभयो । मार्क्सले भौतिक पदार्थसँगै मानवको चेतनामा जोड दिनुभयो । ब्रह्मवादीहरूले पनि मानवको आत्मा नै ब्रह्म हो भन्ने कुरामा विशेष जोडदिएका छन् । ब्रह्मवादीहरूले **ओम प्रज्ञानं ब्रह्मा** भनेर ज्ञान नै ब्रह्म हो भनेकोमा जोड दिए भने **ओम अहम्ब्रह्मास्मि** भनेर 'यही ब्रह्म हो' पनि भने । **ओम तत्वमसि** भनेर 'त्यही ब्रह्म' हो भने र **ओम अयमात्माब्रह्म** भनेर 'यो आत्मा ब्रह्म' भनेर मानवआत्मा वा चेतनालाई नै ब्रह्म माने ।

मार्क्सले विचार गरे - यो चेतनामात्र सत्य हो कि भौतिक पदार्थ पनि सत्य हो ? दुवै सत्य हुन् भने भौतिक पदार्थको आधारमा चेतनाप्रधान हो कि चेतनाको आधारमा भौतिक पदार्थ ? जसरी ब्रह्मवादीहरूले यो विश्व-ब्रह्माण्ड स्वप्नमात्र हो, यो सबै ब्रह्मबाट निस्किरहेको छ भनेका छन् । त्यस्तै, शून्यवादीहरूले पनि सारा विश्व-ब्रह्माण्ड शून्यबाट निस्किरहेको

छ, विश्वका सबै प्रपञ्च सपनाभैँ भुटा छन् तर जसरी कृष्णले भनेका छन् र विज्ञानले पनि प्रमाणित गरेको छ , यो भौतिक पदार्थ नाशवान होइन, सत्य हो भन्दै आएका छन् । विश्वमा जेजे कुरा देखिएका छन् ,ती सब सत्य हुन, नाशवान होइनन्, प्रपञ्चमात्र होइनन् । सपनामा एकजना मान्छेले मान्छे नुहाइरहेको देख्यो भने अर्कोले खेलिरहेको देख्नसक्छ । सपनामा दुवैले एकै समयमा एकै मान्छेलाई एकै काम गरिरहेको देख्दैन । जबकि विश्व-ब्रह्माण्डमा एउटा वस्तु एक समयमा, एउटा मान्छेले जेजस्तो छ त्यस्तै देख्छ । त्यसकारण हामीले सपनामा र विपनामा वस्तु देख्ने वास्तविकता र चरित्र नै फरक छ । सपनाको दृश्य भुट हो भने विपनाको दृश्य सत्य हो । हामीले मात्र होइन पछि जन्म हुने मान्छेले पनि यसरी नै देख्छन् । कुनै समयमा कुनै वस्तु परिवर्तन हुँदै गएपनि त्यही परिवर्तन भएको रूपमा हामीले वा पछि आउने मान्छेहरूले देख्छौँ ।

पहिले नभएका कुनै पनि वस्तु ब्रह्मबाट वा शून्यबाट सृष्टि भएका होइनन् । यी वस्तु पछि गएर ब्रह्ममा लीन हुने पनि होइनन् । यी सारा विश्वब्रह्माण्डमा भएका वस्तुहरूको रूप र स्थानको मात्र परिवर्तन हुने हो । कुनै थोपा पनि नयाँ बनेर आउने वा भएको सकेर जाने होइन ।

सवाल चेतनाको मात्र हो । **चेतना** भनेको एउटा शक्ति हो । त्यो शक्ति भौतिक पदार्थमै आधारित छ। फूल नभईकन बास्ना हुँदैन। त्यस्तै भौतिक पदार्थ नभईकन यो शरीर हुँदैन । यो शरीर, खासगरी मान्छेको मगज नभईकन चेतना हुँदैन । मानवचेतना प्रकृतिको विकासमा सबैभन्दा ठुलो विकास हो ।

यसरी मार्क्सवादले भौतिकवाद पदार्थमात्र होइन, मानवचेतनालाई पनि उत्तिकै मान्यता दिएको छ । प्राकृतिक नियमको रूपमा विश्वव्यापी चेतनालाई पनि मान्यता दिएको छ । जसरी फूलको बोट र फूल दुवै भौतिक पदार्थबाट बनेका छन् तर फूलमा बास्ना छ, त्यस्तै विश्वव्यापी चेतना फूल फुलेभैँ फुलिरहेको छ । मानवचेतना सबैभन्दा प्रत्यक्ष र विकसित चेतना हो । प्रकृतिले भने आफ्नै स्वभाव र नियमअनुसार काम

गरिरहेको छ । हाम्रो पूजापाठ, प्रार्थनाबाट प्रकृतिको नियममा कुनै फरक हुँदैन, हामीले गाली गरेपनि प्रकृतिको नियम र काममा फरक पर्दैन । बरु प्रकृतिको नियम बुझेर काम गरेमा हामीले अपत्यारिलो काम पनि सम्पन्न गर्नसक्छौं । आज वैज्ञानिकहरूले अद्भुत, आश्चर्यपूर्ण, कहिल्यै हुनैनसक्नेजस्तो काम सम्पन्न गरिरहेका छन् । कुनै ब्रह्मवादी वा शून्यवादी चन्द्रमामा पुग्न सकेनन् । विज्ञानको विकासका कारण आज मान्छे चन्द्रमामा पुग्न सम्भव भएको हो । सोभियत सङ्घका वैज्ञानिकहरूले मान्छे नै नराखीकन चन्द्रमामा यान पठाएर त्यहाँको माटोसमेत पृथ्वीमा ल्याइसके ।

विज्ञानको शक्ति अपरम्पार छ , तर यो विज्ञान मान्छेले नै सिर्जना गरेको हो । त्यसैले मान्छेसँग अपार, अनन्त शक्ति छ ।

पहिलेका ब्रह्मवादी र शून्यवादीहरूले हैजा, बिफर आदिको उपचार गर्न सकेनन् । आज विज्ञानको सहयताले बिफर र हैजालाई निर्मूल गरिसकिएको छ । राजयक्ष्मा अर्थात रोगको राजा, निको नहुने भनिएको क्षयरोगको आज विज्ञानले उपचार गरिसकेको छ । बाढी, पहिरो र आँधी रोक्ने कार्य पनि विज्ञानको आधारमा भइरहेको छ । त्यस्तै मान्छेको आयु लामो गर्ने काम पनि विज्ञानकै आधारमा भइरहेको छ । विज्ञानको ज्ञान जतिजति वृद्धि हुन्छ, त्यतित्यति नै मनुष्यको शक्ति झनझन वृद्धि भइरहेको छ ।

ब्रह्मवादी र शून्यवादीहरूले **ब्रह्मसत्यम् जगत्मिथ्या** भनेर यतातिर ध्यान नै दिएनन् । मार्क्सवादी दर्शन विज्ञानमा आधारित दर्शन हो । विज्ञानको क्षेत्रमा वृद्धि भएसँगै यसको क्षेत्रपनि वृद्धि हुन्छ ।

मार्क्सवादी दर्शनको मानवसमाजसँग सम्बन्धित दर्शन हो - ऐतिहासिक भौतिकवाद । ऐतिहासिक भौतिकवादले मानवसमाज कसरी चलेको छ र कसरी चलाउन सकिन्छ भन्ने बाटो देखाइरहेको छ ।

श्रीकृष्णले साम्यवादको महत्व भनेर जानुभयो । साम्यवादीहरूले भने यही पृथ्वीलाई स्वर्ग बनाऊँ भनिरहेका छन् । गौतम बुद्धले उत्कृष्ट राज्यको शिक्षा दिनुभयो । तर पनि यो संसारमा न साम्यवादी समाज स्थापना भयो, न उत्कृष्ट राज्य । साम्यवादी समाज स्थापना गर्ने बाटो मार्क्सले ऐतिहासिक भौतिकवादमार्फत देखाउनुभयो । मार्क्सले देखाउनुभएको बाटोमा लागेर संसारका कैयन् देशमा समाजवादी समाज स्थापना भयो । ती देशमा शिक्षा र स्वास्थ्यको क्षेत्रमा त साम्यवाद नै स्थापना भइसकेको छ । उत्तर कोरियाले अर्को दुईचार वर्षमा अरू क्षेत्रमा पनि साम्यवाद स्थापना गर्ने प्रयत्न गरिरहेको छ । उत्कृष्ट राज्यको पहिलो खुड्किला - राष्ट्रिय प्रजातन्त्र हो । दोस्रो खुड्किला समाजवादसम्म पुगेर अझै राम्रो राज्यस्थापना गर्नु हो ।

हो, समाजवादमा पनि अनेक नकारात्मक कुराहरू देखापरेका छन् । मार्क्सवादको विशेषता हो - नकारात्मकताको नकारात्मक अर्थात 'निषेधको निषेध' । सम्भवतः 'नेति नेति' को अर्थ पनि यही हुनुपर्छ । प्रत्येक वस्तुभित्र सकारात्मक र नकारात्मक पक्षहरू हुन्छन् । नकारात्मक पक्षलाई निमूर्ल गर्दै सकारात्मक पक्षको अभिवृद्धि गर्नु हाम्रो कर्तव्य हो ।

प्रकृतिको नियम पनि नकारात्मक पक्षको नाश गर्दै सकारात्मक पक्षलाई अभिवृद्धि गर्नु हो । कुनै पनि कुरामा सकारात्मक पक्षमात्र होइन, नकारात्मक पक्षपनि छ । हामीले गहुं छर्ने बेलामा त्यसमा भएको नकारात्मक पक्ष नाश भएर सकारात्मक पक्ष वृद्धि हुँदै गएपछि पालुवा लाग्ने हो । अनि त्यही पालुवाले बोटको रूप धारण गरेर, त्यसले सयौं गहुं फलाउँछ । यदि गहुँमा नकारात्मक पक्ष नभएको भए बिउको रूपमा प्रयोग भएको गहुँको गेडा कुहिँदैनथ्यो । त्यसरी गेडा सकिएर पालुवाको रूपमा पलाउँदैनथ्यो । अर्थात गहुँमा सकारात्मक कुरामात्र भएको भए त्यही गेडा झनझन ठुलो भएर आउँथ्यो ।

कुनै वस्तुभित्र नकारात्मक पक्षलाई पन्छाउँदै सकारात्मक पक्षको अभिवृद्धि हुँदै गर्दा फेरि त्यो सकारात्मक पक्षमा पनि पुनः नकारात्मक पक्ष

देखापर्छ । त्यसैले उक्त नयाँ वस्तु वा व्यवस्थामा देखापरेको नकारात्मक पक्ष फेरि निमूर्ल पार्नुपर्छ । यही तरिका नै नकारात्मकको नकारात्मक अर्थात 'निषेधको निषेध' हो । यही नै विकासको बाटो पनि हो । मार्क्सवादमा आधारित व्यवस्थामा देखापरेका नकारात्मक पक्ष पनि निर्मूल पार्न मार्क्सवादीहरू डराउँदैनन् । त्यसैले मार्क्सवादीहरू ***'राष्ट्रिय प्रजातन्त्र'*** स्थापना गरेर त्यसैमा अडिरहँदैनन् । त्यसमा देखिएका नकारात्मक पक्षलाई निकालेर समाजवादमा पुग्छन् । फेरि समाजवादमा देखिने नकारात्मक पक्ष पनि पन्छाएर त्यसलाई अझै सुदृढ बनाउँछन् । गोर्भाचोभका प्रयास समाजवादमा देखापरेका नकारात्मक पक्षलाई हटाएर समाजवादलाई अझै सुदृढ गरी समाजवादी प्रजातन्त्र, प्रजातन्त्रको विकसित रूपलाई अझै उज्ज्वल गर्ने बाटो हो । समाजवादलाई हटाएर पुँजीवादमा फर्किने बाटो होइन ।

ब्रह्मवाद र शून्यवादमा यसरी देखापरेका अवगुण व्यक्तिगत रूपमा हटाएपनि, समाजलाई कसरी विकास गर्ने, यो समाजलाई नै कसरी रूपान्तरण गर्ने भन्ने बाटो देखाउन सकेको छैन । त्यसैले ब्रह्मवादी र शून्यवादीहरू पुरानै व्यवस्थामै रमाएर बस्ने प्रयास गर्दछन् । कुनै समयको प्रगतिशील पुरानो व्यवस्था आज आएर प्रतिक्रियावादी भइसकेको छ । जस्तो कि सामन्ती व्यवस्था दास व्यवस्थाभन्दा प्रगतिशील व्यवस्था हो । पछि सामन्ती व्यवस्था पनि समाज विकासमा बाधा भएर गयो । पुँजीवादी प्रजातन्त्र र सामन्ती अधिनायकवादको टक्कर पऱ्यो । सामन्ती व्यवस्था प्रतिक्रियावादी व्यवस्थामा परिवर्तन भइसकेको छ । आज पुँजीवादी व्यवस्था एक प्रगतिशील व्यवस्था हो । जहिले पनि प्रगतिशील शक्तिको अगाडि प्रतिक्रियावादी शक्ति नाश भएरै जान्छ । सामन्ती अधिनायकवादी व्यवस्थालाई ठाउँठाउँमा हराएर पुँजीवादी प्रजातान्त्रिक व्यवस्थाको स्थापना भयो । आज पुँजीवादी प्रजातान्त्रिक व्यवस्थामा अनेक दोष देखापर्दै आएका छन् । यसको एउटा नकारात्मक पक्ष हो - मजदुरमाथिको शोषण र दमन । सकारात्मक पक्ष हो - ठुला कारखाना र प्रजातान्त्रिक व्यवस्था । त्यसमाथि पनि नकारात्मक पक्ष हो - प्रजातान्त्रिक मजदुरहरू

र जनसाधारणहरूले उपभोग गर्न नपाउने नाममात्रको प्रजातान्त्रिक व्यवस्था । मजदुर र मेहनतकश जनतालाई दबाएर आफ्नो पुँजीको लागि शोषणको निरन्तरता । पुँजीवादी व्यवस्थाको नकारात्मक पक्ष हटाउन पुँजीपतिहरू नै तयार छैनन् । त्यसकारणले पुँजीवादी व्यवस्था पनि प्रतिक्रियावादी व्यवस्थामा दर्ता हुन गयो । पुँजीवादी व्यवस्थामा विकसित भएका मजदुरहरू नै पुँजीवादलाई नाश गर्ने शक्तिको रूपमा देखापरे । मजदुर वर्गले समाजवादी व्यवस्थाका निम्ति पुँजीवादी व्यवस्थाको विरोध गरे । जनतामा बदनाम भइसकेको पुँजीवादी व्यवस्था बदल्न समाजवादी व्यवस्थाको स्थापना भयो ।

यही कारणले अविकसित देशका सरकारहरू आफ्नो देशमा पुँजीवादी व्यवस्था स्थापना गर्ने पक्षमा छैनन् । बरु आफ्नै देशमा ससाना कारखानाहरू खोलेर, आफूलाई चाहिने सामान विदेशमा भएका ठुला कारखानाहरूबाट भित्र्याइरहेका छन् ।

अविकसित देशका सरकारहरूको विचारमा यसरी काम गरियो भने मजदुर वर्ग रहने छैन र उसले समाजवादका निम्ति क्रान्ति पनि गर्न सक्दैन । पुँजीवाद कमजोर भयो भने पुँजीवादी प्रजातन्त्र पनि रहने छैन । त्यसले आफ्नो विकासमै बाधा पुऱ्याइरहेको छ । यसरी उनीहरूको अस्तित्व बच्ने छैन । यहाँ अरू तरिकाले नै अन्तरविरोध देखापरेको छ । विदेशी सामान आखिर केको लागि आयात गर्ने ? ससाना कारखानामा उत्पादित सामान निर्यात गरेरमात्र पुगेन । अनि उनीहरूका सामान मगाउन उनीहरूकै पैसा सापटी माग्न पऱ्यो । देश झनझन ऋणमा फस्दै गयो । देशमा आर्थिक सङ्कट बढ्दै गयो । देशमा सम्पूर्ण मेहनतकश जनता एक भए अनि प्रतिक्रियावादी सरकार फाल्न हिँडे । आफ्नो देशमा पुँजीवादी प्रजातन्त्रको सट्टा समाजवादमा जाने पहिलो खुड्किलास्वरूप देशका सम्पूर्ण वर्गले संयुक्त रूपमा चलाउने राष्ट्रिय प्रजातन्त्र स्थापना भयो । यसरी पुँजीवादलाई नाघेर समाजवादमा जाने बाटो पहिल्याइयो । समाजको विकासको निम्ति यो नयाँ बाटो हो । प्रकृतिले समाज विकासका निम्ति

एउटा नभए अर्को बाटो तयार गरिदिएको छ । यो समाज विकासको प्राकृतिक नियम हो ।

यस बाटोले मार्क्सवादमात्र देखाइरहेको छ, ब्रह्मवाद वा शून्यवाद होइन । यही कारणले ब्रह्मवादी वा शून्यवादीहरू सामन्ती व्यवस्थामा नै अल्फिएर सामन्ती व्यवस्थाकै पृष्ठपोषकको रूपमा देखापरेका छन् । पुँजीवाद भएका देशमा उनीहरू पुँजीवादको समर्थकको रूपमा देखापरिरहेका छन् । उनीहरू समाज विकासको बाटो देखाइदिने शक्ति नभएर समाज विकासको अवरोधको रूपमा देखापरिरहेका छन् । उनीहरूको दृष्टिकोण पुरानै छ ।

समाज विकासलाई सैद्धान्तिक नेतृत्व दिने स्थिति ब्रह्मवादी र शून्यवादीमा देखिँदैन । उनीहरूको त्याग सामन्ती अथवा पुँजीवादी शोषकहरूको स्वार्थ सेवा गर्नमै सीमित रह्यो । जुन ब्रह्मज्ञानले सकलमानव 'म नै हुँ' भन्ने भावना दियो, जुन शून्यवादले सकलप्राणीहरूसँग मैत्री करुणाको शिक्षा दियो, त्यही ब्रह्मवाद, त्यही शून्यवाद आज जनसाधारणलाई आआफ्नो भाग्यमा सन्तुष्ट हुन र परलोक सुधार्न सिकाइरहेका छन् । यो संसारको दुःखनिवारणतिर ध्यान नदिईकन सबैलाई बराबर देख्नुपर्छ भन्नेका नाउँमा अथवा करुणा राख्नुपर्छ भन्ने अर्थमा गरिबलाई एकछाक खुवाउने, लाखौँ करोडौँ गरिबको समस्या यथावत राखेर दुईचार सय गरिबहरूको खाने व्यवस्था गर्ने, सय दुईसय ओढ्ने ओछ्याउने कुरा दान गर्ने जस्ता काममै ब्रह्मवाद र शून्यवाद सीमित हुनगयो । सामन्त वा पुँजीपतिहरूको शोषण र दमनको नीतिमा धक्का नपरोस् भनेर उनीहरूका स्वार्थसँग नबाभ्किने गरी, अभ्क उनीहरूको स्वार्थ सुदृढ हुनेगरी ब्रह्मवाद र शून्यवादीहरूको काम सीमित हुनगयो ।

समाज विकास एक प्राकृतिक नियम हो । यसमा नेतृत्व दिइनुपर्छ भन्ने कुरा उल्लेख नभएकै कारण ब्रह्मवाद र शून्यवाद सामन्ती व्यवस्थामा अलमलिएका हुन् । अनि पुँजीवाद ल्याउनका लागि होइन कि पुँजीवाद आइसकेपछि तिनबाट पुँजीवादको पनि समर्थन भएको हो । समाजवाद त

देवता नमान्ने नास्तिकको नाममा विरोधमै पऱ्यो । माथि उल्लेख गरिसकिएको छ कि समाजवाद र मार्क्सवाद नास्तिक होइनन् । सकललोकको हित गरी जीवनलाई सुखी, सम्पन्न र सुनिश्चित गर्ने एकमात्र बाटो हो - समाजवाद । ***वास्तवमा भन्ने हो भने यो*** समाजवाद ***ब्रह्मज्ञान र शून्यवादको एकमात्र व्यावहारिक रूप हो ।***

यहाँ सवाल के उठ्छ भने के ब्रह्मवाद र शून्यवादको दर्शन नभए पनि भयो

त ? तर कुरा त्यो होइन । ब्रह्मज्ञान र शून्यवाद अहिले पनि काम लाग्छन् । यदि यिनको खास अर्थ र रहस्य बुझेर यिनलाई मार्क्सवादको साथसाथै प्रयोगमा ल्याउने हो भने । जहाँ मार्क्सवादले समाज विकासको बाटो देखाइरहेको छ, **नयाँ नयाँ** वैज्ञानिक ज्ञानको आधारमा आफूलाई विकास गरिरहेको छ, त्यहाँ ब्रह्मज्ञानले दिएको सबै मानिस बराबर हुन् भन्ने शिक्षा र शून्यवादले दिएको सबैप्रति करुणाभाव राखी काम गर्ने शिक्षा अहिले पनि उत्तिकै जरुरी छन् ।

**यम** नियमसहित अष्टाङ्ग योग अहिले पनि उपयोगी छ । पञ्चशील, ६ दिशाको पूजा, सम्मा सम्बुद्धत्वमा हुनुपर्ने गुण, दान, शील, निष्कामकर्म, प्रज्ञा, वीर्य, शान्ति, सत्य, दृढता, मैत्री, उपेक्षा आदि मानवगुण अहिले पनि उत्तिकै सान्दर्भिक र आवश्यक छन् । अर्थ, दु:ख, निरोध, गामिनी, आठ आर्य, सत्यजस्तै सम्यक दृष्टि, सम्यक सङ्कल्प, सम्यक वचन, सम्यक कर्म, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक स्मृति, सम्यक समाधि पनि मानव गुणको विकासको निम्ति त्यतिकै उपयोगी गुण हुन् । आश्चर्यमा पर्नुपर्दैन, यस वर्ष सोभियत सङ्घमा इसाधर्म आएको हजारौं वर्षगाँठ धुमधामले मानिएको छ । हालसालै चालिस हजार थान भागवतगीता रुसी भाषामा अनुवाद गराई भारतबाट मगाइएको छ । तर मार्क्सवादसँग पुरानो दर्शनको तालमेल मिलाउन सकिएन भने मार्क्सवादको काममा अति नोक्सान हुनेछ । अफगानिस्तानमा नयाँ सरकारले भूमिसुधार लागु गऱ्यो । मुल्लाहरूले यो नास्तिकहरूले दिएको

जमिन लिनुहुन्न, नरकवास हुन्छ भनेर जनतालाई भड्काएर भूमिसुधार कार्यक्रम असफल बनाइदिए । स्पष्टतः मार्क्सवादले धर्मको मर्म बुझेर त्यतातिर पनि नेतृत्व लिनुपर्छ। धर्मलाई छुट दिएर अन्धविश्वास फैलाउन दिनु हुँदैन । पुराना दर्शनहरू अध्ययन गरेर, तिनको सार बुझेर र टिपेर मार्क्सवादको ध्येयसँग तालमेल मिलाएर लैजानु पर्नेछ ।

पुराना दर्शनहरू नसुधारीकन जस्ताको तस्तै लिनुहुँदैन । त्यसो गरियो भने त्यो जडसूत्रवादको बाटो मात्र हुनेछ । मानवज्ञान हजारौं वर्षदेखि विकास हुँदैआएको हो । त्यसैले पुराना दर्शनहरूमा कति काम लाग्ने विषय छन् भने कतिपय काम नलाग्ने विषय पनि छन् । मानवसमाजको विकासका लागि काम लाग्ने कुरा लिएर, काम नलाग्ने कुरा छोडेर मानवसमाजलाई अझ सुसंस्कृत बनाउनेतिर पाइला चाल्नु पर्नेछ। अन्धविश्वास छोडेर धर्म र दर्शनलाई वैज्ञानिक ज्ञानमा आधारित गर्नुपरेको छ । अनुभवसिद्ध ज्ञान नै विज्ञान हो । त्यस्तै गीता, बाइबल वा प्रज्ञापारमिता इत्यादि बौद्धदर्शन अथवा कुरानलाई मूर्ख पण्डितहरूले शत्रुवत व्यवहार गरे झैं गरी आफूखुसी लागु गर्नु हुँदैन । यसको सही मर्म जनतालाई बुझाएर समाज विकास गर्न र समाजलाई सुसंस्कृत गराउनमा यो पुरानो ज्ञान र पद्धतिको काम लिनुपर्ने छ । श्री मदभागवतगीताको अर्थ पनि आजका सामन्ती पण्डितहरूले गलत र उल्टो लगाइरहेका छन् । भारतका दोस्रो राष्ट्रपति ,हिन्दु धर्मका प्रकाण्ड विद्वान् सर्वपल्ली राधाकृष्णले समेत श्रीकृष्णलाई व्यक्तिगत रूपमा ईश्वर मानेर आफ्नो आत्मालाई सानो सम्झेर अर्थ लगाउनुभएको छ ।

जब कि, कृष्णले 'म' भनेर आफू एक्लैलाई मात्र सम्बोधन गरिरहनु भएको थिएन । उहाँले पहिलेको श्लोकमा भन्नु भएको छ कि - 'ईश्वर सबै प्राणीको हृदयमा छन् , त्यही ईश्वरको शरणमा जानू । त्यतैबाट तिमीले शाश्वत पद पाउनेछौ' भनेर भनेको कुरालाई बिर्सेर अक्सर श्रीकृष्ण एक्लोव्यक्तिलाई मात्र ईश्वर मानेर अर्थ लगाइरहेको देख्छु । श्रीकृष्णले सकलप्राणी नै आफैं हो, सबै आफैंमा छ, आफू पनि सबैसित छु भन्ने

भावनालाई नै सबैको साझा 'आत्मा' वा 'म' लाई व्याख्या गरी गीतामा 'म' उल्लेख गरिएको हो । मेरो शरणमा आऊ भन्नुभएको हो । यही भावनामा हामी सबैले विकास गर्नसक्छौं, विकास गर्नुपर्छ । अनिमात्र श्रीकृष्णले भन्नुभएको 'म' को अर्थ पूरा हुन्छ । श्रीकृष्णले कुनै पनि ईश्वरको शरणमा जानु भन्नुभएको छैन । श्रीकृष्णले त आफैँले आफैँलाई विकास गर्नु, आफू नै आफ्नो शत्रु हो र आफू नै आफ्नो मित्र हो भन्नुभएको छ । बरु ईश्वरले कसैलाई पनि पाप पनि दिँदैनन् र धर्म पनि दिँदैनन् भनेर ईश्वरको अस्तित्वलाई नकार्नुभएको छ । अनि रूखहरूको जीवन सबैभन्दा ठुलो धर्म हो भन्नुभएको छ ।

धर्मको मर्म र गीताको गुह्य समात्न सकिएन भने U आकारको टीका लगाएर, कृष्णलाई पूजा गरेर कृष्णभक्त हुने, कृष्णभक्त (Krishna Consciousness) भएर हिँड्ने (अबुझ) भक्तहरूको मात्र सङ्ख्या बढाउनेछ । जसले मानवसमाजको विकासमा अवरोधमात्र खडा गर्नेछ । सकलप्राणी आफैँ हो भन्ने कुरा नबुझी सुखै छैन । यसबाट साम्यवादतिर पाइला चाल्न मद्दत पुऱ्याउँछ । मानिसहरूलाई अझै सुसंस्कृत बनाउँछ । तर कृष्णलाई व्यक्तिगत रूपमा ईश्वर मानियो भने चाहिँ सारा अर्थको अनर्थ हुने छ ।

त्यसैले ब्रह्मवाद, शून्यवाद मानेका मान्छेहरूले मनुष्यमात्रको सामाजिक विकासको बाटो देखाउने हो , मार्क्सवादबाट भिन्न भएर हेर्ने कुरा छैन ।

पहिलेको वास्तुकला उपयोगी छ। तर त्यही वास्तुकलाको आधारमा रेडियो वा टेलिभिजन स्टेसन बनाउनुपऱ्यो भने सकिँदैन । त्यसैले आधुनिक प्रविधिको ज्ञानलाई मुख्य रूपमा लिएर पुरानो वास्तुकलालाई पनि प्रयोगमा ल्याउन नमिल्ने होइन ,मिल्छ । हिजोआजका भूकम्पप्रतिरोधी घरहरू वास्तुकलाको आधारमा मात्र बनाउन मिल्दैन, सकिँदैन । त्यसका लागि पनि आजभोलिकै प्रविधि प्रयोगमा ल्याउनुपर्ने छ । पुराना कलाबाट यसलाई अझै सुन्दर बनाउन सकिन्छ ।

त्यसैले मानवविकासको चाहना हुनेहरूले पुरानाजति सबै फाल्नुपर्ने होइन । हुनेजति लिएर नहुने छोडेर आजभोलिको ज्ञानलाई अझै विकासित गर्न सकिन्छ । पुराना दर्शन सबै ननकारीकन तिनका नकारात्मक पक्ष छोडेर सकारात्मक पक्ष ग्रहण गरी मानवज्ञानको अझै अभिवृद्धि गर्नुपर्ने छ ।

द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद सहित मार्क्सवादको सही ज्ञानले मात्र पुरानो दर्शनमा रहेको नकारात्मक पक्ष छोडेर त्यसमा रहेको सकारात्मक पक्ष ग्रहण गर्ने शक्ति दिनेछ ।

मार्क्सवाद ब्रह्मवाद र शून्यवादको विपरीत ज्ञान होइन । ब्रह्मवाद, शून्यवाद र मार्क्सवादलाई सही ढङ्गले मिलाएर लानसके मानवसमाजको भविष्य अझै सुन्दर हुनेछ ।

सोभियत सङ्घका एकजना ठुला दार्शनिक र त्यहाँका डाइरेक्टर अलेक्जेन्डर स्पिरिकनले 'द्वन्द्वात्मक भौतिकवाद' शीर्षकको आफ्नो पुस्तकमा लेख्नुभएको छ :

*प्राचीन भारतका ऋषिहरूले मानव शरीरका अङ्गहरू र विश्वब्रह्माण्डको बिचमा आश्चर्यजनक तरिकाले सूक्ष्म र गुह्यमनोवैज्ञानिक जैविक शारीरिकसम्बन्ध रहेको पत्ता लगाउनुभएको छ । उहाँहरूलाई यस्ता धेरै कुराहरूको ज्ञान छ , जुन कुरा वा ज्ञान आधुनिक घेरा वा ज्ञानबाट धेरै टाढा छ । त्यसैले पश्चिमेली विद्वान्हरूले पूर्वीय ज्ञानलाई रहस्यमय भनेर छोडिरहेको अवस्था छ । विद्वान् दार्शनिक स्पिरिकनको भनाइ अनुसार पूर्वीय ज्ञानलाई अर्थात ऋषिमुनिहरूले दिएर गएको ज्ञानलाई छोड्नु हुँदैन । स्पिरिकनको भनाइ हो हरेक कुरा विज्ञानको सूक्ष्मचक्षुले चिरफार गरेर हेर्ने पश्चिमेली मान्छेलाई बिनाविश्लेषण, बिनातर्क मनबाटै सत्य पत्ता लगाउने शक्ति भएको पूर्वेलीभावना (अर्थात ऋषिमुनिहरूको शक्ति र उहाँहरूले दिनुभएको ज्ञान) सँग सामन्जस्य राखेर द्वन्द्वात्मक भौतिकवादी ज्ञानलाई अझै उन्नत बनाउन सकिन्छ ।*

तसर्थ, द्वन्द्वात्मक भौतिकवाद सङ्कुचित ज्ञान होइन । अरू दर्शनलाई वास्ता नगरीकन बस्ने एकोहोरो ज्ञान पनि होइन । जबकि यस्तो एकोहोरोपना ब्रह्मवादी र शून्यवादी भन्ने दार्शनिकहरूमा छ । चाहे ब्रह्मज्ञान भनौँ अथवा शून्यदर्शन वा मार्क्सवादी दर्शन, यी सबै मानिसका साझा ज्ञानदर्शन हुन् । हरेकले हरेकको सकारात्मक पक्ष ग्रहण गरी नकारात्मक पक्ष छोडी मानवको साझा ज्ञानभण्डारलाई विकसित बनाउनुपरेको छ । त्यसैले जो कोही ब्रह्मवादी होस् वा शून्यवादी, उनीहरूले पनि मार्क्सवाद र मार्क्सवादी दर्शनलाई ग्रहण गरी यो समाजलाई सुखी र समृद्ध बनाई विश्वमा सकलजनताले सुखमय र शान्तिपूर्ण जीवन व्यतीत गर्नसक्ने स्थितिको निर्माण गर्नमा योगदान गर्नुपरेको छ । ब्रह्मवादीहरूले अथवा शून्यवादी बौद्ध धर्मावलम्बीहरूले न सामन्तवाद, न पुँजीवाद, दुवैको सेवा गर्न छोडेर मानवमात्रको जीवनलाई शोषण दमनबाट मुक्त गरी प्राणीमात्रको जीवन सुखमय बनाउन लोभ, मोह, तृष्णा, शारीरिक पिपासा छोडेर अगाडि बढ्नुपरेको छ ।

## जन-नायक कामरेड तुल्सी लाल अमात्यया चिहाकल म्हसीका

नां :– तुल्सी लाल अमात्य

जन्म :– ने.सं. :

तारिख : मे २७, १९१६

वि.सं. : १९७३ जेठ १४,

मांअबु :– अबु-ऋद्धिनरसिंह अमात्य व मां -योगमाया अमात्य

मदुगु :– ने.सं.

इस्वी संवत् : अगष्ट १, १९९७

वि.सं. २०५४ साउन १७

शिक्षा :– वि.ए- त्रिचन्द्र क्याम्पस, यें

एम.ए. (अर्थशास्त्र)- लखनउ विश्वविद्यालय ,भारत

थाय्बाय् :– ग्वाछेँ, स्वठः-१८, यल, नेपाः

लजगाः :– राजनीतिज्ञ व च्वमि

सेवा :– जनवनदी गणतन्त्र चीनया लागिं आवासीय राजदूत, मंगोलिया व उत्तर कोरियाया लागि शाही नेपाली राजदूत, वि.सं. १९९५ ई.सं (१९९३) निसें सक्रिय राजनीति व सामाजिक कार्यकर्ता

- ई.स. १९४७ निसें सक्रिय राजनीतिइ प्रवेश ,
- ई.स. १९४६-१९६० : भारतया गान्धी आश्रम भ्रमण यानाः नेपाः वयाकथं स्वयंसेवक संगठन दयेकाः महामारी नियन्त्रणय् ग्वाहालि यानादीगु , निमुखा गरिब किसानतय्त संगठित यानाः किसान आन्दोलनयात न्ह्याकादीगु
- ई.स. १९४८ : नेपाल मजदुर किसान संघया संस्थापक व अध्यक्ष
- ई.स. १९५१-१९५७ : बारा, रौतहट व सर्लाही जिल्लाया किसानतय्त संगठित यानाः ऐतिहासिक किसान आन्दोलनया शंखघोष

- ई.स. १९४८ : नेपाली राष्ट्रिय काग्रेस केन्द्रीय कार्यकारणी समितिया सदस्य
- अखिल नेपाल किसान संघया अध्यक्ष ई.स. १९४९-१९६०
- ई.स. १९४९ : नेपाली कम्युनिष्ट समूहया अग्रकर्ता, कलकत्ता
- नेपाल कम्युनिष्ट पार्टीया स्थापनाकालं निसें केन्द्रीय संगठन कमिटी सदस्य, कलकत्ता भारत ई.स. १९४९
- सन् १९५८ : संसदय् सांसद निर्वाचित जुयाः कम्युनिष्ट पार्टीया संसदीय दलया नेता ।
- १९६१ : नेपाल कम्युनिष्ट पार्टी स्वक्वःगु महाधिवेशनं निर्वाचित महासचिव, वनारस भारत
- सन् १९७९ : आम माफीया घोषणा धुंकाः नेपाः झाःगु, नेपालय् बहुदल ब्यवस्था पुनर्स्थापनाया निम्ति ज्या सुरु
- ई.स. १९९० : संयुक्त वाम मोर्चाया संस्थापक नेता तथा मानार्थ अध्यक्ष
- ई.स. १९९० : ने.क.पा. (अमात्य), ने.क.पा. (वर्मा) व ने.क.पा. (मानन्धर) जानाः गठन जूगु नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) या निर्वाचित अध्यक्ष
- सन् १९९० : नेपाल कम्युनिष्ट पार्टी (अमात्य) संयुक्त वाम मोर्चापाखें अलग
- वि.सं. २०४६ साल फागुन ७ गते जन-आन्दोलनया सुरु जूकुन्हु ७४ दँया ज्याथया इलय् नं दकसिबे न्हापां प्रतिबन्धित नेपाल कम्युनिष्ट पार्टीया लाल झण्डा ज्वनाः सेना व पुलिसया दथुइ प्रदर्शन याःगु कारणं पक्राउ । बहुदलया घोषणा जुइवं जेलं रिहा
- सन् १९९३ : राजपरिषद्या सदस्य
- वि.सं. २०५० मंसीर २९ गते तदनुसार १४ डिसेम्बर सन् १९९३ कुन्हु वयक:या नेतृत्वय् दुगु नेपाल कम्युनिष्ट पार्टी व नेपाल कम्युनिष्ट पार्टी (एमाले) या दथुइ एकीकरण जुइधुकाः नेपाल कम्युनिष्ट पार्टी (एमाले) स्थायी समितिया सदस्य व केन्द्रीय समितिया सदस्य । राष्ट्रिय व अन्तराष्ट्रिय गोष्ठी,सभाय् उपस्थिति

**जेल यात्राः–**

- सन् १९४७ : भारतया स्वतन्त्रता दिवस कुन्हु यलय् जूगु जुलुसया नेतृत्व याःगु वापत जेल चलान । जेलय् दुने नं स्वयंसेवकतय्गु संगठन दयेकाः जेल सफा यायेगु अभियान ।
- सन् १९५० : वि.सं. २००७ सालय् नेपाःया हित विपरित दिल्लीइ जुइत्यंगु सम्झौताया विरोध याःगुलिं मोतीहारी व भागलपुरय् च्याला तक कष्टकर जेल जीवन
- वि.सं. २०१७ सालय् गण्डकी सम्झौताया विरोध याःगुलिं १५ न्हु तक जेल सजाय
- सन् १९७९ : १३ न्हु जेल सजाय
- वि.सं. २०४६ सालया जन-आन्दोलनया झ्वलय् ५ ला तक जेलय्

**भूमिगत राजनीतिक जीवनः–**

- सन् १९५१-१९५४ : सन् १९५१ निसें नेपाल कम्युनिष्ट पार्टी प्रतिबन्ध जुइधुंकाः भूमिगत जुयाः यक्व ज्याझ्वलय् ब्वति कयादीगु
- वि.सं. २०१७ : जुजु महेन्द्रं सत्ता कायेधुंकाः १८ दं तक भारतय् निर्वासित जीवन

**सर्वस्वहरणः–**

- राणाकालय् २ क्वः सर्वस्वहरण
- सन् १९६० : पंचायती सरकारं छक्वः सर्वस्वहरण

**विदेश भ्रमणः-**

भारत, तत्कालीन सोभियत संघ, हंगेरी, चेकोस्लाभाकिया, मंगोलिया, पोल्याण्ड, पूर्वी जर्मनी, उत्तर कोरिया, चीन, ।

**प्रकाशन तथा कृति :–**

- तमाम पार्टी कार्यकर्ताहरुमा नेपाल कम्युनिष्ट पार्टीको अपील वि.सं. २०१८
- राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रम २०१९

- नेपाल कम्युनिष्ट पार्टीको विधान तेश्रो महाधिवेशनबाट पारित वि.सं. २०१९
- कुन बाटो वि.सं. २०२२
- नेपाल कम्युनिष्ट पार्टीहरुमा देखा परेका मतभेदहरु
- लेनिन
- शुक्रराज शास्त्री
- संगठनात्मक समस्या
- कम्युनिष्ट पार्टीको घोषणापत्रः लेखक-कार्ल मार्क्स र फ्रेडेरिक एंगेल्स (तुल्सी लाल अमात्यद्वारा अनुवाद)
- नेपाल भारत सम्बन्ध
- समाज विकासको नियममा क्रियाशिल चेतन शक्तिको स्थान
- नक्कली क्रान्तिकारीहरु माओवादी हुन् या सी. आई. ए. को जाल
- राजनीतिक प्रस्ताव
- अफगानिस्तानको नयाँ जनवादी अप्रिल क्रान्तिको सम्बन्धमा
- सोभियत संघको विरोध कसको सेवामा
- Anti Soviet Compaign to whom it served
- धर्मको मर्म र श्री कृष्ण वि.सं. २०४१
- बुद्ध, बुद्धत्व र बुद्ध दर्शन वि.सं. २०४३
- मानव र मानवअधिकार
- प्रगतिशील नेपाल मजदुर संघको प्रस्तावना र विधान
- नेपालको स्वतन्त्र आर्थिक विकासको बाटो के हो ? वि.सं. २०४७ साउन
- जनवादी राष्ट्रिय प्रजातन्त्र वि.सं. २०४७ पौष
- नेपालको भावी संविधान कस्तो हुनुपर्छ ? वि.सं. २०४७
- वि.सं. २०४७ पौष १६ गते देखि १८ गते सम्म भएको राष्ट्रिय सम्मेलनमा प्रस्तुत गरेका राजनैतिक प्रस्ताव वि.सं. २०४७
- नेपाल कम्युनिष्ट पार्टी (अमात्य) को घोषणापत्र वि.सं. २०४८

**मञ्जुश्री -अंग्रेजीमा**

- भव्य नेपालको निर्माण गरौं। जनवादी राष्ट्रिय प्रजातन्त्र
- स्थापना गरौं वि.सं. २०४८ फागुन

- विं.सं. २०४९ चैत्र २३ गतेका दिन पेश गरिएको राजनीतिक प्रतिवेदन वि.सं. २०४९
- संस्मरणका पानाहरु वि.सं. २०६२

**तुल्सी लाल स्मृति प्रतिष्ठानपाखें पिहांवःगु थीथी सफू मालाः मालाः ब्वनेनु**

१. तमाम पार्टी कार्यकर्ताहरुमा नेपाल कम्युनिष्ट पार्टीको अपिल– अपिलकर्ता कमरेड तुल्सी लाल अमात्य

२. तृतीय महाधिवेशनको राजनीतिक प्रस्ताव नेपाल कम्युनिष्ट पार्टी– प्रस्तोता कमरेड तुल्सी लाल अमात्य

३. नेपालको भावी संविधान कस्तो हुनुपर्छ– सुझावकर्ता नेकपाको पार्टी महासचिव कमरेड तुल्सी लाल अमात्य

४. संस्मरणका पानाहरु– लेखक स्वयंम् जननायक तुल्सी लाल अमात्य

५. अविश्रान्त राजनायक– तुल्सी लाल अमात्य

(विभिन्न राष्ट्रिय ब्यक्तित्वहरुद्वारा तुल्सी लाल अमात्यको निधन पछि अभिब्यक्त गरिएका श्रद्धापूर्ण संस्मरण लेखहरुको संगालोः बुधवार साप्ताहिकका लागि अविर प्रकासन प्रा.लि. बागबजार-वितरण तुल्सी लाल स्मृति प्रतिष्ठान

६. तुल्सी लाल स्मृति प्रतिष्ठान– वि.सं. २०५४ को संक्षिप्त परिचय ( नेपाली र अंग्रेजीमा)

७. बुद्ध बुद्धत्व र बुद्ध दर्शन - तुल्सीलाल अमात्य - दोस्रो संस्करण वि.स. २०७८

८. तुल्सीलाल अमात्य : एक आदर्श ब्यक्तित्व (पहिलो संस्करण) वि.सं. २०७६ पुरुषोतम न्यौपाने